# जन सवाल

www.janasawal.com

JANASAWAL NATIONAL DAILY

राष्ट्रिय दैनिक








वर्ष १८, अंक १५, २०८१ भदौ २१ गते शुक्रबार (नेपाल संवत ११४४) (Friday, 6 September, 2024) मूल्य रू. ५/- पृष्ठ ८


# प्रधानमन्त्रीको पहिलो विदेश भ्रमण अमेरिकाबाट

## मन्त्रिपरिषदद्वारा भ्रमण कार्यतालिका स्वीकृत, पलेशाको पुरस्कारमा कर छुट

काठमाडौं (जस)-चौथो कार्यकालको प्रधानमन्त्री पद सम्हाल्दै आएका केपी शर्मा ओलीले आफ्नो पहिलो विदेश भ्रमण अमेरिकाबाट गर्ने भएका छन् । यसअघि भारत, थाइल्याण्ड जस्ता देशमा उनी जाने चर्चा भएपनि विभिन्न कारणले नभएपछि अमेरिका भ्रमण गर्ने निश्चित भएको हो । बिहीबार बसेको मन्त्रिपरिषद्को बैठकले प्रधानमन्त्रीको अमेरिका भ्रमणको कार्यतालिका स्वीकृत गरेको सञ्चारमन्त्री पृथ्वीसुब्बा गुरुङले पुष्टि गरे । संयुक्त राष्ट्र संघको महासभामा भाग लिन प्रधानमन्त्री जाने तय भएको र यो नै उनको चौथो कार्यकालको पहिलो विदेश भ्रमण हुने बैठकपछि उनले जानकारी दिए ।

निर्णयअनुसार ओली ११ दिन

इ-पेपर हेर्नका लागि



अमेरिकामा बस्नेछन् । ओली असोज ५ गते त्यसतर्फ प्रस्थान गर्नेछन् भने असोज १५ गते स्वदेश फर्किने कार्यक्रम छ । राष्ट्रसंघको महासभा सेप्टेम्बर १० देखि २८ सम्म न्यूयोर्कमा हुँदैछ । त्यस्तै, समिट अफ द फ्युचर २२-२३ सेप्टेम्बरमा हुने तय भएको छ । प्रधानमन्त्री ओलीले संयुक्त राष्ट्रसंघको महासभा र समिट अफ द फ्युचरलाई नेपालका तर्फबाट सम्बोधन गर्ने कार्यक्रम रहेको छ ।

प्रधानमन्त्रीको भ्रमण टोलीमा परराष्ट्रमन्त्री आरजु देउवा राणा, प्रधानमन्त्री पत्नी राधिका शाक्य, प्रधानमन्त्रीका प्रमुख सल्लाहकार विष्णु रिमाल, परराष्ट्र सचिव सेवा लम्साल, यूएन तथा अन्तर्राष्ट्रिय संस्थाहरुको महाशाखा प्रमुख अमृतकुमार राई, निजी चिकित्सकलगायत छन् । ओलीले प्रधानमन्त्रीका रुपमा २०७५ असोजमा पनि राष्ट्रसंघ महासभालाई सम्बोधन गरेका थिए । पछिल्लो पटक गएको ३० असारमा ओली प्रधानमन्त्री नियुक्त भएका थिए । यसैगरी मन्त्रिपरिषद् बैठकबाट सरकारले पारा ओलम्पिकमा कांस्य पदक विजेता पलेशा गोबर्धनले पाउने पुरस्कारमा कर छुट दिने निर्णय गरेको छ । पेरिसमा भएको पाराओलम्पिक्समा के ४४ क्याटगोरी अन्तरगत महिला ५७ केजीमुनि प्रतिस्पर्धा गरेकी पलेशाले कांस्य पदक जितेकी थिइन् । यो नै नेपाली खेलाडीहरुले ओलम्पिकमा जितेको पहिलो पदक हो । खेलकुद कार्यविधिअनुसार पलेशाले पुरस्कार स्वरुप ६५ लाख रुपैयाँ पाउँछिन् । सो पुरस्कार पाउँदा कर तिर्नुपर्ने भएपनि अब सरकारको निर्णयअनुसार उनले पुरै रकम पाउने भएकी छन् । यसअघि बुधबार नै प्रधानमन्त्रीले उनलाई पुरस्कार रकममा छुट दिने घोषणा गरेका थिए । यसैगरी सरकारले किसानको उधारो तिर्न सरकारले दुग्ध विकास संस्थान लाई ६० करोड रुपैयाँ ऋण दिएको छ । मन्त्रिपरिषद् बैठकले दुग्ध किसानहरूको बक्यौता रकम तिर्नका लागि सर्तसहित ६० करोड रुपैयाँ ऋण दिने प्रस्ताव स्वीकृत गरेको हो । कृषि तथा पशुपक्षी विकास मन्त्री रामनाथ अधिकारीले दूध किसानहरूको बाँकी रकम दशैंअघि नै भुक्तानी गर्ने प्रतिबद्धता जनाउँदै आएका थिए ।

चालु आर्थिक वर्षका लागि डीडीसीको नाममा ऋण लगानी अन्तर्गत १ करोड रुपैयाँ बजेट व्यवस्था भएकोमा कृषि मन्त्रालयमा विनियोजित रकमबाट थप ५९ करोड रुपैयाँ रकमान्तर गरी कुल ६० करोड ऋण लगानी गर्ने गरी मन्त्रिपरिषद्मा प्रस्ताव पेस भएको थियो । अब यो रकमबाट डीडीसीले तत्कालका लागि किसानहरूलाई दूधको बाँकी रकम भुक्तानी दिनुपर्नेछ । यस्तै बैठकले नेपाल टेलिकमको प्रबन्ध निर्देशकमा संगीता पहाडीलाई नियुक्त गर्ने, रेडियो नेपालमा अमरध्वज लामालाई नियुक्त गर्नेलगायतका निर्णय पनि गरेको छ । लोकसेवा आयोगका अध्यक्ष माधवप्रसाद बाँकी पृष्ठ २ मा

# नदी किनारका जग्गा विवाद

## सरकार भ्याकेटमा जानु उचित : प्रचण्ड



काठमाडौं (जस)-सरकारले काठमाडौंको नदी किनाराका जग्गाका सम्बन्धमा देखिएको समस्या समाधान गर्न पहल थालेको छ । सर्वोच्च अदालतको फैसलापछि काठमाडौं महानगरपालिकाले नदी किनारको थप २० मिटर क्षेत्रभित्र संरचना बनाउन नपाउने भनी गरेको निर्णयबारे विवाद उत्पन्न भइरहेको बेला सरकारले अध्ययन कार्यदल गठन गरेको हो ।

सहरी विकास मन्त्रालयका सहसचिव पदमकुमार मैनालीको संयोजकत्वमा बनेको कार्यदललाई भदौ २५ भित्र प्रतिवेदन बुझाउन कार्यादेश दिइएको छ । कार्यदलमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सदस्य तथा सहसचिव यज्ञप्रसाद भट्टराई, वन तथा वातावरण मन्त्रालयका सहसचिव मेघनाथ काफ्ले, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयका सहसचिव शिवप्रसाद रेग्मी, महानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत प्रदीप परियार, ललितपुर महानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत रेखा दास श्रेष्ठ, काठमाडौं उपत्यका विकास प्राधिकरणका नायब विकास आयुक्त नवराज प्याकुरेलसहित ८ जना छन् । कार्यदलले काठमाडौं उपत्यकाको बागमती र यसका सहायक नदी किनारमा थप २० मिटरभित्र संरचना बनाउन नपाइने सर्वोच्च अदालतको फैसलाबारे समग्र पक्षमा अध्ययन गरेर प्रतिवेदन दिनेछ । २०६५ मंसिर १ को मन्त्रिपरिषद् बैठकले वाग्मती, विष्णुमती र मनोहरा किनारका २० मिटर क्षेत्रभित्र संरचना बनाउन नपाइने निर्णय गरेको थियो । तर सर्वोच्च अदालतले गत पुस ३ मा परमादेश जारी गर्दै थप २० मिटरसहित नदी किनारका ४० मिटर क्षेत्रसम्म संरचना बनाउन नपाइने भनेको थियो । परमादेशको पूर्णपाठ सार्वजनिक भएसँगै काठमाडौं महानगरले त्यसलाई कार्यान्वयनमा लैजान गत साउन ३० मा सार्वजनिक सूचना जारी गरेको थियो । सो निर्णयको नेकपा एमालेले चर्को विरोध गर्दै आएको छ भने उक्त फैसला पुनरवालोकन हुनुपर्ने पक्षमा एमाले देखिएको छ ।

एमालेको काठमाडौं जिल्ला कमिटीले यसबारे महानगरका मेयर बालेन शाहलाई ज्ञापनपत्र नै बुझाइसकेको छ । यस विषयमा एमाले र बालेनबीच आरोप प्रत्यारोप समेत देखिएको छ । यसैबीच बुधबार सम्पन्न एमाले पोलिटब्युरो बैठकले समेत सर्वोच्चको फैसला पुनरवलोकनमा जान सरकारलाई सुझाव दिएको छ । बैठकबाट एमालेले पारित गरेको समसामयिक प्रस्तावको बुँदा नम्बर ८ मा भनिएको छ, 'सर्वोच्च अदालतको २०८० पुस ३ गतेको परमादेशले काठमाडौं उपत्यकाभित्रका बाँकी पृष्ठ २ मा

# असोज ७ देखि चाडपर्वलक्षित सहुलियत पसल




काठमाडौं(जस)-नेपालीहरुको घर आँगनमा छिट्टै चाडपर्व भित्रिँदै छ । दशैं नजिकिँदै गर्दा व्यापारी-व्यवसायीहरुले सामग्रीहरुको भण्डार बढाउँदै लगेका छन् । यस्तै चाडपर्वको बेला उपभोक्ताको हितलाई लक्षित गर्दै विभिन्न निकायले बजार अनुगमनका योजनाहरु बनाउन थालेका छन् । यता नजिकिँदो चाडपर्वलाई मध्यनजर गर्दै सरकार पनि आवश्यक तयारीमा जुटेको छ । सरकारले चाडवाडको समयमा उपभोक्तालाई खाद्यादेखि विभिन्न सामान खरिदमा सहुलियत दिनका लागि यस वर्षका लागि पनि तयारी अगाडि बढाएको छ ।

चाडपर्वलाई लक्षित गर्दै सरकारले असोज ७ गतेदेखि सहुलियत पसल सञ्चालन गर्ने भएको छ । खाद्य व्यवस्था तथा व्यापार कम्पनीले असोज ७ देखि सहुलियत पसल सञ्चालन गर्ने निर्णय भएको जनाएको छ । चाडपर्वका बेला व्यापारीले बजारमा मनपरी रुपमा भाउ नबढाउन् भनेर सरकारले सहुलियत पसल सञ्चालन गर्दै आएको छ । अघिल्ला वर्ष जस्तै यसपालि पनि खाद्य व्यवस्था तथा व्यापार कम्पनी, साल्ट ट्रेडिङ र दुग्ध विकास संथानले सहुलियत पसल सञ्चालन गर्न आवश्यक तयारी अगाडि बढाएका छन् ।

खाद्य व्यवस्था तथा व्यापार कम्पनीले असोज ७ देखि फागु पूर्णिमासम्म छुटसहितको सहुलियत पसल सञ्चालन गर्ने तयारी गरेको छ । सहुलियत पसलमा खाद्यान्नमा प्रति किलो रुपैयाँसम्म र खसीबोकामा प्रतिकिलो १० रुपैयाँ छुट दिने निर्णय भएको कम्पनीमा प्रमुख कार्यकारी अधिकृत रमेश आचार्यले जानकारी दिएका छन् । त्यस्तै दुग्धजन्य पदार्थमा ७ रुपैयाँसम्म छुट बाँकी पृष्ठ २ मा

# एआइजी ज्ञवालीसहितको मुद्दामा सर्वोच्चले दिएन अन्तरिम आदेश



काठमाडौं (जस)-प्रहरी नियमावली २०७१ को अनुसार ३० वर्षे सेवा अवधि कामय नगर्न माग गर्दै प्रहरी उच्च अधिकारीले दायर गरेको रिट सर्वोच्चले अन्तरिम आदेश जारी गर्न अस्वीकार गरेको छ । न्यायाधीश सपना प्रधान मल्ल र कुमार चुडालको संयुक्त इजलासले ३० वर्षे अवधि कार्यान्वयन नगर्न माग गरेको रिटमा अन्तरिम आदेश अस्वीकार गरेको हो । एआइजी श्याम ज्ञवाली, डिआइजीहरू यज्ञविनोद पोखरेल, राजेशनाथ बाँस्तोला, केदार ढकाल र प्रहरी निरीक्षक नागेन्द्र ठाकुरले संयुक्त रुपमा दायर गरेका थिए । २१ जना अधिकृतहरुको रिटमा न्यायाधीश हरि फुयालको एकल इजलासले प्रहरी नियमावलीको व्यवस्था कार्यान्वयन नगर्न अन्तरिम आदेश दिए पनि संयुक्त इजलासले त्यसलाई उल्ट्याएको छ । जसका कारण भदौ १६ गते एकै पटक सय बढी प्रहरी अधिकृतहरु सेवा निवृत्त भएका छन् । पाँच अधिकारीको रिटमा न्यायाधीश मल्ल र चुडालको इजलासले रिटलाई अग्राधिकार दिँदै कारण देखाउ आदेश जारी गरेको छ । एआईजी ज्ञवाली यही भदौ २६ गते उमेर हदका कारण अनिवार्य अवकाशमा बाँकी पृष्ठ २ मा

# 'निजामती सेवा ऐन जतिसक्दो चाँडो ल्याउन पहल गर्छु'



काठमाडौं (जस)-नेपाल सरकारका मुख्यसचिव एकनारायण अर्यालले निजामती सेवा ऐन जतिसक्दो चाँडो ल्याउने तयारी भइरहेको बताएका छन् । एक्काइसौं निजामती सेवा दिवसको अवसरमा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयद्वारा आयोजित 'व्यावसायिक र सिर्जनशील प्रशासन: विकास समृद्धि र सुशासन एवं सङ्घीयतामा प्रशासन व्यवस्थापन' विषयक अन्तरक्रियामा मुख्यसचिव अर्यालले पछिल्लो समय निजामती क्षेत्रमा देखिएका समग्र समस्या समाधानका लागि पनि जतिसक्दो चाँडो निजामती ऐन ल्याउन पहल गर्ने प्रतिबद्धता व्यक्त गरे । "कर्मचारीको वृद्धि विकास, कर्मचारी वा निजामती क्षेत्रका धैरै विषयलाई सम्बोधन गर्ने गरी निजामती सेवा ऐन ल्याउने तयारी भइरहेको छ, जनतालाई सुविधा हुने र प्रत्यक्ष परिणाम आउने गरी काम गर्न सबै निजामती कर्मचारीलाई अनुरोध गर्दछु", उनले भने । निजामती सेवा विधेयक अहिले राज्य व्यवस्था तथा सुशासन समितिमा छलफलको क्रममा छ । प्रशासनिक क्षेत्रमा सुधारका सम्भावना हुँदाहुँदै पनि कतिपय काम गर्न नसकिएको स्वीकार गर्दै मुख्यसचिव अर्यालले भने, "केही गर्न नसकेको यर्थात् हो, तर यसको मतलब निजामती कर्मचारीले केही पनि गरेकै छैनन् भन्ने होइन ।" ऐन ल्याएपछि कर्मचारी समायोजन लगायतका समस्या पनि समाधान हुने उनको भनाइ छ । प्रशासनिक सङ्घीयता नहुँदा सेवा प्रवाहमा धैरै नै असर परेको मुख्यसचिव अर्यालको बुझाइ छ । "स्थानीय तहका वडा कार्यालयमा जन्मदर्ता गर्न वा कर बुझाउन जाँदा पनि समस्या भएको छ, किनभने सङ्घीय निजामती ऐनसँग स्थानीय तहको सम्बन्ध छ", उनले भने । स्थानीय, प्रदेश र सङ्घीय सरकारबीच समन्वय गर्ने कुरा संविधानमा नै व्यवस्था गरिएको उल्लेख गर्दै उनले त्यसलाई कार्यान्वयन गर्ने जिम्मेवारी प्रशासन क्षेत्रको नै भएको बताए ।

पूर्वसचिव मधुरमण अर्यालले कार्यपत्र प्रस्तुत गर्दै मुलुकमा सङ्घीयता आएपछि निर्वाचित संस्थामा समावेशी प्रतिनिधित्व, प्रदेश र स्थानीय तहमा एकतिहाइ बजेट, प्रदेश र स्थानीय तहको कानुन निर्माणमा उल्लेख्य प्रगति, प्रदेश र स्थानीय तहले योजना, बजेट र कार्यक्रम तर्जुमा गरेर लागू गर्ने, कर्मचारी व्यवस्थामा क्रमिक सुधार हुनुका साथै स्थानीय तहमा सेवा प्रवाहमा उल्लेख्य सुधार भएको उनले उल्लेख गरे । बाँकी पृष्ठ २ मा

# प्रोफेसर मोहम्मद रमजान अली मियाँको पुस्तक 'नमाज' विमोचन

## प्रोफेसर मियाँमा अदभुत लेखकीय क्षमता : राष्ट्रिय सभा अध्यक्ष दाहाल



काठमाडौं (जस)-प्रोफेसर मोहम्मद रमजान अली मियाँको पुस्तक 'नमाज' विमोचित भएको छ । मङगलबार एक समारोहकाबीच राष्ट्रिय सभाका अध्यक्ष नारायण दाहालले 'नमाज'पुस्तकको लोर्कापण गरेका हुन । पुस्तक लोकार्पण गर्दै अध्यक्ष दाहालले उक्त पुस्तक मुस्लिम धर्मावलम्बीहरुका लागि धेरै नै उपयोगी रहेको बताए । लेखक मियासँग आफ्नो पुरानो सम्वन्ध रहेको र उनमा सानैदेखि अदभुत लेखकीय क्षमता रहेको अध्यक्ष दाहालले बताए । मुस्लिम धर्मावलम्बीहरुको नमाज परम्परामा आधारित रहेर यसअघि पनि पुस्तक लेखिसकेका कृतिकार मियाले यस पटकको कृतिमा भने नमाजबारे विस्तृत जानकारी समेटेका छन । कार्यक्रममा कतारका सफल नेपाली व्यवसायी तथा एनआरएनए अभियन्ता आरके शर्माले लेखक मियाँले कतारमा रहेर कतारको कानुन सम्वन्धी पुस्तक लेखिसकेको र उनमा लेखकीय क्षमता धेरै रहेको बताए । कतारमा रहेर कतार र नेपालको सम्वन्ध विस्तार तथा कतारमा रहेका नेपाली श्रमिकहरुको कानुनी र भाषिक सहजताका लागि धेरै काम गरेको बताउदै शर्माले मियाँको नयाँ कृति सफलताको कामना गरे ।

सानै उमेरदेखि नै लेख्न र पढ्न रुचाउने अलिको यो ४० औ कृति हो । २० बर्षको उमेरमै पहिलो कृतिको रुपमा आठ खण्डमा आधारित खुत्बात ए अली मियाँ नामक पुस्तक करीब ६००० पृष्ठको उर्दुमा प्रकाशित गरेका उनको उक्त पुस्तकको २५ औं संस्करण प्रकाशित भैसकेको छ ।

उर्दु, अरबी, अंग्रेजी र नेपाली गरि रमजानका हाल सम्म ४० वटा कृतिहरु प्रकाशित भैसकेका छन । उर्दु साहित्य, इस्लाम दर्शन, इतिहास, अरबी अनुवाद, अनुभव तथा विवेचना उनको लेखन रुची हो । अहिले पनि उनका दर्जनौ पुस्तक प्रकाशनको पाइपलाइनमा रहेका छन् । खाडी मुलुक कतारलाई कर्मथलो बनाएका मीया अहिले कतार फाउन्डेसन, यु एस इन्टर ग्लोबल युनिभर्सिटी लगायत विभिन्न शैक्षिक केन्द्रको परियोजनामा गैह्र अरबी भाषीलाई अरबी भाषा पढाउने र असिस्टेन्ट प्रोफेसरको रुपमा कार्यरत छन ।

उनी अहिले राष्ट्रिय मानव अधिकार आयोग कतारमा नेपाल संयोजक भएर काम गरिरहेका छन । रमजान बाबु लाई नेपाल मै पहिलो जमियत ओलमा अवार्ड जुन १५५०१ रुपैयाँ धनराशि र प्रमाण पत्र सहित रहेको छ । जमीयत ओलमा अवार्ड प्राप्त गर्ने मियाँ पहिलो व्यक्ति हुन । यसै वर्ष बाट मुस्लिम विद्वानहरुको ठूलो संस्था जमीयत ओलमा ए नेपालले यो अवार्ड प्रदान गर्न निर्णय गरेको हो ।

# बोर्डको सीइओमा जोशी नियुक्त



काठमाडौं(जस)-नेपाल पर्यटन बोर्डको प्रमुख कार्यकारी अधिकृत (सीइओ)मा दीपकराज जोशी नियुक्त भएका छन् । बोर्डको बिहीबार बसेको सञ्चालक समितिको बैठकले जोशीलाई आगामी चार वर्षका लागि सीइओमा नियुक्त गरेको बोर्डका वरिष्ठ निर्देशक तथा प्रवक्ता नन्दिनी लाहे थापाले जानकारी दिइन । जोशी यसअघि पनि बोर्डको सीइओ भइसकेका छन् । उनले सन् २०१५-२०२० सम्म बोर्डको सीइओका रुपमा काम गरिसकेका छन् । यसअघि बोर्डको कार्यकारी प्रमुख छनोटका लागि गठन भएको उपसमितिले जोशीसहित तीन जनाको नाम सिफारिस गरेको थियो । उपसमितिले बोर्डका पूर्व सीइओ धनञ्जय रेग्मी र ज्ञानेश्वर सिंह महतोको नाम पनि सिफारिस गरेको थियो । नियुक्त भइसकेपछि रासससँग संक्षिप्त प्रतिक्रिया दिँदै आफूले फेरि पनि बोर्डको नेतृत्व सम्हाल्ने जिम्मेवारी पाएको बताए । बाँकी पृष्ठ २ मा




# संविधानविपरित अभिव्यक्ति दिने नेताहरुको भण्डाफोर गर्न प्रचण्डको आव्हान

काठमाडौं(जस)-नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले सत्तारुढ दलका नेताहरुले दिइरहेको संविधानविपरितका अभिव्यक्तिहरुको भण्डाफोर गर्न कार्यकर्तालाई आव्हान गरेका छन्। शहिदद्वय शेरमान कुँवर 'विशाल' र मोहनचन्द्र गौतम 'कुमार'को स्मृतिमा पार्टी केन्द्रीय कार्यालय पेरिसडाँडामा आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै उनले त्यस्तो आह्वान गरेका हुन्। शहिदकै बलिदानका कारण प्राप्त राजनीतिक उपलब्धि उपभोग गरेर बलिदानीपूर्ण संघर्षमाथि नै धावा बोल्ने छूट कसैलाई नभएको उल्लेख गर्दै उनले यस्ता प्रवृत्तिको भण्डाफोर गर्नुपर्ने बताए।

जनयुद्धलाई 'हिंसा'को रुपमा ब्याख्या गरिएकोतर्फ इंगित गर्दै अध्यक्ष प्रचण्डले भने- 'जनयुद्धलाई संविधानले सशस्त्र संघर्ष भनेको छ तर संविधानको ब्याख्यात्मक टिप्पणीमा स्पष्टसँगै सशस्त्र संघर्ष भनेर माओवादी जनयुद्धलाई बुझाउने छ भनेर लेखिएको छ, त्यसमा सबै दलहरुले हस्ताक्षर गरेका छन्। तर अहिले कतिपय सत्तारुढ दलका नेताहरुले जनयुद्धलाई हिंसा, हत्या, आतंक थियो भन्ने दुस्सास गर्ने गरेका छन्, संविधानविपरीत बोल्ने नेताहरुको भण्डाफोर गर्नुपर्छ। संविधानमा भएको यथार्थलाई जोडदाररुपमा जनतामा लैजानुपर्छ।'

प्रधानमन्त्रीमै बसेका नेताले आफूले गरेको ठगी, बेइमानी र जालजेझलाई 'प्रचण्डलाई राउण्ड किक हानेको' भनेर पनि बोलेको आफूले सुनेको उल्लेख गर्दै उनले भने, 'अब जनताको राउण्ड किक कस्तो हुन्छ, तिनले देख्नेछन्।' जनयुद्धका महान सहिदलाई सम्मान गर्ने सवालमा पार्टीले निरन्तर काम गरिरहेको पनि अध्यक्ष प्रचण्डले स्पष्ट गरे। पटकपटक शहिद घोषणा गरे पनि राजपत्रमा प्रकाशित नभएका कारण जनयुद्धका शहिदले राष्ट्रिय सहिदको मान्यता पाउन नसकलकोले पछिल्लोपटक आफू प्रधानमन्त्री भएको बेलामा पुराना निर्णयहरु खोजेर सहिदको नामावली राजपत्रमा प्रकाशित गरिएको र अब जनयुद्धका सहिदले राष्ट्रिय सहिदको मान्यता प्राप्त गरेको जानकारी गराउँदै उनले भने, 'यो हामी सबैका लागि खुशी र गर्वको विषय हो। छुटेकालाई पनि केन्द्रित गर्ने प्रक्रिया त्यसमा बाँकी राखिएको छ।'

त्यस्तै जनयुद्ध थालनी भएको दिन फागुन १ गतेको जनयुद्ध दिवसलाई राष्ट्रिय दिवसको रुपमा मनाउने मन्त्रिपरिषद्बाट निर्णय गरिएको भए पनि शान्ति प्रक्रिया अझै नटुंगिएको भनेर अदालतबाट रोकिएको प्रसंग उल्लेख गर्दै अध्यक्ष प्रचण्डले अब टिआरसी विधेयक पारित भएपछि जनयुद्धलाई राष्ट्रिय दिवसको रुपमा स्थापित गर्न रोक्न नहुने र त्यसका लागि अदालतले पुनर्विचार गर्ने आफूले विश्वास लिएको बताए। जनयुद्धका महान सहिदहरुलाई पार्टी र सरकारले गरेको यो सम्मानलाई जनस्तरसम्म बुझाउनुपर्ने उल्लेख गर्दै उनले नेता कार्यकर्ताहरुलाई यसमा ध्यान दिन आग्रह गरे। आफूले गरेका राम्रा कामको अपनत्व र स्वामित्व लिन आग्रह गर्दै उनले संगठन बनाउने र कमजोरी सच्याउने अवसर प्राप्त भएको पनि बताए। परिवर्तनका विरुद्ध गर्न खोजिएको ज्यादति र अपमानविरुद्ध संघर्ष गर्न पनि उनले कार्यकर्तालाई निर्देशन दिए। पार्टीले सबै सहिदको एकैसाथ सम्झना गर्न जनयुद्धकालदेखि नै हरेक वर्ष फागुन १४ देखि २१ गतेसम्म सहिद सप्ताह मनाउने गरेको भए पनि शान्ति प्रक्रियापछि सहिदका फरक फरक स्मृति दिवस र प्रतिष्ठान बनाउने क्रम चलेकाले यसमा सच्याएर जाने उनले स्पष्ट गरे। अध्यक्ष प्रचण्डले अहिले आफूहरु पार्टी पुनर्निर्माणको प्रक्रियामा भएकाले आगामी केन्द्रीय समिति बैठबाट सहिदको स्मृति दिवसबारे एकरुपता कायम गर्ने गरी नीगितरुपमा व्यवस्था गरिने जानकारी दिए।

# लैंगिक समानताका लागि कानूनी व्यवस्था मात्र पर्याप्त छैन : उपप्रधानमन्त्री सिंह

काठमाडौं(जस)-उपप्रधान एवं शहरी विकास मन्त्री प्रकाशमान सिंहले लैंगिक समानताका लागि कानूनी व्यवस्था मात्र पर्याप्त नहुने बताएका छन्। लैङ्गिक समावेशीकरण सम्बन्धी तीन दिने अन्तर्राष्ट्रिय सम्मेलन समापन समारोहलाई सम्बोधन गर्दै उपप्रधानमन्त्री सिंहले लैंगिक समानताका लगि हरेक व्यक्तिले आफ्नो व्यवहार परिवर्तन गर्नुपर्ने बताए।

'लैङ्गिक समानताका लागि कानूनी व्यवस्था मात्र पर्याप्त हुँदैन। हरेक व्यक्तिले आफ्नो व्यवहार परिवर्तन गरी महिला सशक्तीकरण तथा लैङ्गिक मूलप्रवाहीकरणका लागि कार्य गर्नुपर्ने हुँदा यस प्रकारको अन्तर ाष्ट्रिय सम्मेलनले व्यवहारमा परिवर्तन ल्याउन भूमिका खेल्नेछ भन्ने मैले विश्वास लिएको छु' उपप्रधानमन्त्री सिंहले भने, 'सम्मेलनबाट लैङ्गिक रुपमा समावेशीकरणका लागि सम्बन्धित देशहरुका मानव अधिकार संस्थाहरुमा रहेका प्रणालीगत बाधाहरू पहिचान गरी त्यसलाई सम्बोधन गर्ने लक्ष्य पूरा भएको छ भन्ने मलाई लागेको छ। यसप्रकारका सम्मेलनले लैङ्गिकताको क्षेत्रमा कार्य गर्न ती देशका सरकारी, गैरसकारी, नीजिक्षेत्र तथा नागरिक समाजलाई समेत सहायता पुग्ने छ।'

नेपालको संविधानको मौलिक हक अर्न्तगत धारा १८ ले समानताको हकको प्रत्याभूति गरेको भन्दै उनले संविधानले नै लिङ्ग, जाति, भाषा र अन्य कारणबाट कसैलाई पनि विभेद गर्न नपाइने गरी अधिकारको सुनिश्तिता गरेको बताए। नेपालमा महिला, पिछडिएका वर्ग, सीमान्तकृत समुदायहरुको सरकारमा प्रतिनिधित्व सुनिश्चित गर्न कानूनमा नै उल्लेख गरिएको र प्रतिनिधिसभामा महिलाहरुको सहभागिता कम्तिमा पनि ३३ प्रतिशत हुनुपर्ने कानूनी व्यवस्था अन्तर्राष्ट्रिय क्षेत्रमै उदाहरणीय भएको उपप्रधानमन्त्री सिंहको भनाई थियो।

'लैङ्गिक समानता कायम गर्न नेपालमा विद्यमान पितृसतात्मक समाजमा भएका हानिकारक अभ्यासलाई न्यूनीकरण गर्दै सामाजिक तथा साँस्कृतिक रुपमा रहेका राम्रा अभ्यासलाई निरन्तरता दिन आवश्यक रहेको छ,' उनले भने, 'लैङ्गिक समावेशीकरणको विषय अक्षरश: व्यवहारमा समेत लागू गर्न मानव अधिकारकर्मी, नागरिक समाज र पत्रकारहरुले निरन्तर रुपमा वकालत गर्दै र सरकारलाई झक्झक्याइ रहन आवश्यक छ। जसवाट सरकारलाई नीति तथा कार्यक्रम बनाउन र आवश्यक कानून निर्माण सँगसँगै परिमार्जन गर्न समेत मद्दत पुग्छ।' नेपालको राष्ट्रिय मानव अधिकार आयोगले आयोजना गरेको राष्ट्रिय मानव अधिकार संस्थाहरुमा लैङ्गिक समावेशीकरण सम्बन्धी अन्तर ाष्ट्रिय सम्मेलनमा नेपाललगायत एशिया प्रशान्त क्षेत्रका १९ देशहरुका मानव अधिकार संस्थाहरुका प्रतिनिधि तथा नेपालका नागरिक समाजका प्रतिनिधिहरुको सहभागिता थियो।

# अस्पतालले समय दिन नसक्दा बीमा प्रभावकारी बनाउन समस्या : स्वास्थ्य मन्त्री पौडेल

काठमाडौं(जस)-स्वास्थ्य तथा जनसंख्यामन्त्री प्रदीप पौडेलले सरुवा तथा महामारीजन्य रोग नियन्त्रण गर्न सबै मिलेर अघि बढ्नुपर्ने बताएका छन्। प्रतिनिधिसभा अन्तर्गतका शिक्षो, स्वास्थ्य तथा सूचना प्रविधि समितिको बिहीबार बसेको बैठकमा मन्त्री पौडेलले भने, 'सरुवा तथा महामारीजन्य रोगमा सावधानी अपनाउनु पर्ने अहिलेको चुनौती छ। डेङ्गु ७५ जिल्लामा फैलिसकेको अवस्था छ। नियन्त्रण गर्न सबै मिलेर अघि बढ्नु पर्छ।' समितिमा स्वास्थ्य र जनसंख्या व्यवस्थापनसम्बन्धी विद्यमान अवस्था र मन्त्रालयबाट भए गरेका काम कारबाही, समस्या तथा चुनौती र भावी कार्यदिशाका सम्बन्धमा बैठकमा छलफल भएको थियो। उनले अस्पताल सेवा दुई सिफ्टलाई प्रभावकारी रुपमा लैजाने काम भइरहेको र साधनस्रोत भएको खण्डमा तीन सिफ्ट सञ्चालन गर्न सकिने बताए। मन्त्री पौडेलले भने, 'स्वास्थ्य बीमा कार्यक्रम प्रभावकारी बन्न नसक्नुमा अस्पतालले समयमा भुक्तानी दिन नसक्नु हो। त्यस बाहेक अरु पनि समस्या छन्। यसमा पनि व्यवस्थित बनाउनु पर्नेछ।'

त्यस अवसरमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका सचिव रोशन पोखरेलले महामारी नियन्त्रण गर्न बहुक्षेत्रीय समन्वय आवश्यक रहेको बताए। समितिका सांसदहरुले अस्पतालका फार्मेसीमा औषधि नपाइने, अस्पतालभित्रको फोहर व्यवस्थापन नभएको, स्वास्थ्य बीमाको व्यवस्था झण्झटिलो भएको, पोषण परिपूरक जथाभावी बिक्री वितरण भएको, स्वास्थ्यकर्मीलाई प्रोत्साहन गर्नुपर्ने, बजेटको राम्रो व्यवस्थापन हुनुपर्नेलगायत बारेमा ध्यानाकर्षण गराए।

# निर्मला प्रकरणको सुक्ष्म रुपमा अनुसन्धान हुन्छ : गृहमन्त्री लेखक

काठमाडौं(जस)-गृहमन्त्री रमेश लेखकले निर्मला पन्त हत्या प्रकरणको सुक्ष्म रुपमा अनुसन्धान हुने बताएका छन। बिहिबार महेन्द्रनगरमा प्रेस युनियन कञ्चनपुरले आयोजना गरेको पत्रकार सम्ममेलनमा बोल्दै उनले निर्मला पन्त हत्या प्रकरणलाई गम्भीरताका साथ लिएको बताए। "यो प्रकरण मैले गमभीरताका साथ लिएको छु यो घटनाको सुक्ष्म ढंगले अनुसन्धान हुन्छ।" उनले भने।

त्यसैगरि पत्रकार सम्मेलनमा उहाँले कञ्चनपुरको दोधारा चाँदनीलाई देशको सबैभन्दा ठुलो नाकाका रुपमा विकास गर्ने बताए। "कञ्चनपुरलाई त्रिदेशीय नाका बनाउने कुरा अघि बढिसकेको छ।" उनले भने, "निकट भविष्यमा नै दार्चुलाको तिंङ्करमा अध्यागमन कार्यालय स्थापना गर्ने तयारीमा निर्णय भएको छ यसले चीनसंग जोड्छ।" उनले दोधारा चाँदनी सुख्खा बन्दरगाह निमार्ण गर्न छिमेकी मुलुक भारत तयार रहेको बताए। "दुईतीन महिनाभित्रै सुख्खा बन्दरगाह निमार्णका लागि भारतले टेन्डर आह्वान गर्छ।" गृहमन्त्री लेखकले भने, "छिट्टै सुख्खा बन्दरगाहको काम अघि बढ्ने छ।" पत्रकार सम्मेलनमा उहाँले संसदमा भएका दुई ठुला दलहरु बीच सहमति भएर नयाँ राजनितिक समीकरण बनेकोले बताउँदै सहमति कार्यान्वयनमा शंका नगर्न आग्रह गुरे। "दुई दल बिच सात वुँदे सहमति भएर सरकार निमार्ण भएको छ।" उनले भने, "यो गठबन्धन आगामी चुनावसम्मै जान्छ यसमा ढुक्क हुनुस।" भ्रमणमा गृहजिल्ला पुगेका मन्त्री लेखकले कञ्चनपुरमा दुईवटा प्रहरीका भवन उद्घाटन गरेका छन्। त्यसैगरि उनले बाढी प्रभावित क्षेत्रको स्थलगत अवलोकन गरेका छन्।

# 'आवधिक निर्वाचन लोकतन्त्रको आधार स्तम्भ'

काठमाडौं(जस)-राष्ट्रपति रामचन्द्र पौडेलसँग दक्षिण एसियाली मुलुकका निर्वाचन निकायहरुको साझा मञ्चको १२औं सम्मेलनमा सहभागिता हुन नेपाल आएका मञ्चका सदस्य मुलुकहरुका प्रमुख निर्वाचन आयुक्तहरूले शिष्टाचार भेट गरेका छन्। भेटमा राष्ट्रपति पौडेलले आवधिक निर्वाचन लोकतन्त्रको आधार स्तम्भ भएको बताउँदै राष्ट्रपति पौडेलले राज्यमाथि जनताको पहुँच र स्वामित्व यसैबाट स्थापित हुने स्पष्ट पारे। उनले राज्यमाथि जनताको पहुँच र स्वामित्व स्थापित गर्नका लागि निर्वाचन स्वच्छ निष्पक्ष र धाँधलीरहित हुनुपर्ने उनको भनाइ छ। राष्ट्रपति पौडेलले सम्मेलनले दक्षिण एशियाका मुलुकहरूमा हुने निर्वाचनलाई व्यवस्थित गर्दै अझ स्वतन्त्र, निष्पक्ष र भयरहित बनाउन सहयोगी सिद्धहोस् भन्ने शुभकामना दिए। 'समग्र दक्षिण एशिया क्षेत्रमा स्वच्छ, पारदर्शी र विश्वसनीय निर्वाचन प्रणालीको माध्यमद्वारा लोकतन्त्रको प्रवर्द्धन र सुदृढीकरणका लागि यस संस्थामार्फत यहाँहरुको अमूल्य योगदान निरन्तररुपमा रहनेमा म विश्वस्त छु', राष्ट्रपतिको भनाईलाई उद्धृत गर्दै उनको सचिवालयले जानकारी दियो।

# 'प्रचण्डले देशलाई श्रीलंका र बंगलादेशको बाटोमा डोर्याउने अभिव्यक्ति दिदैछन्'

काठमाडौं(जस)-नेकपा एमालेका महासचिव शंकर पोखरेलले सत्ताबाहिर पुगेपछि पुष्पकमल दाहाल प्रचण्डले देशलाई श्रीलंका र बंगलादेशको बाटोमा डोहोर्याउने गरी अलोकतान्त्रिक अभिव्यक्ति दिइरहेको आरोप लगाएका छन्। विहिबार प्रेस चौतारी नेपाल कर्णाली प्रदेशले सुर्खेत विमानस्थलमा आयोजना गरेको पत्रकार सम्मेलनमा महासचिव पोखरेलले प्रचण्डलाई यस्तो आरोप लगाएका हुन्। उनले भने- 'माओवादी अध्यक्ष प्रचण्डको अतिवादी दृष्टिकोणबाट अनेक खाले अस्थिरता मच्याउने काम भइरहेको छ। प्रतिपक्ष दलका नेता प्रचण्डको असंसदीय राजनीतिका कारण संसदभित्र किचलो भएको छ। प्रतिपक्ष दलको नेताले श्रीलङ्का र बङ्गलादेशको उदाहरण दिन हुन्थेन। त्यो लोकतान्त्रिक हुन सक्दैन।'

महासचिव पोखरेलले आफूहरूको आशय दुई दलीय व्यवस्था नभई फरक विचारका दुई दल भए पुग्छ भन्ने रहेको स्पष्ट गरे। उनले भने- 'मैले दुई दलीय प्रणालीको कुरा गरेको छैन मुलुकको स्थायित्व र विकासका लागि दुई दल भए पुग्छ भनेको हो। अमेरिकामा सयौं वर्षदेखि दुई दलबीच प्रतिस्पर्धा भइरहेको छ। संसद्को जननी बेलायतमा अरु दल खोल्न नपाइने हो र ? तर, दुई दलबीच नै प्रतिस्पर्धा चलिरहेकै छ। नेपालमा जनमत विभाजित भयो भन्ने प्रश्नसहित धेरै दल होइन बलिया दुई दल भए पुग्छ भनेको हो।

# रिक्त एक हजार नौ सय दरबन्दी छिट्टै पूरा गर्छौं : मुख्यमन्त्री आचार्य

अर्घाखाँची(जस)-लुम्बिनी प्रदेश सरकारका मुख्यमन्त्री चेतनारायण आचार्यले सरकारी कार्यालयबाट हुने सेवा प्रवाहलाइ छिटो, छरितो र सेवाग्राहीमुखी बनाउन छिट्टै विभिन्न तहमा एक हजार नौ सय कर्मचारीका लागि विज्ञापन गरिने बताएका छन्। सङ्घीय सरकारले हस्तान्तरण गरेको स्वीकृति दरबन्दीअनुसार लुम्बिनी प्रदेश सरकार मातहत रहेका कार्यालयमा चार हजार ७८ कर्मचारीको दरबन्दी रहेकोमा हाल दुई हजार एक सय ७८ कर्मचारी मात्र कार्यरत रहेको र रिक्त रहेका एक हजार नौ सय कर्मचारीको पदमा अब छिट्टै लोकसेवा आयोगमार्फत विज्ञापन खोलिने बताए।

गृह जिल्ला अर्घाखाँचीमा आएका मुख्यमन्त्री आचार्यले सन्धिखर्क नगरपालिकामा आयोजित स्वागत तथा अन्तरक्रिया कार्यक्रममा स्थानीय कर्मचारी ऐन र प्रदेश कर्मचारी ऐन यसै वर्षबाट लागू हुने बताए। कर्मचारी ऐन लागू हुन नसक्दा कर्मचारीमा निराशा छाएको भन्दै यसवर्ष स्थानीय कर्मचारी ऐन र प्रदेश कर्मचारी ऐन पारित भएपछि कर्मचारीको मनोबल वृद्धि हुने बताउनुभएको छ।

मुख्यमन्त्री आचार्यलाई सन्धिखर्क नगरपालिकाका नगरप्रमुख कृष्णप्रसाद श्रेष्ठले गोरुसिङ्गे-सन्धिखर्क सडकखण्डमा पर्याप्त बजेट नभएको, बजेट परेर पनि अर्घा भगवती विमानस्थलको काम अघिल्लो वर्ष हुन नसकेको, सालझण्डी-सन्धिखर्क-ढोरपाटन सडकमा पर्याप्त बजेट नहुँदा कामले गति लिन नसकेकोलागयतका योजनाबारे ध्यानाकर्षण गराए। मुख्यमन्त्री आचार्यले राखेका योजनामा सङ्घीय सरकारसँग समन्वय गरेर काम अगाडि बढाउन र पर्याप्त बजेटका लागि पहल गर्ने प्रतिबद्धता जाहेर गरे।

सुशासन र पारदर्शितामा अगाडि बढ्न आफू प्रतिबद्ध भएर लागेको बताउँदै सबै योजनाका काम गुणस्तरीय रुपमा समयमै सम्पन्न गर्न निर्माण व्यवसायीलाई निर्देशन दिनुभयो। उहाँले प्रदेश मातहतका सबै कार्यालय र प्रदेश सरकारबाट प्राप्त भएका तर नगरपालिकाले कार्यान्वयन गर्ने बजेटमा पनि सबै काम प्रतिस्पर्धाबाट गर्न पत्राचार गरिएको बताए। नाम उपभोक्ता समितिको देखाउने तर काम निर्माण व्यवसायीलाई गराउने र बीचमा हुने चलखेल रोक्न सबै काम प्रतिस्पर्धाबाट गर्ने प्रदेश सरकारले निर्णय गरेको बताए।

लुम्बिनी प्रदेश सरकारले सबै सांसद र दलका नेतालाई राखेर सर्वसहमत रुपमा बजेट ल्याएको बताउँदै रातो किताबमा आएको बजेट कुनै पनि हालतमा फेर बदल नहुने जानकारी दिनुभयो। उहाँले आफू अर्थमन्त्री हुँदा संसद्मा प्रतिनिधित्व गर्ने सबै दलको अपनत्व हने गरी ल्याएको बताउँदै अर्को पुरक बजेट नआउने बताए। उहाँले बजेट पारित भएर कार्यान्वयनको दिशामा अगाडि बढेको जानकारी दिए। आर्थिक पारदर्शिता कायम गर्न लुम्बिनी प्रदेशका मन्त्रीहरुले खर्च विवरण सार्वजनिक गर्नुपर्नेलगायतका महत्वपूर्ण विषय समावेश गरेर आचारसंहिता लागू गरिएको बताए।

प्रदेश राजधानी बाहिर भ्रमणमा जाँदा मुख्यमन्त्रीबाट भ्रमणको पूर्वस्वीकृति लिएर मात्र जानुपर्ने, जिल्ला भ्रमणमा जाँदा आन्तरिक मामिला तथा कानुन मन्त्रालयमार्फत सम्बन्धित जिल्ला प्रशासन कार्यालयलाई भ्रमण कार्यक्रमबारे अग्रीम जानकारी गराउनुपर्ने, भ्रमण टोली सानो र भ्रमण खर्च मितव्ययी हुनुपर्ने, अनावश्यक र औचित्यहीन भ्रमण कार्यक्रममा संलग्न हुन नहुने, एक जिल्लामा एक पटकमा दुई दिनभन्दा बढी नबस्ने गरी व्यवस्था मिलाउनुपर्ने र उपलब्ध भएसम्म सरकारी अतिथि गृहको प्रयोग गर्नुपर्ने आचारसंहितामा उल्लेख जानकारी दिए।

# चाइना साउदर्न एयरलाइन्सको भैरहवा र पोखरामा उडान भर्न चासो

काठमाडौं(जस)-संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री बद्रीप्रसाद पाण्डे र चाइना साउदर्न एयरलाइन्सका प्रतिनिधिबीच भैरहवा र पोखरा अन्तर्राष्ट्रिय विमानस्थलमा हवाई उडान भर्ने विषयमा छलफल भएको छ। चाइना साउदर्न एयरलाइन्सका प्रतिनिधिले बिहीबार मन्त्री पाण्डेसमक्ष सिंहदरबारमा भेट गरी पोखरा र भैरहवामा उडान भर्न आफूहरु उत्साहित रहेको बताएको पर्यटन मन्त्रालयले जनाएको छ। ४० वटाभन्दा बढी मुलुकमा सेवा दिँदै आएको चीनको प्रमुख एयरलाइन्समध्येको चाइना साउदर्न एयरलाइन्सले नेपालमा समेत आफ्नो सेवा सञ्चालन गरिरहेको छ। चीनको ग्वाङ्जाओबाट हाल काठमाडौँमा नियमित रूपमा उडान भर्दै आएको उक्त एयरलाइन्सले पोखरा र भैरहवा उडानका लागि मन्त्री पाण्डेले नीतिगत रूपमा गरेको सुधारको प्रशंसा गरेको थियो। चाइना साउदर्न एयरलाइन्सले पोखरा र भैरहवास्थित अन्तर्राष्ट्रिय विमानस्थलमा उडान भर्ने कुराको स्वागत गर्दै मन्त्री पाण्डेले भने, "तपाईंहरू पर्यटकीय राजधानी पोखरा र भगवान् गौतम बुद्धको जन्मस्थल भैरहवा उडान भर्नेमा स्वागत गर्न चाहन्छु। यसले द्विपक्षीय हित आपसी सम्बन्ध विस्तारमा समेत फाइदा पुग्नेछ।" मन्त्री पाण्डेले चाइना साउदर्नको नियमित उडानले नेपाल र चीन दुवै मुलुकलाई फाइदा पुग्ने विश्वास व्यक्त गरे। मन्त्री पाण्डेले नेपाल एयरलाइन्सले चाइना साउथ एयरलाइन्सबाट हवाई सुरक्षाबारे लाभ लिनेसमेत प्रस्ट पार्नुभयो। साथै मन्त्री पाण्डेले हवाई उडानका क्रममा नेपाली पक्षबाट केही कमजोरी भएको भए पनि सो बारेमा आफूलाई जानकारी गराउन अनुरोध गरेको थियो। त्यसैगरी, द्विपक्षीय हित र आपसी सम्बन्ध थप सुदृढ पार्न हवाई क्षेत्रले प्रभावकारी भूमिका निर्वाह गर्नेसमेत बताएका छन्।चाइना साउदर्न एयरलाइन्सले पोखरा र भैरहवास्थित अन्तर्राष्ट्रिय विमानस्थलमा उडान भर्ने कुराको स्वागत गर्दै मन्त्री पाण्डेले भने, "तपाईंहरू पर्यटकीय राजधानी पोखरा र भगवान् गौतम बुद्धको जन्मस्थल भैरहवा उडान भर्नेमा स्वागत गर्न चाहन्छु। यसले द्विपक्षीय हित आपसी सम्बन्ध विस्तारमा समेत फाइदा पुग्नेछ।"

## असोज...

दिइने भएको छ। आचार्यका अनुसार कम्पनीले देशका विभिन्न स्थानमा ६१ वटा सहुलियत पसल सञ्चालन गर्नेछ। कम्पनीले असोज ७ देखि फागु पूर्णिमासम्म करिब ५० क्विन्टल खाद्यान बिक्री गर्ने लक्ष्य राखेको छ। यसपालिको दशैंमा कम्पनीले १५ सय खसीबोका र ३०० वटा च्याङ्ग्रा बिक्रीमा राख्ने तयारी गरेको छ। पोहोर खसीबोका बेच्न समस्या भएका कारण यसपालि संख्या घटाउन लागिएको बताइएको छ। ग्राहकले सबै प्रकारका चामलमा प्रतिकिलो ५ रुपैयाँ छुट पाउने भएका छन्। कर्णालीको रैथाने चामलमा ७ रुपैयाँ छुट हुने जनाइएको छ। तेलमा प्रतिलिटर ७ रुपैयाँ, दालमा प्रतिकिलो ५ रुपैयाँ, कर्णालीको दाल र सिमीमा प्रतिकिलो ७ रुपैयाँ, गेडागुडीमा प्रतिकिलो ७ रुपैयाँ र घ्यूमा प्रतिकिलो ७ रुपैयाँ छुट दिने निर्णय भएको जनाइएको छ। यस्तै उपभोक्ताले चिनीमा ५ रुपैयाँ छुट पाउने भएका छन्। गत वर्ष साल्ट ट्रेडिङसँग पर्याप्त चिनी नभएको कारण देखाएर ग्राहकलाई छुट दिइएको थिएन। चाडपर्व लक्षित सहुलियत पसलका लागि सरकारले तीन करोड रुपैयाँ बजेट छुट्याएको जनाइएको छ।

## प्रधानमन्त्रीको...

रेग्मीको अध्यक्षतामा मङ्गलबार सिंहदरबारमा बसेको बढुवा सिफारिस समितिको बैठकले प्रशासनतर्फ रिक्त सचिव पदमा बढुवाका लागि डा. कमल प्रसाद पोखरेल, गोविन्द कार्की र महादेव पन्थको नाम सिफारिस गरेको थियो। जसमा सरकारले सहसचिव गोविन्द कार्कीलाई सचिवमा बढुवा गरेको हो। मन्त्रालयका सहसचिव बाबुराम भण्डारीको अध्यक्षतामा गठित समितिले रेडियो नेपालमा लामासहित अनिता गुरुङ र दीपक ज्ञवालीको नाम सिफारिस गरेको थियो। सिफारिस भएकामध्येबाट लामालाई नियुक्त गरेको हो। लामाले रेडियो नेपालमा २५ वर्ष सेवा गरेर स्वैच्छिक अवकाश लिएका थिए। साढे २ वर्षअघि बरिष्ठ कार्यक्रम अधिकृतबाट अनिवार्य अवकाश लिएका थिए।

## नदी...

नदी, सहायक नदी र खोला लगायतका तटीय क्षेत्रमा नक्सा पास गरी वैध संरचना बनाएर बसोवास गरिरहेका र व्यवसाय सञ्चालन गरिरहेका हजारौं परिवारहरू प्रभावित हुने, कतिपय धार्मिक( सांस्कृतिक-सामाजिक संरचनाहरू समेत हटाउनु पर्ने जटिल स्थिति देखा परेको छ। मुआब्जा दिएर ती संरचना खाली गराउन पनि वर्तमान अवस्थामा सम्भव देखिँदैन। यो बैठक सर्वोच्च अदालतको उक्त परमादेशका दूरगामी र जटिल असरलाई ध्यानमा राख्दै यसको पुनरावलोकनका लागि आवश्यक कानुनी प्रबन्धका निम्ति सरकारको ध्यानाकर्षण गर्दछ।' यसैगरी माओवादी केन्द्रका अध्यक्ष प्रचण्डले यसबारे धारणा केन्द्रीय समितिको बैठकपछि तय गर्ने तय गर्ने बताएका छन्। तर, यसमा सर्वदलीय सहमति होस् भन्ने आफूले चाहेको उनको भनाइ छ। नदी किनाराका जग्गाका सम्बन्धमा देखिएको समस्या समधानका लागि पहलको आग्रहसहित भेटघाटका लागि आएको सर्वदलीय प्रतिनिधिमण्डलसँग कुरा गर्दै उनले यो निर्णय कार्यान्वयनमा समस्या देखिएकाले सरकार अदालतमा भ्याकेटमा जाँदा ठिकै हुने उल्लेख गर्दै यसबारे पार्टीको धारणा बैठकपछि नै तय हुने बताए। सर्वदलीय भेटमा सहभागीहरुले नदी किनाराका जग्गा छाड्नुपर्ने अदालतको फैसलापछि काठमाडौंमा ठूलो समस्या सुरु भएको बताएका थिए। अदालतको आदेशअनुसार काठमाडौंको नदी, खोला र राजकुलो समेत दायाँबायाँ २०र२० मिटर छाड्नुपर्दा दशौं हजार घरपरिवार बिस्थापित हुने र पशुपति नाथ मन्दिर पनि सार्नुपर्ने अवस्था आउने बताए। काठमाडौं महानगरपालिका प्रमुखले कार्यान्वयन गर्ने एकल निर्णय गरेपछि थप समस्या आएको भन्दै उनीहरुले यो फैसला कार्यान्वयन भएमा आर्थिक रूपमा अराजकता पैदा हुने बताए।

आफूहरुले प्रधानमन्त्री केपी शर्मा ओलीसँग भेट गरेर भ्याकेटमा जान सुझाव दिएको र नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवासँग भेट गरिसकेको जानकारी गराउँदै प्रतिनिधिमण्डलका सदस्यहरुले प्रमुख प्रतिपक्ष दलका नेता र पाटी अध्यक्षको रुपमा प्रचण्डलाई भेट्न आएको बताएका थिए। प्रतिनिधिमण्डलमा नेकपा एमालेका नेता राजन भट्टराई, काठमाडौं महानगरपालिकामा पूर्वप्रमुख विद्यासुन्दर शाक्यलगायतको सहभागिता रहेको थियो।

## निजामति...

लोक सेवा आयोगका पूर्वअध्यक्ष उमेश मैनालीले नेपाल सरकारका सचिवले सङ्घीयताबारे नकारात्मक टिका-टिप्पणी राख्न जरुरी नभएको बताए। सङ्घीयता कार्यान्वयन गर्ने सवालमा राजनीतिक दल वा दलका नेताभन्दा पनि निजामती कर्मचारीको मुख्य भूमिका हुने उनको भनाइ छ। नेपाल उद्योग वाणिज्य महासङ्घका अध्यक्ष चन्द्रप्रसाद ढकालले सरकारी कार्यालयमा कर्मचारीको अभाव र छिटो सरुवा हुने भएका कारण निजी क्षेत्रलाई कम्पनी दर्तालगायतका काम गर्न समस्या भएको बताए।

## एआइजि...

जाँदैछन्। यस्तै डीआईजीहरू डीआईजीहरू यज्ञविनोद पोखरेल, राजेशनाथ बास्तोला, केदार ढकाल पनि ३० वर्ष सेवा अवधि नपुग्दै अवकाश हुँदैछन्। यसअघि सर्वोच्चले नै ३० वर्ष सेवा अवधिका कारण हुने अवकाश रोक्न पनि अस्वीकार गरेको थियो। सुरुमा एकल इजलासले ३० वर्ष हटाउन अन्तरिम आदेश दिए पनि पछि संयुक्त इजलासले त्यसललाई बदर गरेको थियो।

## बोर्डको...

"परिस्थितीको प्रतिकुलता, स्रोतको शिथिलता र आफूप्रतिको पर्यटन क्षेत्रको अपेक्षाका बीचमा प्रतिफल देखाउनुपर्ने दायित्व छ", उनले भने, "यो चुनौती पनि हो र मेरा लागि प्रेरणा पनि हो।"

नेपाल सरकार
उद्योग बाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**कम्पनीको दर्ता खारेजी गरिएको सूचना**
यस कार्यालयमा मिति २०७९/०४/१८ मा दर्ता भएको प्रा.लि.नं.२९५२७६को **जे. जे. कन्सल्टेन्सी प्रा. लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८१/०५/१९को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ बमोजिम खारेजी गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ।

नेपाल सरकार
उद्योग बाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**कम्पनीको दर्ता खारेजी गरिएको सूचना**
यस कार्यालयमा मिति २०७२/०४/१४ मा दर्ता भएको प्रा.लि.नं.१३७५२२को **अर्थ वेल्स नेपाल प्रा. लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८१/०५/२०को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६को उपदफा(१) बमोजिम खारेजी गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ।

नेपाल सरकार
उद्योग बाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**हकदावी गर्न आउने बारेको सूचना**
यस कार्यालयमा मिति २०७१/०२/०५ मा दर्ता भएको प्रा.लि.नं.१२२६६२को **नेपाल टुरीष्ट ट्रान्सपोर्ट प्रा. लि.** नामक कम्पनीले दर्ता खारेजी गरिपाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हकदावीको लागि ३५ दिन भित्र यस कार्यालयमा दावी गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। तोकिएको म्याद भित्र हकदावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ।

नेपाल सरकार
उद्योग बाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**कम्पनीको दर्ता खारेजी गरिएको सूचना**
यस कार्यालयमा मिति २०७३/०२/०२ मा दर्ता भएको प्रा.लि.नं.१४९२८१को **ट्रेण्डाटो क्लाउड सर्भिसेज प्रा. लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८१/०५/२०को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६बमोजिम खारेजी गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ।

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**
दोस्रो पटक प्रकाशित मिति : २०८१/०५/२१
यस कम्पनीको सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम तथा कम्पनी रजिष्ट्रार कार्यालयबाट मिति २०८१/०५/१२ मा स्वीकृती प्राप्त भई साविक कम्पनी **स्वर्णिम एकेडेमी प्रा. लि.**(प्रा.लि.नं.९५०८५)कोनाममा रहेको सम्पूर्ण चल अचल सम्पत्तितथा तिर्नु व्यहोर्नु पर्ने ऋण धन, कर दायित्व आदि परिवर्तित नामको **ग्यूनिक मोडेल टेक्निकल कलेज प्रा. लि.** अंग्रेजीमा **Unique Model Technical College Pvt. Ltd.** ले सकार्ने व्यहोर्ने गरी कम्पनीको नाम परिवर्तन गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ।

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**
दोस्रो पटक प्रकाशित मिति : २०८१/०५/२१
यस कम्पनीको सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम तथा कम्पनी रजिष्ट्रार कार्यालयबाट मिति २०८१/०५/०९ मा स्वीकृती प्राप्त भई साविक कम्पनी **बिजनेश रेजीम प्रा. लि.**(प्रा.लि.नं.१२९११६)कोनाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने ऋण धन, कर दायित्व आदि परिवर्तित नामको **कामख्या एग्रो भेन्चर्स प्रा. लि.** अंग्रेजीमा **Kamakhya Agro Ventures Pvt. Ltd.** ले सकार्ने व्यहोर्ने गरी कम्पनीको नाम परिवर्तन गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ। *प्रथम पटक प्रकाशित सूचनामा बिजनेश रेजीम हुनुपर्नेमा अन्यथा हुनगएको जानकारी गराईन्छ।*

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**
दोस्रो पटक प्रकाशित मिति : २०८१/०५/२१
यस कम्पनीको सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम तथा कम्पनी रजिष्ट्रार कार्यालयबाट मिति २०८१/०५/१२ मा स्वीकृती प्राप्त भई साविक कम्पनी **न्यूज इन्कर्पोरेटेड प्रा. लि.**(प्रा.लि.नं.१२४४६१)कोनाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने ऋण धन, कर दायित्व आदि परिवर्तित नामको **अर्थिङ नेपाल् प्रा. लि.** अंग्रेजीमा **Earthing Nepal Pvt. Ltd.** ले सकार्ने व्यहोर्ने गरी कम्पनीको नाम परिवर्तन गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ।

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**
तेस्रो पटक प्रकाशित मिति : २०८१/०५/२१
यस कम्पनीको सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम तथा कम्पनी रजिष्ट्रार कार्यालयबाट मिति २०८१/०५/१७ मा स्वीकृती प्राप्त भई साविक कम्पनी **एच. बि. एस. ग्लोबल रिक्रुटमेन्ट प्रा. लि.**(प्रा.लि.नं.३२४७४५)कोनाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने ऋण धन, कर दायित्व आदि परिवर्तित नामको **ग्लोबल रिक्रुट एक्सपर्टस् प्रा. लि.** अंग्रेजीमा **Global Recruit Experts Pvt. Ltd.** ले सकार्ने व्यहोर्ने गरी कम्पनीको नाम परिवर्तन गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ।

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**
प्रथम पटक प्रकाशित मिति : २०८१/०५/२१
यस कम्पनीको सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम तथा कम्पनी रजिष्ट्रार कार्यालयबाट मिति २०८१/०५/१९ मा स्वीकृती प्राप्त भई साविक कम्पनी **फलो टु वएर प्रा. लि.**(प्रा.लि.नं.२६९९९९)को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने ऋण धन, कर दायित्व आदि परिवर्तित नामको **याक एण्ड यति सोलुसन्स प्रा. लि.** अंग्रेजीमा **Yak and Yeti Solutions Pvt. Ltd.** ले सकार्ने व्यहोर्ने गरी कम्पनीको नाम परिवर्तन गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ।

# पशुपतिमा तीजको तयारी पूरा



काठमाडौं(जस)-यस वर्षको हरितालिका तीजका अवसरमा पशुपतिनाथको दर्शन गर्न आउने भक्तजनका लागि पशुपति क्षेत्रमा सबै तयारी पूरा भएको पशुपति क्षेत्र विकास कोषले जनाएको छ । कोषले बिहीबार पत्रकार सम्मेलनको आयोजना गर्दै हरितालिका तिजको अवसरमा पशुपति दर्शन गर्न आउने दर्शनार्थिहरुको लागि सबै तयारी पुरा भएको जानकारी गराएको हो ।

पहिलो लाम गुह्येश्वरी-गौरीघाट-उमाकुण्ड-दक्षिणामूर्ति-रुद्रगाडेश्वर-वासुकी हुँदै उत्तर ढोकाबाट, दोस्रो लाम जयवागेश्वरी-भुवनेश्वरी-शङ्कराचार्य मठ हुँदै फलामेपुल-पश्चिम सानो ढोकाबाट मन्दिर प्राङ्गण प्रवेश गर्ने व्यवस्था मिलाइएको कोषका सदस्यसचिव मिलनकुमार थापाले जानकारी दिए ।

यसैगरी तेस्रो लाम पिङ्गलास्थान-वनकाली-चार शिवालय हुँदै पञ्चदेवल पूर्व-बज्रघर-दक्षिण ढोकाबाट, चौथो लाम बत्तीसपुतली-गौशालातर्फबाट पिङ्गलास्थान-वनकाली-चार शिवालय हुँदै पञ्चदेवल पूर्व-बज्रघर-दक्षिण ढोकाबाट मन्दिर प्राङ्गण प्रवेश गर्ने व्यवस्था मिलाइएको छ । दर्शनार्थीले छिटोभन्दा छिटो दर्शन गरी फर्कन सक्ने गरि बिहान ३ बजेदेखि नै पशुपतिनाथको मन्दिका चारवटै ढोका खोल्ने व्यवस्था मिलाइएको बताइएको छ ।

मेलामा चोरि र लुटपातको घट्नाहरु हुन नदिन कोषले महिला दिदिबहिनिहरुलाई बहुमुल्य गरगहना लगाएर नआउन र सकेसम्म ससाना कलबालिका साथमा लिएर नआउन अनुरोध गरेको छ । नेपाल प्रहरीसँगको समन्वयमा पशुपति क्षेत्रमा तीज पर्वलाई ध्यान दिंदै बिहीबारदेखि सुरक्षा व्यवस्था कडा पारिएको कोषले जनाइको छ ।

पशुपतिमा दर्शन गर्न आउने भक्तजनको सवारी पार्किङका लागि गुह्येश्वरीपारि, सिफलचौर, तिलगङ्गाको खाली स्थान, कोषको कार्यालय परिसर र गौशालास्थित महानगरीय ट्राफिक प्रहरी प्रभागको कार्यालयमा व्यवस्था गरिएको छ । सरकारी नम्बर प्लेटका सवारीलाई कोष कार्यालय र सुरक्षा निकायलाई प्रहरी प्रभाग एवं अन्यत्रका स्थलमा बाँकी सवारी पार्किङ गर्ने प्रबन्ध गरिएको छ । जुत्ता-चप्पल राख्ने व्यवस्थाका लागि वरुणधारा, कैलाशडाँडामुनि, कोषको कार्यालय, भुवनेश्वरी, वाग्मतीपारि राममन्दिरको मुनि लगायत स्थान छुट्याइएको छ । नाचगान एवं भक्ति सङ्गीत प्रस्तुतिका लागि हंशमण्डप, वनकाली, गौशाला, जयवागेश्वरी, मित्रपार्क तोकिएको छ ।

# नवनिर्मित संसद भवनको निरीक्षणमा सभामुख, काम नसकिएकोमा चिन्ता



काठमाडौं(जस)-प्रतिनिधि सभाका सभामुख देवराज घिमिरेले सिंहदरवारस्थित निर्माणाधीन संसद भवनको निरीक्षण गरेका छन् । बिहीबार दिउँसो सभामुखले पुतली बगैंचामा निर्माणाधीन संसद् भवनको अवलोकन गरेका हुन् । भवन अवलोकनपछि सञ्चारकर्मीहरुसँग कुराकानी गर्दै सभामुख घिमिरेले छिटो भवन निर्माणको काम सकाएर नयाँ भवनबाट संसदको कामहरु गर्ने तिव्र इच्छा भएपनि प्रतिकुलताका कारण निर्माण कामहरु गर्न एकदमै गार्हो भइरहेको बताए । उनले अब पूर्ण रुपमा भवन निर्माण सम्पन्न गर्न अझै डेढ वर्ष लाग्ने देखिएको चिन्ता व्यक्त गरे ।

उनले भने,'छिटो सकाएर संसदको कामहरु भवनबाट छिटो गतिविध गर्न पाए हुन्थ्यो भन्ने इच्छा छ । तर प्रतिकुलताहरु धेरै भएको कारण निर्माणको जिम्मा लगाएको टिमहरुले कामहरु गर्न एकदमै गाऱ्हो भइरहेको छ । काम गर्न लाग्दा लाग्दै पनि चाहिएको मेनपावरदेखि लिएर अन्य कुरा जुटाउन सकिरहनुभएको छैन् । चैत्र २० भनेको अब सात महिना छ । त्यस समयभित्र बाहिरको भौतिक पूर्वाधारसम्म बनाइए पनि व्यवहारिक रुपमा अझै डेढ वर्षभन्दा अगाडि कार्यक्रमहरु गर्न नसक्ने हो कि भन्ने चिन्ता छ ।'

# ४२ वर्ष लामो सैनिक सेवापछि प्रधानसेनापति शर्माको औपचारिक बिदाइ



काठमाडौं(जस)-नेपाली सेनाका प्रधानसेनापति प्रभुराम शर्माले यही भदौ २४ गतेदेखि अनिवार्य अवकाश प्राप्त गर्दैछन् । उनी करिब ४२ वर्ष लामो अनवरत सैनिक सेवा एवं प्रधानसेनापतिको तीन वर्षे कार्यकाल सम्पन्न गरी अवकाश हुन लागेका हुन् । प्रधानसेनापति शर्माको सम्मानमा बुधबार जङ्गी अड्डामा विशेष समारोहका बीच बिदाइ कार्यक्रम सम्पन्न गरेको छ । कार्यक्रममा रक्षा सचिव रामेश्वर दंगालले नेपाली सेनाको संस्थागत सुदृढीकरण, आधुनिकीकरण र व्यावसायिक क्षमता वृद्धिका लागि प्रधानसेनापति शर्माले पुऱ्याएको योगदान चिरकालपर्यन्त स्मरणीय रहने बताए । साथै उनले प्रधानसेनापति शर्माको बौद्धिक व्यक्तित्व, रणनीतिक सुझबुझ र नेतृत्व कौशलबाट आफू प्रभावित रहेको उल्लेख गरे ।

मन्तव्यकै क्रममा सचिव दंगालले नयाँ प्रधानसेनापतिको रूपमा कार्यभार सम्हाल्न लागेका कायममुकायम प्रधान सेनापति अशोकराज सिग्देललाई बधाई ज्ञापन गर्दै रक्षा मन्त्रालय र नेपाली सेनाबीच रहिआएको सौहार्दपूर्ण सम्बन्धलाई आगामी दिनमा थप सुदृढ र नतिजामुखी बनाउन आफ्नो तर्फबाट सक्दो सहयोग गर्ने बताए । कामु प्रधानसेनापति सिग्देलले महारथी शर्माको सन्तुलित जीवन तथा शालीन शैली, जटिल परिस्थितिहरूको वस्तुपरक ढङ्गबाट सामना गर्न सक्ने क्षमताबाट आफू ज्यादै प्रभावित भएको बताए । उनले नेपाली सेनाको साख तथा प्रतिष्ठालाई थप उचाइमा पुऱ्याउन महारथी शर्माले प्रदर्शन गरेको दृढता र समर्पण भाव नेपाली सेनाको इतिहासमा सदैव जीवन्त रहने बताए ।

प्रधानसेनापति शर्माले नेपाली सेनामा नेतृत्व परिवर्तन नियमित प्रक्रिया रहेको उल्लेख गर्दै आफ्नो कार्यकालमा भएका दीर्घकालीन योजनाहरूको कार्यान्वयन तथा अन्य साङ्गठनिक उपलब्धिहरू सम्पूर्ण सकलदर्जाको सामूहिक प्रयासबाट सम्भव भएको बताए । उनले आफ्नो कार्यकालमा भएका संस्थागत सुदृढीकरण एवं विविध सकारात्मक प्रयासहरूमा निरन्तर साथ, सहयोग र रचनात्मक सुझाव प्रदान गर्नु हुने रक्षा मन्त्रालयलगायत सम्बद्ध सबैमा कृतज्ञता व्यक्त गरे ।

कार्यक्रममा प्रधानसेनापति शर्माले नेपाली सेनालाई सम्झनास्वरूप उपहार प्रदान गरेका थिए भने नेपाली सेनाको तर्फबाट प्रधानसेनापतिलाई कामु प्रधानसेनापति सिग्देलले सम्झना स्वरूप उपहार प्रदान गरेका थिए । त्यसैगरी सशस्त्र प्रहरी बल नेपालका महानिरीक्षक राजु अर्याल, नेपाल प्रहरीका अतिरिक्त महानिरीक्षक टेकप्रसाद राई र राष्ट्रिय अनुसन्धान विभागका मुख्य अनुसन्धान निर्देशक हुतराज थापाले प्रधानसेनापति शर्मालाई सम्झना स्वरूप मउपहार प्रदान गरेका थिए । यस्तै सैनिक श्रीमती संघकी अध्यक्ष तथा कायममुकायम अध्यक्षबिच सम्झनास्वरूप उपहार आदानप्रदान भएको थियो ।

त्यस अवसरमा पूर्व प्रधानसेनापतिहरू, पूर्वरक्षा सचिवहरू, नेपाली सेनाका बहालवाला तथा अवकाश प्राप्त रथीवृन्द, सशस्त्र प्रहरी बल नेपालका महानिरीक्षक, नेपाल प्रहरीका अतिरिक्त महानिरीक्षक, राष्ट्रिय अनुसन्धान विभागका मुख्य अनुसन्धान निर्देशक, रक्षा मन्त्रालयका पदाधिकारीहरू, सैनिक श्रीमती संघका पदाधिकारीहरू, अधिकृत, सञ्चारकर्मीहरूलगायत अन्य विशिष्ट व्यक्तिहरूको उपस्थिति रहेको थियो । यस अघि प्रधान सेनापति शर्माले कामु प्रधानसेनापति सिग्देललाई नेपाली सेनाको झण्डा, प्रधानसेनापतिको झण्डा तथा छडी हस्तान्तरण गरेका थिए भने प्रधानसेनापति शर्माको सम्मानमा एक टुकडीले सम्मान गारद समेत अर्पण गरेको थियो ।


## निक्षेप उपर हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

(प्रकाशित मिति २०८१/०५/२१ गते)

तपसिलमा उल्लिेखित यस बैंकका खातावालाहरुको मृत्यु भएको भनि सम्बन्धित खातावालाको हकवालाले बैंकसमक्ष निवेदन पेश गरी मृतक व्यक्तिको खातामा रहेको रकमका सम्बन्धमा आवश्यक कागजात सहित यस बैंकको शाखा कार्यालयमा निवेदन दिनुभएको हुदाँ, उक्त खाताव ालाको नाममा रहेको निक्षेपउपर बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ बमोजिम उल्लेखित व्यक्ति बाहेक अन्य कोही कसैको हकलाग्ने भएमा त्यस्ता हकवालाले यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र स-प्रमाण सम्बन्धित शाखा कार्यालयमा हकदाबी गर्न आउनुहोला भनि यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ । म्याद भित्र हकदावी गर्न नआएमा निवेदकको निवेदन बमोजिम भई जाने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराइन्छ ।

| क्र. सं. | मृतक खातावालको नाम | ठेगाना | खाता नं. | शाखा कार्यालय | मृत्यु भएको मिति | हकदावी गर्नेको नाम (नाता) |
|---|---|---|---|---|---|---|
| ०१. | **राम प्रसाद धोजु**<br>बाबु: कृष्ण कुमार धोजु<br>बाजे: सन्त लाल धोजु<br>पत्नी: मोहन धोजु (सुवाल) | हाल भक्तपुर जिल्ला, भक्तपुर न.पा. वडा नं ०२, ब्यासी | ०६३०१२४९९५६०००01 | जगाती, भक्तपुर | २०८०/११/२९ | मोहन धोजु (सुवाल) (पत्नी) |
| ०२ | **राज किशोर प्रसाद साह**<br>बाबु: रामबृक्ष साह तेली<br>बाजे: झबु साह | सर्लाही जिल्ला भेल्ही गा.वि.स.वडा नं.७ स्थायी ठेगाना भई हाल सर्लाही जिल्ला ब्रह्मपुरी गा.पा ०३ | ०९७०२३६७८६१०००01 | मलंगवा, सर्लाही | २०८१/०१/१० | उर्मिला देबी साह (पत्नी) |
| ०३. | **राम पुकार हलुवाइ**<br>बाबु: बासुदेब हलुवाई<br>बाजे: मन्जित साह | सर्लाही जिल्ला मलंगवा न.पा.वडा नं.१० स्थायी ठेगाना भई हाल सर्लाही जिल्ला मलंगवा न.पा.वडा नं.१०, | ०९७०२०२१२१०००01 | मलंगवा, सर्लाही | २०८०/०१/१० | सुमिन्त्रा देबी (पत्नी) |
| ०४ | **भिमसेन के.सी.**<br>बाबु: हित बहादुर के.सी.<br>बाजे: पदम बहादुर के.सी. | काठमाण्डौं जिल्ला,शंखरापुर न.पा. वडा नं.०९ (साबिक इन्द्रायणी गा.वि.स. वडा नं.०४), पासिखेल | ११२०२६१६५३५०००01 र ११२०२६१६५३५०००02 | इन्द्रेणी एक्सटेन्सन काउण्टर आलापोट | २०८१/०३/३१ | राजन के.सी. (छोरा) |
| ०५ | **कुमार ग्वाछा**<br>बाबु: बुद्धि बहादुर ग्वाछा<br>बाजे: नन्द कुमार ग्वाछा<br>पत्नी: आस माया ग्वाछा | भक्तपुर जिल्ला, भक्तपुर न.पा. वडा नं ०७, गोल्मढी | ०६३००४११३४७०००01 | जगाती, भक्तपुर | २०८१/०३/२२ | आस माया ग्वाछा (पत्नी) |
| ०६ | **शंकर देवी**<br>बाबु: टेकन सिंह दनुवार<br>बाजे: पुलकित सिंह<br>पति: चन्द्र कुमार सिंह | सिराहा जिल्ला, हाल धनगढीमाई नगर पालिका वडा नं ५ (स्थायी फुलकाहाकट्टी गा.वि.स. वडा नं. ०७, सिराहा ) | २६४०२७९८७८२०००01 | धनगढीमाई, सिराहा | २०८१/०२/११ | चन्द्र कुमार सिंह (पति) |
| ०७ | **लछी लुहार**<br>बाबु: रती लुहार<br>बाजे: पुटके लुहार | कञ्चनपुर जिल्ला, महेन्द्रनगर न.पा वडा नं १२ | ०४९००२९०१८०००००२ र ०४९००२९०१८०००००१ | कञ्चनपुर | २०८१/०४/०६ | बेलु देवी लुहार (पत्नी) |
| ०८ | **हिरामाई तामाङ**<br>बाबु: साईला तामाङ<br>बाजे: लेक साइला तामाङ<br>पति: पुरण कुमार तामाङ | गोकर्णेश्वर नगरपालिका वडा नं.०१ | २८३०१६००७९३०००01 र २८३०१६००७९३०००02 | सुन्दरीजल | २०८१/०४/०७ | उमेश तामाङ (छोरा) |

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि


# इन्द्रजात्राका लागि लिङ्गो लिन मानन्धर समुदायका अगुवा बन प्रस्थान



काठमाडौं(जस)-इन्द्रजात्राका अवसरमा बसन्तपुर क्षेत्रमा गाडिने यसिं (इन्द्रध्वज) लिन मानन्धर समुदायका अगुवा बिहीबार बन प्रस्थान गरेका छन् । बिहान १० बजेर ४७ मिनेटको साइतमा उनीहरु हनुमानढोकाबाट गुर्जुको पल्टनसहित बन प्रस्थान गरेका हुन् । यसरी यसिं ल्याउने बन (भक्तपुरको चित्तपोल) बाट रुख ल्याउनका लागि होली पूर्णिमापछि गुंला सुरु हुनु अघि क्षमा पूजा गरेर रुख कटान गर्न स्वीकृत माग्ने चलन रहेको, केन्द्रीय मानन्धर संघका सचिव गजेन्द्र मानन्धर बताउछन् ।

येँया जात्राका अवसरमा हुने सांस्कृतिक तथा सामाजिक गतिविधिमा मानन्धरहरुको विभिन्न दायित्व छन् । यी दायित्वमध्ये यसिं ल्याउने, उठाउने, दागिंका दिन बौमता निकाल्ने, यसिं पतन गराउने जस्ता क्रियाकलाप मुख्य हुन् । यसिं लिन उनीहरु भक्तपुरको चित्तपोल पुग्नेछन् । केन्द्रीय मानन्धर संघबाट इन्द्रजात्राका लागि संयोजकका रुपमा प्रतिनिधित्व गर्ने सन्देश मानन्धर भन्छन्, विधिवत पूजा गरिसकेपछि बिहीबारै बेलुकी ०८ बजेर २७ मिनेटको साइतमा बृक्ष कटान हुनेछ । बिहीबार कटान गरिएको यसिं (लिङ्गो) गुठीयारहरुले भोलिदेखि तानेर ल्याउने छन् । यसलाई भोटाहिटीमा ल्याएर राखिनेछ ।

संघका सचिव मानन्धरका अनुसार भोटाहिटी पुग्नु अगाडि यंसिलाई स्वागत पूजा गर्ने चलन छ । यो तंलाछि मानन्धर गुथिका गुथियारहरुले गर्नेछन् । यसिं सहर प्रवेश गराउन साइत चाहिन्छ । यस बर्ष भदौ २६ गते बिहान १० बजेर ३२ मिनेटको साइतमा यसिंलाई नगर प्रवेश गराउने साइत छ । नगर प्रवेश गराइएको यसिं बसन्तपुर कालभैरव अगाडि लगेर राखिनेछ । भदौ ३० गते आइतबार विहान ८ बजेर २६ मिनेटको शुभ साइतमा इन्द्रध्वज उत्थान हुन्छ । यसअघि चस्वाँद्व मानन्धर सनागःगू खलः बा गुथियारले डोरीले यसिं कस्छन् । यसका लागि यसिं उठाउँदा कसिलो हुने उठाइ सकेपछि डोरी खुल्ने गरी बाँध्ने सिप चाहिन्छ । इन्द्रध्वज उत्थान भएपछि जात्रा औपचारिक रुपमा सुरु भएको मानिनेछ ।

असोज १ गते मंगलबार कुमारी रथ यात्रा सुरु हुन्छ । यस दिन राष्ट्रप्रमुखसहित विशिष्ट पदाधिकारीहरुले गद्दी बैठकबाट कुमारीको दर्शन गर्ने चलन छ । यस दिन तल्लो टोलमा रथ यात्रा हुन्छ । यसै वर्ष स्वर्गवास भएका व्यक्तिहरुको चीर शान्ति र मोक्षका लागि दागिं जाने चलन छ । यस दिन मानन्धर समुदायका ६ वटा गुथि मिलेर बौमत निकाल्छन् । यो धेरै बाँस जोडिएको करिब १ सय फिट लामो हुन्छ । असोज २ गते बुधबार माथिल्लो टोलमा रथ यात्रा हुन्छ । असोज ५ गते शनिबार नानिचा यात्रा हुन्छ । यसै दिन राती १० बजेर ३१ मिनेटको साइतमा इन्द्रध्वज ढालेपछि जात्राका कार्यक्रम सकिन्छन् । यसिं ढाल्ने जिम्मेवारी पनि मानन्धरहरुकै हो ।


## प्रदेश सरकार
## स्वास्थ्य मन्त्रालय
## स्वास्थ्य निर्देशनालय
## मदन भण्डारी अस्पताल तथा ट्रमा सेन्टर

मंगलबारे, उर्लाबारी, मोरङ, कोशी प्रदेश

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**(प्रकाशित मिति २०८१-०५-२१ गते)**

यस कार्यालयवाट मिति २०८१/०४/१५ गते सौर्य राष्ट्रिय दैनिक पत्रिकामा (Procurement of Medicine for Hospital Pharmacy -Antibiotics, Neuropsychiatry, Cardio, Diabetics, Endocrine, Respiratory, NSAIDs\ Anesthetics and Others) सम्बन्धी कार्य गर्नको लागि बोलपत्र आव्हान भई नियमानुसार पेश भएका विद्युतीय बोलपत्रहरुको प्राविधिक, कानूनी र आर्थिक पक्षको मूल्यांकन सम्पन्न गरी देहायका बोलपत्रहरु न्यूनतम मूल्याङ्कित सारभूतरुपमा प्रभावग्राही ठहरिएकाले सार्वजनिक खरीद ऐन, २०६३ को दफा २७ को उपदफा २ वमोजिम सम्वन्धित सवैको जानकारीको लागि यो ७ दिने सूचना प्रकाशित गरिएको छ ।

| ठेक्का नं. | प्याकेजको विवरण | बोलपत्रदाताको नाम र ठेगाना | कबोल अंक (मू.अ.कर बाहेक) |
|---|---|---|---|
| MBHTC/MORANG/ NCB /GOODS/01/2081/082 (Package-1) | (Antibiotics, IV fluids, Antifungals and Antiviral Drugs) | श्री सेजल शैसब फार्मा, विराटनगर | 19,98,354.75 |
| MBHTC/MORANG/ NCB /GOODS/01/2080/081 (Package-2) | (Antipsychotics, Ophthalmic and Gastrointestinal Disorder Drugs) | श्री गणेश ड्रग हाउस, विराटनगर | 17,02,775.50 |
| MBHTC/MORANG/ NCB /GOODS/01/2080/081 (Package-3) | (Respiratory Disorder and Non-Steroidal Anti-Inflammatory Drugs) | श्री गणेश ड्रग हाउस, विराटनगर | 31,41,135.00 |
| MBHTC/MORANG/ NCB /GOODS/02/2080/081 (Package-4) | (Endocrine, Injectable and General Medicines) | श्री गणेश ड्रग हाउस, विराटनगर | 37,27,418.95 |
| MBHTC/MORANG/ NCB /GOODS/02/2080/081 (Package-5) | (Cardiovascular and Anti-diabetic Drugs) | श्री गणेश ड्रग हाउस, विराटनगर | 38,46,645.00 |

**निमित्त मेडिकल सुपरिन्टेन्डेन्ट**
**मदन भण्डारी अस्पताल तथा ट्रमा सेन्टर**

## सम्पादकीय

# बेचविखन रोक्न कडा दण्ड जरूरी

नेपालमा अहिले मानव वेचबिखनको मुद्ध पनि चर्कोरुपमा उठने गरेको छ। सरकारी र गैरसरकारी तहबाट समेत मानव वेचविखन रोक्न भन्दै विभिन्न काम हुँदै आएका छन्। यद्यपि देशमा मानव वेचविखन झनझन बढदै गएको छ र अवस्था थप गम्भीर बन्दै गएको छ। यसैक्रममा बिहीबार नेपालमा विभिन्न कार्यक्रम गरि मानव बेचबिखनविरुद्धको १८औँ राष्ट्रिय दिवस मनाइयो। हरेक वर्षझैं यसपटक पनि विभिन्न औपचारिक कार्यक्रमहरु आयोजना गरिए र मानवबेचविखनका विषयमा छलफललगायत भए। यसवर्ष महिला हकअधिकारमा कार्यरत विभिन्न संघसंस्थाले विभिन्न कार्यक्रम गरी दिवस मनाए। ‘हाम्रो प्रतिबद्धताः मानव बेचबिखनविरुद्ध ऐक्यबद्धता’ मूल नाराका साथ स्वासा साउथ एसिया, स्वासा नेपाल, जागृति महिला महासंघ, नारी चेतना समाज नेपाल, हाम्रो संगठन, क्रियाशील महिला समूह, संघर्ष महिला समूह, जीवनज्योति महिला संघ, नमूना महिला संघ, पारिजात महिला संघ, सुधार महिला संघ, महिला सहयोगी समूह, महिला मानव अधिकार रक्षकहरूको राष्ट्रिय सञ्जाल र जिल्ला सञ्जाल काठमाडौँको संयुक्त आयोजनामा बृहत् र्‍याली र कोणसभा गरी दिवस मनाए। मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण गर्ने उद्देश्यका साथ २०६४ सालदेखि नेपालमा सो दिवस मनाउन थालिएको हो। मानव बेचबिखनविरुद्ध राष्ट्रिय दिवस मनाइरहँदा मानव बेचबिखनका घटनाहरू भने रोकिएका छैनन्। विभिन्न नाममा मानव बेचबिखनका घटना भइरहेका छन्। मानव बेचबिखनविरुद्ध काम गर्ने संस्था माइती नेपाल नेपालगन्जको गत आर्थिक वर्षको तथ्याक्तले अहिले पनि दिनहुँ मानिसहरू हराउने गरेको देखाउँछ।

पछिल्लो समय पढेलेखेका, आर्थिक रूपले सम्पन्न, महिला, पुरुष सबै तप्काका मानिसहरू मानव बेचबिखनमा परिरहेका छन्। अर्कोतिर पैसाका लागि जस्तोसुकै काम गर्ने महत्वाकांक्षा र सामाजिक सञ्जालको दुरूपयोकर्ताको निशानामा पर्दा पनि मानिसहरू बेचबिखनमा पर्ने गरेको पाइएको छ। माइती नेपालले भारतमा बेचबिखनमा परेकाहरूलाई अपरेसन चलाएर उद्धार गरी ल्याउने गरेको छ। पछिल्लो समय माइती नेपालमा खाडी मुलुकबाट समेत आफू बेचबिखनमा परेको र उद्धार गरिदिन भन्दै निवेदनहरू आइरहेको माइती नेपालले बताउँछ। पछिल्लो समय यौन श्रमिकका रुपमा नेपाली महलिाहरुको विदेशसम्म वेचविखन बढ्दै गएको जानकारहरु बताउँछन्। बेचबिखन र यौन श्रम अलग–अलग रहेको र यसलाई एउटै हो भनेर बुझ्नु हुँदैन भन्दै हामी सबैजना यस विषयमा अवधारणागत रूपमा स्पष्ट हुनु जरुरी रहेको वक्ताहरुले बताए। यौनश्रमिकहरू पनि देशको नागरिक भएकाले उनीहरूको श्रमलाई सम्मान गर्दै उनीहरूको पहिचानलाई राज्यले स्वीकार्न‘पर्ने धारणा पनि व्यक्त भएको पाइयो। अहिले विशेष गरि नेपाली महिलाहरु खाडीका मुलुकसम्म बेचविखन हुने र उद्धारका लागि दिनहुँ अनुरोध आउने गरेको अवस्था छ। त्यस्ता मुलुकबाट कुौ संस्था वा व्यत्तिले उद्दार गरेर ल्याउने क्षमता नहुने भएकाले यस्तोमा राज्यले नै उद्दारको लागि संयन्त्र बनाउनुपर्ने आवश्यकता देखिएको छ।

मानव बेचबिखन भन्नाले आधारभूत मानव अधिकारको उल्लंघन, दासत्वको अवस्था, मानवताविरुद्धको बहुराष्ट्रिय संगठित अपराध हो। मानव बेचबिखन नेपालमा मात्र नभएर विश्वमा नै डरलाग्दो रूपमा बढ्दो छ। विश्वमा नै श्रमको शोषण गर्ने तथा इच्छाविरुद्धको काममा लगाउने गरेका घटना भइरहेका छन्। मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ अनुसार मानव ओसारपसार भन्नाले किन्ने वा बेच्ने उद्देश्यले मानिसलाई विदेशमा लैजाने तथा वेश्यावृत्तिमा लगाउने वा शोषण गर्ने उद्देश्यले कुनै प्रकारले ललाइफकाइ प्रलोभनमा पारी झुक्याइ, जालसाजी गरी प्रपन्च मिलाई, जबर्जस्ती गरी, करकापमा पारी, पद वा शक्तिको दुरुपयोग गरी, अभिभावक वा संरक्षकलाई प्रलोभनमा पारी डर, त्रास, धाक, धम्की दिई वा करकापमा पारी कसैलाई बसिरहेको घर, स्थान वा व्यक्तिबाट छुटाइ लग्ने वा आफूसँग राख्ने वा आफ्नो नियन्त्रणमा लिने वा कुनै स्थानमा राख्ने वा नेपालभित्रको एक ठाँउबाट अर्को ठाउँमा वा विदेशमा लैजाने वा अरू कसैलाई दिने कार्यलाई बुझाउँछ। सरकारले मानव बेचविखन रोक्न विभिन्न प्रयास गर्दै आएको भएपनि नेपालमा विशेषत कमजोरक कानूनका कारण बेचविखन नरोकिएको अवस्था छ। यस्तोमा सरकारले मानव बेचविखन रोक्न यस्तो अपराधमा संलग्नहरुमाथि कडा दण्डसहित व्यवस्था तुरुन्त ल्याउनुपर्छ। यसमा ध्यान पुगोस।

## स्वास्थ्य जानकारी

### तीजको व्रत बस्दा ख्याल राख्नु पर्ने कुरा

तीजको व्रत हिन्दु धर्ममा विशेष मानिन्छ। तीजको व्रत बस्दा महिलाले विभिन्न फल प्राप्त गर्ने विश्वास छ। यो व्रत विशेषगरी भगवान् शिव र पार्वतीको आराधना गर्दै बसिन्छ। तीजको व्रत बस्दा विवाहित महिलाले आफ्नो श्रीमानको दीर्घायु हुने, सुखी वैवाहिक जीवन, सुयोग्य वर प्राप्ति र धार्मिक पुण्य प्राप्त हुने मान्यता छ।

यस दिन निराहार व्रत बस्दा शारीरिक कमजोरी हुन सक्छ। त्यसैले आज हामी तीजको व्रत बस्दा ध्यान दिनुपर्ने केही महत्त्वपूर्ण कुरा बारे बताउनेछौं। व्रत बस्नु पूर्व राति हल्का तर पौष्टिक खाना खानुहोस्। यसले तपाईंलाई भोलिपल्टका लागि पर्याप्त ऊर्जा दिन्छ। फलफूल, सागपात, र दूधजस्ता पोषक तत्त्वले भरिपूर्ण खाना खानुहोस्।

व्रत बस्दा मानसिक शान्ति अत्यन्त आवश्यक हुन्छ, ध्यान वा प्रार्थना गर्नुहोस् जसले गर्दा तपाईंको मन शान्त र स्थिर रहोस्। व्रत बस्दा आरामदायक कपडा लगाउनुहोस्। शरीरलाई न्यानो र सजिलो महसुस हुने कपडा छनोट गर्नुहोस् जसले तपाईंलाई आरामदायी राख्न मद्दत पुऱ्याउँछ। व्रत बस्दा प्यास लाग्न सक्छ। यद्यपि कोही निर्जल व्रत बस्ने गर्छन्। तर, व्रतमा पर्याप्त पानी पिउन जरुरी हुन्छ, यसले शरीरलाई हाइड्रेट राख्छ। व्रत बस्दा अत्यधिक शारीरिक श्रम नगर्नुहोस्। शरीरलाई आराम दिनुहोस्, जसले गर्दा तपाईंलाई कमजोरी महसुस नहोस्। पौष्टिक आहारबाट व्रत तोड्न सुरु गर्नुहोस्। फलफूल, नरिवल पानी, र जुसजस्ता स्वास्थ्यवर्धक खानेकुरा रोज्नुहोस्। यसले शरीरलाई पुनः ऊर्जावान् बनाउँछ। तीजको व्रत धार्मिक आस्था हो, तर आफ्नो स्वास्थ्यलाई पनि ध्यान दिनुहोस्। यसलाई सुरक्षित र स्वस्थ तरिकाले अपनाउनुहोस।

# स्वदेशमै आत्मनिर्भर बन्दै बेचिएका चेलीहरू

सुशील दर्नाल

**मानव बेचबिखनविरुद्ध क्रियाशील सरकारी र गैरसरकारी सङ्घ–संस्थाहरूसँग समन्वय गर्दै मन्त्रालयले पीडित प्रभावितलाई आवश्यक सहयोग र परामर्श पनि प्रदान गर्नुपर्ने हुन्छ।**

**सन्दर्भ : मानव बेचबिखनविरुद्ध १८औँ राष्ट्रिय दिवस**

धादिङकी उर्मिलाको फेसबुकमा एक जना नचिनेको मान्छेले अनुरोध पठायो। उर्मिला आफूले नचिनेको भए पनि उसले आफूलाई चिनेको होला भनेर अनुरोध स्वीकार गरिन्। फसबुकमा साथी बनेपछि कुराकानी हुँदै गयो। कुराकानी हुँदै गर्दा एक दिन रमेश नाम बताउने ती व्यक्तिले उर्मिलालाई कत्ति पनि पैसा नलिइ कुवेत पठाइदिने प्रलोभन देखाए। घरको आर्थिक अवस्था कमजोर भएकी उर्मिलाले कुवेत जाने निधो गरिन्। तर उनले घरमा कसैलाई पनि थाहा नदिइकन रमेशसँग भारत हुँदै कुवेत जानका लागि घरबाट निस्किन्। रमेशले कुवेत भनेर आफूलाई भारतको बेश्यालयमा लगेर बेचिसकेको कुरा उर्मिलालाईपछि मात्रै थाहा भयो। केही महिनापछि उर्मिला त्यस ठाउँबाट भाग्न सफल भइन्। त्यसपछि उनी नेपाल फर्किएर अहिले गलैंचा बुन्ने कारखानामा काम गर्छिन्। त्यसैगरी सिन्धुपाल्चोककी सुनिताका दुई ओटी आमा छन्। बाबुले अर्की आमा बिहे गरेर छुट्टै बस्छन् तर सुनिता, उनकी आमा र दुई भाइलाई हेर्दैनन्। सुनिताले घरको दुःख देखेर १० कक्षा पढ्दापढ्दै साथीको लैलैमा कामको खोजीमा काठमाडौं छिरिन्। सुनिता काठमाडौं छिरेको पनि आज छ वर्ष भयो। यो छ वर्षको बीचमा सुनिताको जीवनमा धेरै उतारचडावहरु आए।

आफू पालिन र घरमा भाइहरुलाई पाल्नका लागि उनले होटलमा भाडा माझ्नेदेखि घर बनाउने ठाउँमा मजदूरको कामसमेत गरिन्। घर बनाउने ठाउँमा मजदूरी गर्दैगर्दा सुनिताको एक दलालसँग भेट भयो, बोलचाल चिनजान भयो र कुराकानी हुँदैजाँदा ती दलालले सुनितालाई वैदेशिक रोजगारीमा पठाइदिने प्रलोभन देखाए। महिनामा एक लाखसम्म तलब पाउने कतारको एक कम्पनीमा काममा लगाइदिने दलालले प्रलोभन देखाएका थिए। जानका लागि लाग्ने खर्च पछि तिर्ने शर्तमा ती दलालले कतार पठाउने भनेका थिए। सुनितालाई होला त नि भन्ने लाग्यो। त्यही दलालको लैलैमा उनी भारत हुँदै कतार जाने भइन्। ती दलालले भारत लगेर आठ दिनसम्म आफूसँगै होटलमा राखे। त्यसपछि सुनितालाई भारतको वेश्यालयमा लगेर बेचिदिए। सुनितालाई आफू बेचिएको भन्ने थाहै थिएन। पछि मात्रै थाहा भयो। भारतमै काम गर्ने एक आफन्तको सहारामा उनी नेपाल फर्किन सफल भइन्। अहिले सुनिताले सीप सिकेर काठमाडौंमै सिलाई पसल खोलेकी छन्। उनले आमा र दुई भाइबहिनीलाई पाल्ने गरी आम्दानी गर्न सकेकी छन्।

त्यसैगरी नुवाकोटकी उजेलीलाई कुनै दिन यस्तो लाग्थ्यो कि विदेश जान पाइयो भने त जति पनि पैसा कमाउन सकिन्छ। चालीस वर्षकी उजेलीले गत साल विदेश जाने निर्णय गरिन्। तर दलालले भारत हुँदै कुवेत पुऱ्याउने भनेर भारतको बेश्यालयमा पुऱ्यायो। “घरमा श्रीमान् जहिल्यै रक्सी खाने, केही काम पनि नगर्ने, पैसा पनि नकमाउने, चार छोराछोरी पाल्न पनि गाह्रो भएको थियो। एकपटक म आफैँ भए पनि विदेश गएर पैसा कमाएर ल्याउँछु भन्ने सोचले हुन्छ त नि विदेश जान्छु भनिहालेँ तर दलालले भारत लगेर बेश्यालयमा पुऱ्यायो”, उनले सुनाइन्। तर आफन्तको सहारामा नेपाल फर्किएपछि भने अहिले उजेलीको जीवन फेरिएको छ। नेपाल आएपछि उनले ऋण/धन गरेर कुखुरा फार्म खोलेकी छन्। त्यही कुखुरापालनबाटै उनले आफन्तसँग लिएको ३० हजार रुपैयाँ पनि तिरिसकेकी छन्। अहिले उजेलीको कुखुरा फार्ममा ४० वटा बोइलर खुकुरा छन्। उजेलीले भनिन्,“इन्डियामा तीन महिना बस्दा नर्कको जीवन जीउन बाध्य भएकी थिएँ, तर अहिले मलाई यहाँ स्वर्ग जस्तै लागेको छ, आफ्नै घरमा कुखुरा पालेर खेतीपाती गरेर छोराछोरीलाई स्कुल पढाउन, खान र लाउन पुगेकै छ।”

उजेलीका दुई भाई छोरा कलेज पढ्ने भएका छन्। दुई बैनी छोरीहरु भने स्कूलमा पढ्दैछन्। “महिला भएर खाली विदेश विदेश मात्र भनेर नहुँदो रहेछ, आफू जान्ने बुझ्ने नभएपछि दलालको हातमा परिँदोरहेछ, त्यो दलालले मैले ऋण काडेर दिएको ९० हजार रुपैयाँ पनि खाइदियो, त्यो ९० हजारले बरु घरमै कुखुरा/बाख्रामा लगानी गरेको भए अहिले कति फाइदा हुँदो रहेछ, अब त म कसैले सित्तैमा लैजान्छु भने पनि जान्न”, उनले भनिन्। उनी विदेशबाट फर्किएर कुखुरा फार्म खोलेपछि अहिले उनका श्रीमान् पनि सुध्रिएका छन्। जाडरक्सी खान छोडेका छन्। अहिले श्रीमान् हरिराम पनि खेतबारीमा तरकारी खेती गर्नमै व्यस्त छन्। हरिराम अहिले खेतबारीमा सिमी, बोडी, धिरौला, करेलालगायतका तरकारी उत्पादन गरेर बजारसम्म पुऱ्याउँछन्। “अहिले त जे गरे पनि हामी बुढाबढी सरसल्लाह गरेर मात्रै घर व्यवहार चलाएका छौँ, उहाँ पनि अहिले त खेतबारीमै व्यस्त हुनुहुन्छ, अरु भन्दापनि बुढाले रक्सी जाँड छोडेर घरमा समय दिएकोमा खुसी लाग्छ”, उजेलीले सुनाइन्। रोजगारीको सिलसिलामा दलालले भारत लैजाने क्रममा झापाको विर्तामाडबाट माइती नेपालको उद्धारपछि उजेली जस्तै रामेछापकी कमला पनि अहिले आफ्नै व्यवसाय सुरु गरेकी छन्। “म पनि त्यही विदेश जाने चक्करमा दलालको हातमा परेको रहेछु, धन्न माइती नेपालले बचाएर ल्यायो, मलाई त पछि अरुले भनेपछि मात्रै थाहा भयो, भारतमा लगेर नराम्रो काममा लगाउने रहेछ भनेर”, कमलाले सुनाइन्। सिन्धुपाल्चोककी सावित्राले अहिले सिलाइबुनाइको पसल खोलेकी छन्। अहिले कमलाको हातमा सीप र पैसा दुवै छ। विहे गरेको तीन वर्षमा श्रीमानले अर्को बिहे गरेपछि भौंतारिएर विदेश जाने चक्करमा लागेकी कमलाले अहिले आफ्नै पसलबाट महिनामा रु २५/२६ हजार कमाई गर्छिन्। उनले अहिले आफूले कमाएको पैसाबाट बचत गरेर सहकारीमा समेत जम्मा गर्ने गरेकी छन्।

यसरी विदेश जाने लैलैमा दलालको हातबाट फुत्किएर आफ्नै देशमा सीप सिकेर आत्मनिर्भर बन्ने उर्मिला, सुनिता, उजेली र कमला उदाहरण मात्रै हुन्। विदेशमा महिनामा दुई/तीन लाख रुपैयाँ कमाई हुन्छ भन्दै ललाइफकाई गरी भारत लैजाने क्रममा विभिन्न नाकाबाट उद्धार गएिका महिलाहरु आफ्नै देशमा उद्यम गर्ने धेरै महिला छन्। अहिले उनीहरु विदेश जानभन्दा स्वदेशमै केही सीप सिकेर आफू आत्मनिर्भर हुन गाउँका अन्य महिलाहरुलाई सल्लाहसुझाव दिने भएका छन्। पछिल्लो समयमा मानव बेचबिखनको मुख्य कारण अशिक्षा र रोजगरी, घरेलु हिंसा, घरमा श्रीमान र उनका परिवारले हेला गर्ने, कुटपिट गर्ने र छोराछोरी लिएर अलग बस्ने बाध्यता भएका महिलाहरू नै बढी शिकार हुने गरेका छन्। हिंसामा परेकाहरू सधैँ अवसरको खोजीमा हुन्छन्। उनीहरूलाई कसैले प्रलोभनसहित अवसर देखायो भने ती महिलाहरू चाँडै त्यस्ता दलालको पञ्जामा पर्ने गरेको पाइन्छ। पछिल्लो समयमा बन्धक बनाइएका धनुषाका सात र सिरहाका २१ गरी (२४ देखि ६० वर्षसम्मका) जम्मा २८ पुरुषका सम्बन्धमा भारतीय गैरसरकारी संस्था किन इन्डियामार्फत जानकारी हुन आएको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयका सचिव दिनेश भट्टराईले जानकारी दिनुभयो। मन्त्रालयको अग्रसरता र नेतृत्वमा एवं भारतस्थित नेपाली राजदूतावाससँगको समन्वय तथा किन इन्डियाको प्राविधिक सहयोग र सहकार्यमा ती पीडित/प्रभावितहरुलाई उद्धार गरी जनकपुर, धनुषा ल्याइएको जनाइएको छ। मानव बेचबिखनबाट पीडित र प्रभावितहरुको उद्धार गरी र संरक्षण कार्यलाई मन्त्रालयले सदैव उच्च प्राथमिकतामा राखेको छ।

माइती नेपालकी संस्थापक अध्यक्ष अनुराधा कोइरालाले पछिल्लो समय सञ्चार, सूचना र प्रविधिको विकासका कारण मानव बेचबिखन तथा ओपसार गर्ने स्वरुपमा परिवर्तन आएको बताउनुभयो। “पहिलापहिला मानिससँग आफ्नो फोन हुँदैन थियो, गाउँका साझासाझा महिला बढी बेचबिखनमा पर्ने गर्थे, तर अहिले सबैको हातहातमा फोन छ, प्रविधिको विकास भएको छ, त्यसैले सहरमा बस्ने एकदम टाठाबाठा पनि नजानिदो तरिकाले बेचिन पुगेका छन्, यो हाम्रा लागि पनि चुनौती हो”, उहाँले भन्नुभयो। उहाँले शङ्कास्पद व्यक्ति र जोखिममा रहेका व्यक्तिहरूको बारेमा निगरानी राख्ने परामर्श दिने र आवश्यकताअनुसार सम्बन्धित निकायसँग समन्वय गर्ने गरी सबै निकाय सक्रिय भएको खण्डमा मानव बेचबिखन तथा ओसारपसारलाई न्यूनीकरण गर्न सकिने तर्क गर्नुभयो। नेपालले मानव बेचबिखनलाई गम्भीर अपराधको रूपमा स्वीकार गरेको छ। यससम्बन्धी मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ ले मानव बेचबिखन तथा ओसारपसारलाई स्पष्ट परिभाषित गरेको छ। तर त्यसको प्रभावकारी कार्यान्वयन हुन नसकेको मानव बेचबिखन रोकथाममा सक्रिय अभियान्ता रेणु सिजामतीले बताउनुभयो। मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन २०६४ सँगै वैदेशिक रोजगार ऐन २०६४, अध्यागमन ऐन २०४९, बाल श्रम (निषेध र नियन्त्रण) ऐन २०५६, श्रम ऐन २०७४, कानुनी सहायता ऐन २०५४, पारस्परिक कानुनी सहायता ऐन २०१४, राहदानी ऐन २०७४, सङ्गठित अपराध निवारण ऐन २०७०, मुलुकी अपराध संहिता, २०७४ सङ्गठित अपराध निवारण ऐन २०७०, कसुरजन्य सम्पत्ति तथा साधन (रोक्का, नियन्त्रण र जफत) ऐन २०७० लगायतका कानुनको समेत प्रभावकारी कार्यान्वयन नसक्दा पनि मानव बेचविखनले प्रशय पाएको छ।

मानव बेचविखनलाई न्यूनीकरण गर्दै अन्त्य नै गर्नका लागि सरकारले बेचबिखन रोक्न समाजमा चेतना फैलाउनुका साथै विद्यालयदेखि नै बालबालिकालाई त्यसका बारेमा शिक्षित गराउन पाठ्यक्रममै समावेश गर्न जरुरी देखिन्छ। पाठ्यपुस्तकमा समावेश गरेर आफू कसरी बच्ने र अरुलाई पनि कसरी बचाउने भन्ने कुरा सिकाउनका लागि सम्बन्धित मन्त्रालय लागि पर्नुपर्ने देखिन्छ। महिला मन्त्रालयले मानब बेचबिखनसँग सम्बन्धित ऐन/कानुनको प्रभावकारी कार्यान्वयनसँगै सामूहिक रुपमा मानव बेचबिखनको जोखिममा रहेका समुदाय र क्षेत्र पहिचान गरी मानब बेचविखन रोकथामका लागि अन्तरक्रिया, सडक नाटक, र्‍याली, घरदैलो जस्ता कार्यक्रम समेत गर्न जरुरी देखिन्छ। मानव बेचबिखनविरुद्ध क्रियाशील सरकारी र गैरसरकारी सङ्घ-संस्थाहरूसँग समन्वय गर्दै मन्त्रालयले पीडित प्रभावितलाई आवश्यक सहयोग र परामर्श पनि प्रदान गर्नुपर्ने हुन्छ। मानव बेचविखनका मुद्दा अनुसन्धान गर्ने प्रहरीलाई त्यसका बारेमा अझै धेरै ज्ञान दिने र उनीहरूलाई बेचबिखनसम्बन्धी अपराधको गाम्भीर्यता बुझाउने र भारतीय सीमा नाकाहरुमा सङ्घ संस्था र नागरिक समाजसँग मिलेर निगरानीलाई अझै प्रभावकारी बनाउनुपर्ने आवश्यकता देखिन्छ।

# मौलिकता गुम्दै जाँदा रमाइलोमा सीमित हुँदै तीजपर्व

–ध्रुवसागर शर्मा

**धार्मिक कथनअनुसार हिमालयपुत्री पार्वतीले महादेव स्वामी पाऊँ भनी व्रत बसेकी र उनको व्रत पूर्ण भएर महादेव पति पाएको दिनलाई हिन्दू नारीहरुले हरितालिका तीजका रुपमा मनाउँदै आएका हुन्। पार्वतीले महादेवलाई श्रीमान्का रुपमा पाउन तपस्या गरेपछि तपस्या पूरा भएको दिनलाई पर्वका रुपमा मनाइएको विभिन्न शास्त्रमा उल्लेख छ। “तीज हरेक वर्ष भाद्र शुक्ल तृतीयाका दिन मनाइन्छ।**

नेपाली हिन्दू नारीहरूको महान पर्व हरितालिका तीजमा आएको आधुनिकतासँगै मौलिकता ओझेलमा पर्दै गएको छ। तीज आउनु धेरै दिन अघिदेखि सहरबजारमा दैनिकजसो आयोजना गरिने तीज मिलन कार्यक्रम औपचारिकतामा सीमित हुने गरेका छन्। पछिल्ला वर्षमा तीजपर्वमा भित्रिएको आधुनिकता र खर्चिलो प्रवृत्तिले यसको धार्मिक मूल्य, मान्यता र सांस्कृतिक परम्परा ओझेलमा पर्दै गएको मालिका गाउँपालिका-६ दरबाङस्थित महिला बचत तथा ऋण सहकारी संस्थाकी प्रबन्धक शलिना किसानले बताउनुभयो। “सहरबजारमा हुने तीज प्रतियोगितामा मौलिकताभन्दा आधुनिकता र होडबाजी देखिन्छ, सूचना प्रविधिको बढ्दो विकासले टिभी हेर्ने, रेडियोमा गीत सन्ने, मोबाइलको प्रयोगले यूट्युबमा गीत घन्काउने प्रवृत्तिले बजारमा गीत गाउन र नाच्न जान्नेहरु भेटिँदैनन्”, किसानले भन्नुभयो। अहिले तीजलाई परम्परा संरक्षणभन्दा पनि नारी अधिकार र स्वतन्त्रताका रुपमा लिइने गरिएको उहाँको बुझाइ छ। पर्व मनाउने क्रममा समयअनुसार परिवर्तन हुँदै जानु स्वभाविक प्रक्रिया भएको भन्दै किसानले परिवर्तनका नाममा हाडबाजी गर्ने, संस्कृति लोप हुने क्रियाकलापमा जोड दिने, अधिकार र स्वतन्त्रताका नाममा समाजमा गलत सन्देश दिने किसिमका क्रियाकलाप गर्न नहुने भन्दै तीजको मौलिकपन नासिँदै गएकामा चिन्ता व्यक्त गर्नुभयो। “आधुनिकतासँगै तीज पर्वको परम्परागत मौलिकता हराउँदै गएको छ। पछिल्ला वर्ष बजारमा दर्जनौं एल्बम सार्वजनिक भएपनि तीजको मर्म बोकेका भाका पाउन मुस्किल छ”, उहाँले भन्नुभयो।

तीजको मौलिकता झल्किने संस्कृति हराएकामा अघिल्लो पुस्ताका जेष्ठ महिलाहरु चिन्तित छन्। म्याग्दीमा अहिले दिनहुँजसो तीजको अवसरमा औपचारिक कार्यक्रम र प्रतियोगिता भइरहेका छन्। यस्ता प्रतियोगितामा आधुनिकताको प्रयोगले मौलिक र परम्परा ओझेलमा पर्दै गएको लोक गायिका धनकुमारी थापाले बताउनुभयो। अहिले विभिन्न सङ्घसंस्था र महिला दिदीबहिनीले होटलमा आयोजना गर्ने दर कार्यक्रमले तीज आधुनिक र औपचारिकतामा सीमित हुँदै गएको उहाँको भनाइ छ। महिला नेतृ अमृतदेवी बानियाँले अहिलेका तीज गीत सामाजिक मर्यादा र अनुशासनको सीमा नाघेर रचिएको बताउनुभयो। “पहिला तीजको दर एक दिन मात्र खाने चलन थियो, अहिले महिना दिनदेखि होटलमा दर खान भ्याइनभ्याई छ”, उहाँले भन्नुभयो, “तीजको संस्कृतिसँगै मादल बज्ने ठाउँमा यूट्युबमा आधुनिक गीत लगाएर नाच्ने चलन बढ्यो।” आधुनिकताको बढ्दो आकर्षण र सूचना प्रविधिको पहुँचले तीजका परम्परागत मान्यताहरु भत्किँदै जान थालेका छन्। माइतबाट चेलीलाई लिन जाने, दरमा दूध र फलफूलका विभिन्न परिकार खुवाउने, विवाहित महिलाले घरमा भोगेका सुखदुःखका कुरा गीतमार्फत व्यक्त गर्ने परम्परा हराउँदै जान थालेको बानियाँले बताउनुभयो।

**तीजमा चेलीबेटी लिन जाने चलन हरायो** : बेनी नगरपालिका-२ बगरफाँटकी ६९ वर्षिया गोमादेवी उपाध्यायले भदौरे भेल र वर्षाका कारण उर्लेका खहरे खोलालाई छिचोल्दै तीजमा छोरीचेली लिन जाने चलन हराएको बताउनुभयो। “अहिले सबैको हातहातमा मोबाइल फोन, घरघरमा इन्टरनेट छ। गाउँगाउँमा सडक पुगेपछि छोरीचेलीलाई माइतमा आउजाउ गर्न कुनै समस्या छैन”, उपाध्यायले भन्नुभयो, “हाम्रो पालामा यस्ता सुविधा थिएनन्। ससाना छोराछोरी पिठ्युमा बोक्दै, लिन आएको दाजु वा भाइको पछिपछि हिँडेर साँझपख माइतीको आँगनीमा पाइला टेक्दा मिल्ने खुसी अहिले वर्ण गर्न सकिदैन।” हलि तीजमा गाइने गीत र त्यसको लय पनि फेरिँदै जान थालेका उहाँले बताउनुभयो।

*तीज आयो जाउन बाबु दिदी लिनलाई।*
*खुट्टैमा ढोँग गरे है भेट्दा भेनालाई॥*
*हुन्छ आमा दिदी लिन जान्छु जान त।*
*कोसेली पो के लानी हो पर्छ लान त॥*

“पहिला तीजका गीतमा छोरीचेलीका पीडा मात्रै होइन शिष्टाचारका कुरा पनि व्यक्त गरिन्थे। आदरसम्मान, अनुशासन, मर्यादा र कोशेलीपातका कुरा गीतमार्फत अभिव्यक्त हुन्थे। अहिलेका गीत मनोरञ्जन केन्द्रित छन्, केही अपवाद बाहेक घरपरिवारका सदस्यहरु एकै ठाउँमा बसेर सुन्न र हेर्न नसकिने छन्”, उपाध्यायले भन्नुभयो। हिजोआज ती पर्वमा दर स्वरुप खाने परिकारहरु पनि फेरिएका जेष्ठ महिलाहरुको भनाइ छ। “पहिला केरा, निमारोको पातमा घरको मझेरी, आँगनीमा सबै जम्मा भएर दूध र फलफूलका परिकार बनाएर दर खाने परम्परा थियो। हिजोआज एक महिना अघिदेखि होटल तथा पार्टी प्यालेसमा माछा, मासुलगायत परिकार खाने प्रचलन बढेको छ”, मालिका गाउँपालिका-६ की ६४ वर्षिया राधिका सुवेदीले भन्नुभयो। तीजमा भड्किला गीत बजाउँदै नाच्ने प्रचलन बढेको भन्दै यसले सांस्कृतिक र आध्यात्मिक पक्ष र सामाजिक सद्भाव नासिँदै गएका उहाँले बताउनुभयो।

**तीजको आध्यात्मिक पक्ष** : धार्मिक कथनअनुसार हिमालयपुत्री पार्वतीले महादेव स्वामी पाऊँ भनी व्रत बसेकी र उनको व्रत पूर्ण भएर महादेव पति पाएको दिनलाई हिन्दू नारीहरुले हरितालिका तीजका रुपमा मनाउँदै आएका हुन्। पार्वतीले महादेवलाई श्रीमान्का रुपमा पाउन तपस्या गरेपछि तपस्या पूरा भएको दिनलाई पर्वका रुपमा मनाइएको विभिन्न शास्त्रमा उल्लेख छ। “तीज हरेक वर्ष भाद्र शुक्ल तृतीयाका दिन मनाइन्छ। अघिल्लो रात अर्थात् द्वितीयाका दिन दर खाइन्छ। तीजका दिन व्रत बसिन्छ। चौथीका दिन स्नान गरी व्रतको पारण गरेर खाना खाइन्छ भने तीजको तेस्रो दिन अर्थात् ऋषिपञ्चमीका दिन व्रतालु महिलाले तीन सय ६५ वटा दतिवनले दाँत माझेर माटो लेपन गरी स्नान गर्छन्। पञ्चमीका दिन अरुन्धतीसहित कश्यप, अत्रि, भारद्वाज, विश्वामित्र, गौतम, जमदग्नि तथा वशिष्ठ ऋषिको पूजा गरी हलोले नजोतेको अन्नको भात र एक सुइरे भएर उम्रने कर्कलोको तरकारी वा एकदलीय अन्न मात्र खाइन्छ”, मालिका-६ की सुवेदीले भन्नुभयो। तीजका गीतमा नारी वेदनालाई लयात्मक तरिकाले अभिव्यक्त गर्ने चलन विस्तारै हराउँदै गएको सुवेदीको भनाइ छ। घरपरिवारभित्रका दुःख, समाजको अत्याचार, कुरीति र विसङ्गतिविरुद्ध सङ्गितबद्ध गरिएका आवाजमा आउने गीतले समाजमा सकारात्मक सन्देश दिने भन्दै चर्चित बन्नेभन्दा पनि संस्कृति संरक्षण गर्ने गीतको प्रवर्द्धन सबैले गर्नुपर्नेमा उहाँले जोड दिनुभयो।

# बहुवर्षीय बाली खेती प्रणालीमा जुट्दै किसान

भोजपुर (जस)- एक पटक विस्तार गरेपछि दीर्घकालसम्म आम्दानी लिन सकिने भएसँगै यहाँका किसान बहुवर्षीय खेती प्रणालीमा जुट्न थालेका छन् । अहिले किसान सुन्तला, कागती, एभोकाडो, ओखर, किवीलगायत बहुवर्षीय बालीको खेती विस्तारमा जुटेका हुन् ।

एक पटक विस्तार गरेर हुर्काएपछि दीर्घकालसम्म निरन्तर आम्दानी लिने खालका बाली विस्तारमा किसान आकर्षित भएका छन् । स्थानीय सरकारले पनि किसानलाई एभोकाडो, सुन्तला, कागती, किवी, ओखर कफीलगायत बहुवर्षीय बालीको खेतीका लागि प्रोत्साहनका कार्यक्रमसँगै अनुदान सहयोग समेत गर्दै आएको छ ।

पौवादुङमा गाउँपालिकाले वडा नं १ श्मामशिलामा पकेट क्षेत्र निर्धारण गरेर बहुवर्षीय बाली किवीखेती विस्तार गरेर किसानलाई आवश्यक सहयोग गरिरहेको छ । गाउँपालिकाले पकेट क्षेत्र निर्धारण गरेर किवीखेतीमा लगानी बढाएपछि यहाँका करिब ३० घरपरिवारले व्यावसायिक रुपमा किवीखेती गर्दै आएको वडाध्यक्ष राजेन्द्र तामाङले जानकारी दिए ।

त्यस्तै गाउँपालिकाले एभोकाडो, कफीलगायतको खेती विस्तारका लागि किसानलाई आवश्यक प्राविधिक सहयोगसँगै बिरुवा समेत वितरण गर्दै जनाएको छ । गाउँपालिकाले किसानको दिगो आयश्रोतको व्यवस्थापन गर्न बहुवर्षीय बाली विस्तारमा जोड दिएको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत नवीन भट्टराईले जानकारी दिए । बहुवर्षीय फलफूलको विस्तारले दीर्घकालसम्म आम्दानी लिन सकिने उनको भनाइ छ ।

'किसानलाई बहुवर्षीय बालीको खेती विस्तारमा प्रोसाहित गर्दै आएका छौं', प्रशासकीय अधिकृत भट्टराईले भने, 'बहुवर्षीय बालीबाट एक पटक विस्तार गरेपछि किसानले लामो समयसम्म आम्दानी लिन सक्छन् ।' गाउँपालिकाले यहाँको भूगोल सुहाउँदो फलफूल तथा तरकारी खेतीमा जोड दिएर योजनाबद्ध रुपमा लगानी गरिरहेको पौवादुङमा गाउँपालिका अध्यक्ष किरण राईले बताए । यहाँका छ वटै वडामा माटो सुहाउँदो खेती प्रणालीमा जोड दिएको उनको भनाइ छ ।

किसानलाई प्रोत्साहन गर्न हामीले बहुवर्षीय बालीको खेतीमा जोड दिएका छौं', अध्यक्ष राईले भने, 'बहुवर्षीय बाली विस्तारले किसानले निरन्तर रुपमा आम्दानी लिन सक्नेछन्, अहिले हामीले योजनाबद्ध रुपमा काम अघि बढाएका छौं, किसान यस्ता बालीको खेती विस्तारमा जुटेको अवस्था छ ।' टेम्केमैयुङ गाउँपालिकाले पनि बहुवर्षीय बाली विस्तारमा प्रोत्साहनका कार्यक्रम सञ्चालन गर्दै आएको गाउँपालिका उपाध्यक्ष रमादेवी राईले जानकारी दिइन् ।

गाउँपालिकाले सुन्तला, कागती, दाँते ओखर, किवीलगायत बालीको व्यावसायिक खेती विस्तारमा किसानलाई सहयोग गर्दै आएको उनको भनाइ छ । यहाँका नौ वटै वडाका तल्लो भेगमा सुन्तलाको राम्रो खेती हुने भएकाले सुन्तला पकेट कार्यक्रम सञ्चालन गरिएको उनको भनाइ छ । सुन्तला पकेट कार्यक्रम अन्तर्गत वडा नं २, ३ र ५ मा गत आर्थिक वर्षमा रु छ लाख बराबरको बिरुवा वितरण गरिएको उपाध्यक्ष राईले बताइन् ।

'किसानको दिगो आम्दानीको स्रोतको विकास गर्न जुटेको छौं', उपाध्यक्ष राईले भनिन्, 'बहुवर्षीय बाली विस्तारले किसानले लामो समयसम्म आम्दानी लिन सक्छन्, विभिन्न बहुवर्षीय बालीसँगै सुन्तलाखेतीका लागि पकेट क्षेत्र निर्धारण गरेर काम गरिरहेका छौं ।' किसानलाई वडास्तरबाट पनि विभिन्न जातका बहुवर्षीय फलफूलखेतीका लागि प्रोत्साहनका कार्यक्रम सञ्चालन भइरहेको उनको भनाइ छ । साल्पासिलिछो गाउँपालिकाले किवी, सुन्तला, अलैंची, रुद्राक्ष एभोकाडो, ओखरलगायत विस्तारमा जोड दिएको प्रशासकीय अधिकृत अनिश काफ्लेले जानकारी दिए । वडा नं ५ मा ओखरको पकेट क्षेत्र बनाउने लक्ष्यका साथ काम अघि बढाएको उनको भनाइ छ । अरुण गाउँपालिकाले आँप, लिची, सुन्तला, कागती एभोकाडोलगायतको खेतीमा जोड दिएको कृषि शाखा प्रमुख रविन्द्र सापकोटाले जानकारी दिए । किसानको मागका आधारमा सुन्तला, लिची, एभोकाडो, किवीलगायत बहुवर्षीय खेतीमा किसानलाई प्रोत्साहन गर्दै आएको रामप्रसादराई गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत सन्तोष पोखरेलले जानकारी दिए ।

यहाँको वडा नं ५ मानेभञ्याङमा एभोकाडो तथा वडा नं ४ दलगाउँमा एभोकाडो र लिची एवं वडा नं १ ओख्रेमा किवीखेती विस्तार गरिएको उनको भनाइ छ । वडा नं ६ बैकुण्ठेमा सुन्तला नर्सरी स्थापना गरेर किसानलाई सुन्तला खेतीमा प्रोत्साहन गरिरहेको प्रशासकीय अधिकृत पोखरेलले जानकारी दिए । अन्य स्थानीय तहले पनि किसानलाई बहुवर्षीय खेती प्रणालीमा जोड्न विभिन्न कार्यक्रम सञ्चालन गर्दै आएका छन् ।

# रेल्वे स्टेशन र ट्र्याकमा राजश्व छली भएको भन्दै अख्तियारमा उजुरी

महोत्तरी (जस)- महोत्तरीको बर्दिवासमा निर्माणार्थ रेल्वे स्टेशन र ट्र्याकमा करोडौ राजश्व छली भएको भन्दै अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा उजुरी परेको छ । स्थानिय नागरिक समाजले उक्त स्टेशन र ट्र्याक निर्माणार्थ प्रयोग भएको नदीजन्य पदार्थमा स्थानिय सरकारको मिलोमतोमा नै राजश्व छली भएको दावी सहित उजुरी दिएका हुन ।

निर्माणस्थलमा झण्डै ९ लाख घनमिटर नदीजन्य पदार्थको राजश्व मिलोमतोमा नै छली भएको र राज्यलाई तिर्नंपर्ने १६ करोड ९२ लाख करको विषयमा छानविन गर्न उजुरीमा माग गरिएको छ ।

नाम नखुलाउने सर्तमा निवेदकले प्रमाणसहित नगरप्रमुख प्रल्हाद कुमार क्षेत्री, स्थानिय प्रशासन, ठेक्केदार र समन्वय समितिलाई विपक्षी वनाएर निवेदन दर्ता गराएको वताए । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले पनि निर्माणाधिन क्षेत्रमा करोडौ राजश्व छली गरेको व्यहोरामा निवेदन दर्ता भएको वताएको छ । अनुसन्धान प्रक्रिया अगाडि वढेको हुनाले निवेदकको गोपिनियता र अनुसन्धानलाई ध्यानमा राख्दै थप सुचनाहरु दिन नमिल्ने केन्द्रिय कार्यालय टंगालले जनाएको छ ।

यता राजश्वको विषय नगर क्षेत्रमा पेचिलो वन्दै गएको छ । व्यक्तिका जग्गाहरु उत्त्खनन गरेर निर्माणस्थलमा पुर्‍याएको फेला परेपछी शंका गर्ने आधारहरु देखिएको स्थानीयहरूले वताएका छन । निजि जग्गावाट उत्त्खनन गर्दा पारम्भिक वातावरण परिक्षण गरी नगरवाट स्वीकृति लिएर राजश्व तिरेपछि मात्र किनवेच गर्न पाउने प्राधान छ तर स्थानिय सरकार र समन्वय समितिको नै आडमा निर्वाध ओसारपसार भएको क्रसर व्यवसायी हर्क लामा वताउछन ।

जयनगर, जनकपुर, विजुलपुरा र भंगहा-बर्दिबास ब्रोडगेज रेल मार्गको ६९ किलोमिटर मार्गमा बनेका एक दर्जन स्टेसन, हल्ट र जक्सन मध्ये मुख्य स्टेशनकोरुपमा निर्माणाधीन रेल्वे स्टेशन र वरपरको ट्र्याकमा भैइरहेको नदीजन्य पदार्थको राजश्व छली भएको आशंका गर्दै जिल्ला समन्वय समितिले रेल्वेलाई पत्र समेत पठाएको छ । निर्माणस्थलमा थुपारिएको नदीजन्य पदार्थको स्रोतको विषयमा प्रश्न उठेपछि विवरणहरु बुझाउन दुई पटक पत्र पठाएतापनी उनीहरुले अहिलेसम्म नपठाएको समन्वय समिति प्रमुख सुमन कर्णले जानकारी दिए ।

'उत्खननलाई दुई प्रकारले हेर्नंपर्छ एउटा राजश्व र अर्को वातावरण, यी दुवैमा मापदण्ड पुगेको छ भने वैधानिक नै हुन्छ ।' प्रमुख कर्णले भने । 'यी भनेका राज्यको ढुकुटी हुन यसलाई कसैले छल्नु भनेको अपराध हो, जोसुकै भएतापनी कानुनको दायरामा आउछन र छानविन प्रक्रिया अगाडी वढाउनु पर्छ ।' अहिले नगर क्षेत्रको ३ वटा प्याकेजमा काम भईरहेको छ ।

भव्सी पूलदेखि रेल्वे पुलसम्म बजरंग जेभी अमर, रेल्वे पुलमा कालिका र स्टेशनमा डीएनएन जेभीले निर्माण ठेक्काको जिम्मेवारी लिएर काम गरिरहेका छन ।

# अन्टार्टिका पुग्ने पहिलो नेपालीलाई गृह जिल्लामा सम्मान

गलकोट (बागलुङ) (जस)- अन्टार्टिका पुग्ने पहिलो नेपाली भुवनसिंह विश्वकर्मालाई गृह जिल्ला बागलुङमा सम्मान गरिएको छ । अन्टार्टिकामा पहिलो टेक्ने नेपाली विश्वकर्मालाई बागलुङ नगरपालिकाले रु २५ हजारसहित प्रशंसापत्र र दोसल्ला ओढाएर सम्मान गरेको हो । रु नौ करोड लागतमा निर्माण गरिएको आधुनिक बागलुङ बसपार्क उद्घाटन कार्यक्रममा गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेद्वारा विश्वकर्मालाई सम्मान गरिएको नगरप्रमुख वसन्तकुमार श्रेष्ठले बताए ।

बागलुङ-१४ नारायणस्थानमा जन्मेका विश्वकर्मा सन् १९८६ मा पृथ्वीको दक्षिणी ध्रुव अन्टार्टिका महादेशमा पुग्ने पहिलो नेपाली हुन् । उनी भारतीय सेनामा कार्यरत हुँदा भारतीय सेनाको अनुसन्धान टोलीका साथ प्राविधिकको रूपमा त्यहाँ पुग्नुभएको थियो । प्रसिद्ध प्रबल गोर्खा दक्षिण बाहु दोस्रोबाट सम्मानित र गिनिजबुकमा नाम लेखाउन सफल विश्वकर्माले बागलुङ नगरपालिकाको नाम चिनाएको नगरपालिकाले जनाएको छ । "बागलुङमा जन्मेर अन्टार्टिकामा पुग्ने पहिलो नेपालीका रूपमा देशभर परिचय बनाइसक्दा उनको गृह नगरपालिकाले सम्मान गर्न आवश्यक थियो", नगरप्रमुख श्रेष्ठले भने, "बागलुङ जिल्लाको नाम चिनाउन उनको महत्वपूर्ण योगदान छ ।"

विश्वकर्मा हाल बुटवल उपमहानगरपालिका-११ मा बस्दै आएका छन् । उनका नाममा बुटवल उपहानगरपालिकाले 'भुवनसिंह मार्ग' भनेर सडकको नामाकरण गरेको छ । सम्मान ग्रहणपछि विश्वकर्माले प्रबल गोर्खा दक्षिण बाहु दोस्रोबाट सम्मानित हुँदाभन्दा गृह पालिकाले सम्मान गर्दा धेरै उत्साहित भएको बताए । उनले गृह नगरले सम्झेर गरेको सम्मानप्रति आफू सदैव कृतज्ञ रहने उल्लेख गरे । "नेपालका विभिन्न जिल्लामा सम्मान भइसक्दा बागलुङले सम्झेन भन्ने लाग्दथ्यो, बागलुङ नगरपालिकाले भव्य कार्यक्रमकाबीच सम्मान गरेको छ, जन्मगाउँमा केही गर्नका लागि बागलुङ नगरपालिकासँग सहकार्य गर्नेछु", विश्वकर्माले भने ।

# संयुक्त मधेश संघर्ष समितिले खबरदारी सभा गर्ने

जनकपुरधाम (जस)- संयुक्त मधेश संघर्ष समितिले २०८१ भाद्र ३१ गते जनकपुरधाममा खबरदारी सभा आयोजित गर्ने निर्णय गरेको छ । भाद्र १८ गते मंगलवार सम्पन्न संयुक्त संघर्ष समितिको बैठकले सो निर्णय गरेको हो । बैठकमा तराई-मधेश लोकतान्त्रिक पार्टीको अध्यक्ष वृषेश चन्द्र लाल, वरिष्ठ नेता डा. विजय कुमार सिंह, मधेश राष्ट्रिय मुक्ति मोर्चाको संयोजक जगत प्रसाद यादव, एकीकृत समाजवादी पार्टीको नेता शीतल झा, नेपाल सद्भावना पार्टीको महामन्त्री पवन कुमार साह, जनअधिकार पार्टीको अध्यक्ष इमदाद गड्डी लगायतका जोगेन्द्र राय, सतीश लाल दास, सुभाष कर्ण, बिभा ठाकुर, बिन्दु ठाकुर, बिमला साह, भोलानाथ झा, मुरारी कर्ण, इश्वर पण्डित, आदि नेताहरुको उपस्थिति थियो ।

तराई-मधेश लोकतान्त्रिक पार्टीको प्रचार विभाग प्रमुख उमेश कुमार मण्डल अनुसार "२०८१ भाद्र ३१ गते संयुक्त मधेश संघर्ष समितिले जनकपुरधामको कलवार कुटीमा दिउँसो १ बजे 'मधेश र संविधान संशोधनः हाम्रो खबरदारी' माथि केन्द्रित रहेर खबरदारी सभा गर्नेछ ।" संयुक्त मधेश संघर्ष समितिले मिति २०८१/०४/०४ गते प्रकाशित प्रेस विज्ञप्ति मार्फत प्रदेशहरुलाई निर्वाचन क्षेत्र मानी पूर्ण समानुपातिक निर्वाचन पद्धति, प्रदेशहरुको सीमाङ्कनमा पहिचान आधारित सुधार, अनुचित थ्रेसहोल्डको समाप्ति, प्रदेश र स्थानिय तहको प्रतिनिधि सदन राष्ट्रिय सभा को भूमिकामा अझ मजबूती, संघीय संरचनामा प्रदेशिक स्वशासनको सुदृढताको निमित्त प्रादेशिक राजनीतिक दलहरुको मान्यता, भ्रष्टाचारमाथि कारगर नियन्त्रण र सुशासनको सुनिश्चितता जस्ता मांगहरु अघि सारेको छ । समितिले सबै पहिचानवादी संघीयतावादीहरुलाई गोलबन्द हुन आह्वान समेत गरेको छ ।

# उदयपुरमा आमा-छोराको हत्या, पसलमै भेटियो शव

उदयपुर (जस)- उदयपुरको कटारी नगरपालिका-१० सोरुङ छविसेमा आमा-छोराको हत्या भएको छ । वडा कार्यालय नजिकै किराना पसल गर्दै आएकी अन्दाजी ४० वर्षीया निर्मला थापा र अन्दाजी छ वर्षीय छोरा आरुस थापाको आज बिहान पसलमै शव भेटिएको हो । वडाध्यक्ष क्षेत्रबहादुर खड्काका अनुसार बिहान पसलमा आउने ग्राहकहरुले आमा-छोराको शव देखेका थिए ।

'आमाको शव भुईंमा घोप्टो परेको र छोराको खाटमा रगतमा डुबेको अवस्थामा फेला परको हो,' वडाध्यक्ष खड्काले भने, 'छोराको शवमा हतियार प्रहार गरेको चोटहरू देखिएको जानकारी आएको छ ।'

ईलाका प्रहरी कार्यालय कटारीका प्रहरी निरिक्षक उमेश महतोले बिहानै घटनाबारे जानकारी प्राप्त हुनासाथ प्रहरी घटनास्थल तर्फ पठाइसकेको बताए । प्रहरी निरीक्षक महतोले भने, 'प्रहरी घटनास्थल पुग्नै लागेको छ । पुग्ने बित्तिकै अनुसन्धान सुरु गर्छौं ।' घटनास्थल कटारी बजारबाट ३२ किलोमिटर उत्तरपहाडी भेगमा पर्दछ ।

वडाध्यक्ष खड्काका अनुसार मृतक निर्मला थापाका श्रीमान अशोक थापा दुईवर्ष अघि कान्छी श्रीमती लिएर भारततिर गएका थिए । उनले भने, 'तीन सय मिटर पर मुल घर थियो गएराति चाहीं पसलमै बास बसेका रहेछन्, त्यही बेला घटना घटेछ ।'

घटनास्थल पुगेकी कटारी नगरपालिकाकी कार्यापालिका सदस्य गिताकुमारी गिरीले प्रहरी चौकी बतासेबाट प्रहरी आइपुगेको र अनुसन्धान प्रकृया अघि बढेको जानकारी दिइन् । स्थानीय दिपक राउतले बुधबार साँझ ८ बजेसम्म मुल घरको देवरहरुसँग मृतक निर्मलाको फोनमा कुरा भएको बताए । 'साना साना देवरहरू थिए उनीहरुलाई बिहान आउँछौ भनेका थिए रे,' राउतले भने, 'बिहान घरमा खसी काट्ने सल्लाह थियो रे राति हत्या भएछ ।' बिहान घटनाबारे थाहा पाएपछि स्थानीयले प्रहरीलाई खबर गरेका थिए ।

# लुम्बिनी प्रदेशसभाको बैठक भदौ २६ गते बस्ने

बुटवल (जस)- लुम्बिनी प्रदेशसभाको आगामी बैठक भदौ २६ गते बस्ने भएको छ । सो दिन लुम्बिनी प्रदेशसभा चौथो अधिवेशनको २९ औं बैठक बस्ने तय भएको प्रदेशसभा सचिव दुर्लभकुमार पुनमगरले जानकारी दिए । सो बैठकमा प्रदेश विपद् व्यवस्थापन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकलाई दफावार छलफलका लागि विषयगत समितिमा पठाउने, स्थानीय सेवाको गठन, सञ्चालन र सेवाका सर्त सम्बन्धमा व्यवस्थापन गर्न बनेको विधेयकलाई निर्णययार्थ प्रस्तुत गर्न सक्ने सम्मका सम्भावित कार्यसूची तय भएको जनाइएको छ ।

यसअघिको बैठकमा स्थानीय सेवाको गठन, सञ्चालन र सेवाका सर्त सम्बन्धमा व्यवस्थापन गर्न बनेको प्रतिवेदन सहितको विधेयक पेस भएको थियो ।

# सडकमाथिबाट खसेको ढुंगाले लाग्दा चालकको मृत्यु

पाँचथर (जस)- पाँचथरको हिलिहाङ गाउँपालिकामा मोटरसाइकल कुदाइरहेको अवस्थामा सडकमाथिबाट खसेको ढुंगाले लागेर एक जनाको ज्यान गएको छ । दुर्घटनामा मोरङको सुन्दरहरैंचा नगरपालिका-११ सलकपुरका २६ वर्षीय उद्धव ढकालको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय पाँचथरका डीएसपी हेमन्त भण्डारीले जानकारी दिए ।

ढकाल काबेली 'ए' जल विद्युत आयोजनामा कार्यरत थिए । उनलाई बुधबार हिलिहाङ-१ हाङदे भन्ने स्थानमा बिहान साढे नौ बजे मोटरसाइकल कुदाइरहेको अवस्थामा सडक माथिदेखि खसेको ढुङ्गाले लागेको थियो । ढुंगाले लागेर सख्त घाइते ढकाललाई उपचारका लागि पाँचथर अस्पताल ल्याइ पुर्‍याउँदा चिकित्सकले मृत घोषणा गरेका थिए । डीएसपी भण्डारीका अनुसार मोटरसाइकलको पछाडि सवार काठमाडौंको मनोहरा नगरपालिका-९ घर भएका तुलसीबहादुर खड्का पनि घाइते भएका थिए । ढकालको शव पोष्टमार्टम गरी आफन्तलाई जिम्मा दिने प्रक्रिया सुरु गरेको प्रहरीले जनाएको छ ।

## विदेश

# रुसमाथि अमेरिकी राष्ट्रपति चुनावमा हस्तक्षेप गरेको आरोप

काठमाडौं । अमेरिकाले सन् २०२४ को राष्ट्रपतीय निर्वाचनमा रुसले हस्तक्षेप गरेको आरोप लगाएको छ र रुसी सरकारी सञ्चारमाध्यमका अधिकारीहरूमाथि प्रतिबन्ध लगाएको छ । अमेरिकाले रुसले राष्ट्रपति चुनावमा हस्तक्षेप गर्न ठूलो मात्रामा अभियान चलाएको आरोप लगाएको छ ।

महान्यायाधिवक्ता मेरिक गारल्याण्डले रूसी राज्य मिडिया आरटीले टेनेसी फर्मलाई 'अमेरिकी दर्शकहरूलाई लुकेका रूसी सन्देशहरू उत्पादन गर्न र डेलिभर गर्न' १० मिलियन डलर तिरेको आरोप लगाएक छन् । प्रतिबन्ध लगाइएका १० जनामध्ये आरटी प्रमुख मार्गरिटा सिमोनियनको नाम पनि प्रमुख छ । मस्को डोनाल्ड ट्रम्प र कमला ह्यारिस बीचको चुनावमा रुसले आफ्नो नतिजा चाहेको अमेरिकाले आरोप लगाएका छन् ।

ह्वाइट हाउसका राष्ट्रिय सुरक्षा प्रवक्ता जोन किर्बीले रुसको परियोजना युक्रेनका लागि अन्तर्राष्ट्रिय समर्थनलाई कमजोर पार्ने, रुस समर्थक नीति र हितलाई अगाडि बढाउने र संयुक्त राज्य अमेरिकाका मतदाताहरूलाई प्रभाव पार्ने भएको बताए । अमेरिकी अधिकारीहरूले भने कि आरटी र अन्य रूसी राज्य मिडियाले गुप्त रूपमा अमेरिकी प्रभावकारीहरूलाई उनीहरूको गलत कामलाई समर्थन गर्न भर्ती गर्ने अभियान सञ्चालन गरेको छ ।

बाइडेन प्रशासनले आरटीका दुई जना प्रबन्धकलाई अमेरिकी भूमिमा रुस समर्थक प्रचार प्रसार गर्न आर्थिक सहयोग गरेको आरोप लगाएको छ । आरटीका सम्पादक सिमोन्यानसहित दुई संस्था र १० जनामाथि प्रतिबन्ध लगाइएको छ ।

# हसिनाविरुद्ध अहिलेसम्म ९४ मुद्धा दर्ता

ढाका । बंगलादेशकी अपदस्थ प्रधानमन्त्री शेख हसिनाविरुद्ध थप दुईवटा हत्याको मुद्दा दर्ता भएको छ । योसँगै उनीविरुद्ध दर्ता हुने मुद्दाको संख्या ९४ पुगेको छ ।

विद्यार्थी आन्दोलनका क्रममा मृत्यु भएका हुर्का परिवारले दर्ता गरेका मुद्धा रहेको बंगलादेशका मिडियाहरुले उल्लेख गरेका छन् । जुलाई १९ मा ढाकाका एक व्यक्तिको हत्या गरेको आरोपमा हसिना र अन्य २६ विरुद्ध बुधबार मुद्दा दर्ता गरिएको थियो । यस मामिलामा पूर्व गृहमन्त्री असदुज्जमान खान, अवामी लिगका महासचिव ओबैदुल कादिरलगायत पार्टीका धेरै नेता तथा कार्यकर्ता आरोपी छन् ।

-एजेन्सी

# भारत र सिंगापुरबीच चार महत्वपूर्ण सम्झौता

काठमाडौं । भारत र सिङ्गापुरबीच डिजिटल प्रविधि र सेमीकन्डक्टर लगायतका चार सम्झौतामा हस्ताक्षर भएको छ । भारतीय विदेश मन्त्रालयका प्रवक्ता रणधीर जैसवालले सामाजिक सञ्जालमा सो जानकारी दिएका हुन् । परराष्ट्र मन्त्रालयको विज्ञप्ति अनुसार सेमीकन्डक्टर, डिजिटल प्रविधि, शिक्षा तथा सीप विकास, स्वास्थ्य र औषधि क्षेत्रमा सहयोगका लागि सम्झौता भएको छ । सिंगापुर भ्रमणमा रहेका भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी बिहीबार सिंगापुरको संसद भवन पुगेका थिए, जहाँ उनको स्वागत गरिएको थियो ।

प्रधानमन्त्री मोदीले सिंगापुरका प्रधानमन्त्री लरेन्स वाङसँग भेट गरे र त्यसपछि दुई देशबीच द्विपक्षीय वार्ता भयो, त्यसपछि सम्झौतामा हस्ताक्षर भयो । प्रधानमन्त्री मोदीले लरेन्स वाङलाई प्रधानमन्त्री बनेकोमा बधाई दिँदै भने, 'सिंगापुर एउटा देश मात्र होइन, यो हरेक विकासशील देशका लागि प्रेरणा हो ।

हामी भारतमा धेरै सिङ्गापुरहरू पनि बनाउन चाहन्छौं र हामी यस दिशामा सँगै काम गरिरहेकोमा म खुसी छु । सेप्टेम्बर ४ मा सिंगापुर पुग्नुअघि प्रधानमन्त्री नरेन्द्र मोदी ब्रुनाई गएका थिए । यो सानो एसियाली देश ब्रुनाईको भ्रमण गर्ने उनी पहिलो भारतीय प्रधानमन्त्री हुन् । ब्रुनाई कम्बोडिया, इन्डोनेसिया, मलेसिया र सिङ्गापुर नजिकैको एउटा सानो देश हो, जसको जनसंख्या करिब ४ लाख ६१ हजार छ ।-एजेन्सी

# चीनमा 'रङ क्रान्ति' भड्काउन सक्ने चेतावनी

काठमाडौं । चिनियाँ विश्वविद्यालयहरूको नयाँ पाठ्यपुस्तकले रक एन रोल, पप संगीत र इन्टर नेटलाई चिनियाँ युवाहरूमा 'रङ क्रान्ति' भड्काउन प्रयोग गर्न सक्ने चेतावनी दिएको छ । राष्ट्रपति सी चिनफिङको वैचारिक नियन्त्रणलाई सुदृढ गर्ने दिशामा यो एउटा कदम रहेको बताइएको छ । बेइजिङले वर्तमान शासनलाई सत्ताबाट हटाउने उद्देश्यका साथ देशका जनतामा घुसपैठ गर्ने पश्चिमी देशहरूले गरेको प्रयासलाई वर्णन गर्न कोड 'रङ क्रान्ति' प्रयोग गर्दछ ।

यो पुस्तक राष्ट्रिय सुरक्षाको बारेमा रहेको बताइएको छ । गत हप्ता रिलीज भएको यो पुस्तक युवामाथि वैचारिक नियन्त्रण बलियो बनाउने पाइलाको रुपमा हेरिएको छ । चीनको कम्युनिष्ट पार्टी सरकारका प्रवक्ताले पिपल्स डेली पत्रिकालाई भनेका छन्- विश्वविद्यालयहरूमा राष्ट्रिय सुरक्षा पाठ सिकाउनका लागि 'राष्ट्रिय सुरक्षा शिक्षा तयार पारिएको कलेज विद्यार्थीहरू' पुस्तक प्रयोग गरिन्छ । चिनियाँ सरकारी टेलिभिजन सिसिटिभीका अनुसार प्राथमिक र माध्यमिक विद्यालयहरूलाई पनि नयाँ पाठ्यपुस्तकहरू दिइएको छ, जसले राष्ट्रिय सुरक्षा र परम्परागत संस्कृतिलाई जोड दिन्छ ।

पुस्तकमा विश्वविद्यालयका विद्यार्थीहरूले पश्चिमी लोकप्रिय संस्कृतिप्रति सजग रहनुपर्ने र अनलाइन सर्फिङ गर्दा रङ क्रान्तिको जालबाट जोगिनु पर्ने उल्लेख छ । पुस्तकमा इन्टरनेट एक प्रमुख संचार माध्यम भएको, पप र रक संगीत जस्ता लोकप्रिय सांस्कृतिक तत्वहरू प्रायः 'रङ क्रान्ति' को आवरणको रूपमा प्रयोग गरिन्छ भन्ने उल्लेख छ । पुस्तकले ट्युनिसियाको २०१० को जस्मिन क्रान्ति र त्यसपछिको अरब विद्रोहलाई रंग क्रान्तिको उदाहरणको रूपमा प्रयोग गर्दछ र यी आन्दोलनहरूले ती देशहरूमा अस्थिरता निम्त्याएको तर्क गर्दछ । नयाँ पाठ्यपुस्तक सी जिनपिङले राष्ट्रिय सुरक्षाका विषयमा दिएको विभिन्न भाषणमा आधारित छ । सेप्टेम्बर २०१८ मा आयोजित राष्ट्रिय शिक्षा सम्मेलनमा सीले 'विदेशी सेनाहरू' बाट खतरालाई हाइलाइट गरेका थिए ।

# अमेरिकाको जर्जियामा विद्यालयमा गोली चल्दा चार जनाको मृत्यु

काठमाडौं । अमेरिकाको जर्जिया राज्यको एक विद्यालयमा गोली चल्दा चार जनाको मृत्यु भएको छ । सिएनएनका अनुसार यस घटनामा ९ जना घाइते भएका छन् । एटलान्टाको लगभग ८० किलोमिटर उत्तरपूर्वमा रहेको ब्यारो काउन्टीको अपलाची हाई स्कूलमा १४ बर्षिय बालकले गोली चलाएको मिडिया रिपोर्टमा उल्लेख छ । गोली चलाउने बालकपनि सोहि विद्यालयको नै भएको स्थानीय प्रहरीले बताएको छ । गोली चल्दा दुई शिक्षक र दुई विद्यार्थीको मृत्यु भएको छ भने ८ विद्यार्थी र एक शिक्षक घाइते भएका छन् ।

प्रहरीले गोली चलाउने विद्यार्थीलाई पक्राउ गरेको र उनलाई एडल्टलाई जस्तै कारवाही गर्ने बताएको छ । अमेरिकामा विद्यालयमा गोली चल्ने घटना पटक पटक हुने गर्दछन । २०२४ मा मात्र अमेरिकाको विद्यालयमा गोली चलेको यो ४५औ घटना हो । यस अघि २०२३ मा ८२ विद्यालयमा गोली चलेको थियो बने २०२२मा ७९ र २०२१ मा ७३ विद्यालयमा गोली चलेका थिए । - एजेन्सी

# एन्फा महिला लिगमा बागमतीमाथि कोशीको जित



काठमाडौं (जस)- कोशी प्रदेशले एन्फा महिला लिगमा दोस्रो जित हासिल गरेको छ। सातदोबाटोस्थित एन्फा कम्प्लेक्समा बिहीबार सम्पन्न दिनको पहिलो खेलमा कोशी प्रदेशले बागमती युथ क्लबलाई २-१ ले पराजित गरेको हो । योसँगै कोशीले दुई खेलबाट ६ अंक जोडेको छ । समान खेल खेलेको बागमतीको भने तीन अंक छ । कोशीकी समीक्षा मगरले एक गोल गरिन् । यस्तै, बागमतीकी विष्णुमाया बलले एक गोल गर्दा दिव्याले आत्मघाती गोल गर्न पुगिन् ।

२६औं मिनेटमै विष्णुको गोलमार्फत बागमतीले सुरुआती अग्रता लिएको थियो । तर, त्यसको तीन मिनेटपछि नै समीक्षाले कोशीलाई खेलमा फर्काइन् । यो जारी लिगमा उनको यो तेस्रो गोल हो । यसअघि कोशीले वालिङ नगरपालिकालाई ४-० ले पराजित गर्दा उनले दुई गोल गरेकी थिइन् । पहिलो हाफ १-१ को बराबरीमा सकिएपनि दोस्रो हाफमा बागमतीलाई आफ्नै डिफेन्डरको साथ मिलेन । प्रतीक्षा राईले लामो प्रहार गरेको बललाई बचाउने क्रममा दिव्यालाई डिफ्लेक्ट हुँदै गोलमा परिणत भयो ।

**आर्मीको विजयी सुरुआत**

विभागीय टोली त्रिभुवन आर्मी क्लबले एन्फा महिला लिगमा विजयी सुरुआत गरेको छ । सातदोबाटोस्थित एन्फा कम्प्लेक्समा बुधबार सम्पन्न खेलमा आर्मीले पहिलोपटक लिग खेलिरहेको संकटा फुटबल क्लबलाई ४-० गोलले पराजित गरेको हो । जितसँगै यस सिजको लिगमा सुखद सुरुआत गरेको आर्मीले तीन अंक जोडेको छ । पराजित संकटा भने अंक विहिन छ ।

खेलको २२औं मिनेटमा आर्मीले सावित्रीदेबी मगरको गोलमार्फत सुरुआती अग्रता लियो । पहिलो हाफमा १-० गोलले अग्रता बनाएको आर्मीका लागि ६५औं मिनेटमा विमला चौधरीले गोल गरेपछि खेलमा २-० को अग्रता बनायो । खेल ७१औं मिनेटमा विमलाले व्यक्तिगत दोस्रो गरिन् । त्यसपछि अनीता लम्जेलले ७७औं मिनेटमा गोल गर्दै आर्मीलाई ४-० गोलको जित दिलाइन् ।

# एप्पल फार्म राइडको आयोजना हुँदै
# ६० भन्दा बढी रोयल एनल्फिल्ड बाइकर्सहरु सहभागी हुने



काठमाडौं (जस)- रोयल एनफिल्डको प्रायोजनमा काठमाडौं लिजेण्ड्सले एप्पल फार्म राइडको आयोजना गर्ने भएको छ । यो राइडको मुख्य उद्देश्य लाङटाङ राष्ट्रिय निकुञ्ज क्षेत्रको पर्यटन र स्थानीय परम्परा, संस्कृति, स्याउ फर्म र अन्य स्थानीय दर्शनीय क्षेत्रहरुको प्रचार प्रसार तथा प्रवर्धन गर्ने रहेको छ ।

लगभग ६० भन्दा बढी रोयल एनल्फिल्ड बाइकर्सहरु सहभागी हुने यस कार्यक्रममा सहभागीहरु स्थानीय होम स्टे र टेन्टमा बस्नेछन भने स्थानीय आमा समुहले आफ्नो खेतबारीमा उत्पादित अर्गानिक खानेकुराहरुको व्यवस्था गर्ने छन ।

काठमाडौं लेजेन्ड्स अगस्ट २०२० मा गठन भएको काठमाडौंका रोयल इन्फिल्ड उत्साही र साहसिक राइडर हरूको टोली हो । यो टोलीको मुख्य उद्देश्य मोटरसाइकलमा नेपालका अनपेक्षित क्षेत्रहरू अन्वेषण गर्नं र ती स्थानहरूमा पुग्न सवारहरूलाई उच्च स्तरको सडक सुरक्षा कायम गर्दै, व्यवस्थित गर्नं हो । काठमाडौं उपत्यकाको उत्तरमा लगभग ७५ किलोमिटरको दूरीमा गोसाईकुण्ड गाउँपालिकामा अवस्थित लाङटाङ राष्ट्रिय निकुञ्ज १७१० वर्गकिलोमिटर क्षेत्रफलमा फैलिएको छ ।

यो निकुञ्ज विशेष वनस्पति र जनावरको संरक्षण गर्न स्थापित गरिएको हो । यो निकुन्ज तीन जिल्लामा फैलिएको छ. असमा नुवाकोट, रसुवा र सिंधुपाल्चोक पर्दछन् । लाङटाङ राष्ट्रिय निकुञ्जमा हरियो नदीको उपत्यकासम्मका दृश्यहरु, पुराना सल्ला, धुपी र गुराँसका वनहरु छन् । त्यस्तै, यो क्षेत्रमा पवित्र खोला नाला देखि उच्च उचाइमा पर्ने पवित्र तालहरू जस्तै विश्व प्रसिद्ध पवित्र गोसाइँकुण्ड ताल र लाङटाङ, गणेश र लिरुङ हिमालहरु पनि पर्दछन । निकुञ्जलाई संकटमा रहेका रातो पाण्डा, हिमालयन कालो भालू, बाह्र सिंगे लगायतका विभिन्न जातका मृगहरु, चित्तल, घोरल आदि र २५० भन्दा बढी प्रजातिका चरा लगायतका जनावरहरुको लागि समेत प्रख्यात छ ।

# फुटबलको प्रतिष्ठित अवार्ड बेलुन डो अरको मनोनयन सार्वजनिक



काठमाडौं (एजेन्सी)- विश्व फुटबलको प्रतिष्ठित अवार्ड बेलुन डो अरको २०२४ को मनोनयन सार्बजनिक गरिएको छ । फ्रान्स फुटबल फेडेरेसनले हरेक बर्ष दिने यो प्रतिष्ठित अवार्डका लागि यस बर्ष ३० जनाको मनोनयन सार्बजनिक गरिएको छ । अब यी ३० जना मध्येबाट नै अक्टोबर २८ मा हुने एक समारोहमा एक जनालाई बेलून डो अर अवार्डले सम्मानित गरिने छ ।

मनोनयनमा परेका खेलाडीमा जुडे बेलिंघम (रियल म्याड्रिड/इङल्याण्ड), रुबेन डियाज (म्यानचेस्टर सिटी/पोर्चगल), फिल फोडेन (म्यानचेस्टर सिटी/इङल्याण्ड), फेडेरिको भाल्भेर्डे (रियल म्याड्रिड/ उरुग्वे), इमिलियानो मार्टिनेज (एस्टन भिल्ला/ अर्जेन्टिना), इर्लिंग हलाण्ड (म्यानचेस्टर सिटी/ नर्वे), निको विलियम्स (एथलेटिक क्लब/स्पेन), ग्रान्ट जाखा (बायर लिभरकुसेन/ स्वीजरल्याण्ड), अर्टेम डोभबिक (एस रोमा/युक्रेन), टोनी क्रूज (रियल म्याड्रिड/ जर्मनी), भिनिसियस जुनियर (रियल म्याड्रिड/ब्राजिल) रहेका छन् ।

यसैगरि मनोनयनमा डानी ओल्मो (बार्सिलोना/स्पेन), फ्लोरियान विर्त्ज (बायर लिभर कुसन/जर्मन), मार्टिन ओडेगार्ड (आर्सनल/नर्वे), माट हुमेल्स (रोमा/जर्मनी), रोड्री (म्यानचेस्टर सिटी/स्पेन), ह्यारी केन (बायर्न म्युनिख/इङल्याण्ड), डेकलान राइस (आर्सनल/ इङल्याण्ड), भिटिन्हा (पिएसजी/पोर्चगल), कोल पार्मर (चेल्सी/इङल्याण्ड), डानी कार्भाजल (रियल म्याड्रिड/ स्पेन), लामिन यमल (बार्सिलोना/स्पेन), बुकायो साका (आर्सनल/इङल्याण्ड), हाकान कलहानोग्लु (इन्टर मिलान/टर्की), विलियम सालिबा (आर्सनल/फ्रान्स), किलीयन एम्बाप्पे (रियल म्याड्रिड/ फ्रान्स), लाउतारो मार्टिनेज (इन्टर मिलान/ अर्जेन्टिना), एडेमोला लुकम्यान (एटलान्टा/नाइजेरिया), एन्टोनियो रुडीगेर (रियल म्याड्रिड/ जर्मनी) र अलेजान्डो ग्रिमाल्डो (बायर लिभरकुसन/स्पेन) रहेका छन् ।

बेलुन डो अरको गत बर्षको अवार्ड जितेका लियोनेल मेसी भने यस बर्ष मनोनयनमा परेका छैनन् । त्यस्तै पोर्चंगलका कप्तान क्रिस्टियानो रोनाल्डोसमेत यस मनोनयनमा रहेका छैनन् । अहिलेसम्म मेसीले ८ पटक र रोनाल्डोले ५ पटक बेलुन डो अर अवार्ड जितेका छन् ।

# टी–२० क्रिकेटमा मंगोलियाको १० रनमै अलआउटको कीर्तिमान





काठमाडौं (एजेन्सी)- मंगोलिया आइसीसी टी-२० विश्वकप को एशिया क्वालिफायर अन्तर्गतको खेलमा केवल १० रनमा अल आउट भएको छ । विहिबार सम्पन्न सिंगापुरविरुद्धको खेलमा मंगोलियाले १० ओभरमा १० रन मात्र बनाएर अल आउट भएको थियो ।

मंगोलियाका लागि पाँच ब्याट्सम्यान डक आउट भएका थिए भने २ जनाले २-२ रन बनाएका थिए । अतिरिक्त २ रन पाएको मंगोलियाका लागि चार ब्याट्सम्यानले एक एक रन बनाएका थिए । मंगोलियाको ब्याटिंग लाइन ध्वस्त गर्नेक्रममा सिंगापुरका बलर हर्ष भारध्वाजले ६ विकेट लिएका थिए । त्यस्तै ११ रनको लक्ष्य पाएको सिंगापुरले ५ बलमा एक विकेट गुमाएर लक्ष्य पुरा गरेको थियो ।

टी-२० अन्तराष्ट्रिय क्रिकेटमा मंगोलिया सबैभन्दा कम रन बनाउने दोस्रो टिम बनेको छ । यसअघि आइल अफ म्यानले पनि स्पेनविरुद्ध १० रन नै बनाएको थियो । टी-२० क्रिकेटमा सबैभन्दा कम रन बनाउने चार इनिंगमा मंगोलियाले तीन पटक कम टोटल बनाएको छ । जुन यसै बर्ष बनाएको हो । मंगोलियाले यस अघि जापानविरुद्ध १२ र हङकङविरुद्ध १७ रन बनाएको थियो ।

# हरिवंश र प्रकाशको प्रमुख भूमिकामा हरिबहादुरको जुत्ता बन्ने



काठमाडौं (जस)- अभिनेता हरिवंश आचार्य र प्रकाश सपुतको मुख्य भूमिका रहनेगरी फिल्म 'हरिबहादुरको जुत्ता' निर्माण हुने भएको छ । फिल्मलाई निर्देशक दिपेन्द्र के खनालले निर्देशन गर्ने भएका छन् । गायक तथा म्यूजिक भिडियो निर्माता सरोज ओलीले यो फिल्म निर्माण गर्न लागेका हुन् । ओलीले बुधबार चलचित्र विकास बोर्डमा यो नाममा फिल्म दर्ता गराउँदै निर्माण इजाजतसमेत लिएका छन् ।

फिल्मको पटकथा तथा संवाद हरिवंशले लेखेका छन् । 'मेरो मनमा एउटा कन्सेप्ट फुरिरहेको थियो,' अभिनेता तथा लेखक हरिवंशले भने, 'सरोज ओली भाईलाई सुनाएपछि यसमा म आफै फिल्म बनाउँछु भनेर उहाँ हौसिनुभयो । त्यसपछि फिल्मको लिड रोलमा पनि मलाई नै अनुबन्धित गर्नंभयो । आइडिया युनिक छ, फिल्म राम्रो बन्छ भन्नेमा म विश्वस्त छु ।'

अभिनेता आचार्य र निर्माता ओलीबीच म्युजिक भिडियोमा लगातार सहकार्य भइरहेको थियो । फिल्म निर्माणमा भने ओली पहिलोपटक होमिएका हुन् । हरिवंशले आफुले खोजेजस्तै कन्सेप्ट सुनाएपछि आफु फिल्म निर्माण गर्न कस्सिएको निर्माता ओलीले बताए । 'करिब २५ वर्षदेखि कला क्षेत्रमा लागिरहेको थिएँ तर फिल्म निर्माणको साइत जुरेको थिएन,' ओलीले भने, 'राम्रो कथा पाएँ भने फिल्म निर्माण गर्छु भन्ने तयारीमै थिएँ । यत्तिकैमा हरिवंश दाईले हरिबहादुर जुत्ताको कन्सेप्ट सुनाउनुभयो । सुन्नेवित्तिकै मनपर्यो । त्यसपछि उहाँको कन्सेप्टमा फिल्म निर्माण गर्न म तयार भएको हुँ ।'

अभिनेताद्धय हरिवंश र प्रकाशसँग निर्देशक दिपेन्द्रको यो पहिलो सहकार्य हो । तीनैजनाले यसअघि सँगै फिल्ममा सहकार्य गरेका छैनन् । प्रकाशका अनुसार यो फिल्म तीन पुस्ताका कलाकर्मीलाई जोड्ने कडी बन्नेछ । 'म सानैदेखि हरिवंश दाईलाई टेलिभिजनमा देखेर हुर्किएको हुँ,' प्रकाश भन्छन्, 'संगीतमा लाग्छु भन्ने त थियो तर फिल्ममा यसरी काम गर्न पाउँला, सोचेको थिइनँ । आज उहाँसँग जोडिन पाउँदा औधी खुशी छु । निर्देशनमा दिपेन्द्र दाईको बेग्लै उचाई छ । यो फिल्म तीन फरक पुस्ताका कलाकर्मीलाई जोडेको छ । पक्कै केही नयाँ र विशेष हुनेछ भन्नेमा म आशावादी छु ।' फिल्मको थप 'कास्ट एन्ड क्रु' फाइनल हुन बाँकी छ । कथासारबारे पनि निर्माण पक्षले केही खुलाएको छैन । 'बाँकी हामी चाँडै खुलाउनेछौं,' निर्माता ओलीले भने ।

# लामो समयपछि अभिनयमा फर्किंदै गणेश




काठमाडौं (जस)- अभिनेता गणेश भट्टा लामो समयपछि म्युनजिक भिडियोमार्फत अभिनयमा फर्किएका छन् ।' तिमी शब्द' बोलको गीतबाट भट्ट अभिनयमा फर्कन लागेका हुन् । माया प्रेममा आधारित गीतमा राजेश बुढाथोकीको शब्द, कविता श्रेष्ठ र जीवन विश्वकर्माको संगीत रहेको छ । गीतको निर्देशन सन्तोष पोखरेलले गरेका हुन् भने भट्टलाई अभिनयमा संगीता शाहीले साथ दिएकी छन् ।

गीत यही भदौ २२ गते दिउसो ४ बजे समिश्रषण युट्युव च्यानलबाट सार्वजनिक हुने भएको छ । यसअघि भट्ट अभिनित मैसाब, जीवन साथी, तिमी त हौं, उज्यालो भो जुनले चर्चित गीत हुन् ।

यसका अलावा उनले दर्जन बढी म्युजिक भिडियोमा अभिनय गरिसेका छन् । 'रारा म्युजिक अवार्ड', स्टार म्युजिक अवार्डलगायत थुप्रै अवार्ड जितिसकेका भट्टले केही समय सांगीतिक क्षेत्रमा टाढा रहे पनि पुनः निरन्तरता दिने बताएका छन् ।

# धुलिखेल-खावा सडकमा दुई दिन मालवाहक गाडी चलाउन रोक

काठमाडौं(जस)-अरनिको राजमार्गअन्तर्गत काभ्रेको धुलिखेल-खावा सडक खण्डमा दुई दिन टिपरलगायत मालवाहक सवारीसाधन चलाउन रोक लगाइएको छ । सडक मर्मतलाई निरन्तरता दिन सडक डिभिजन कार्यालय भक्तपुरले बुधबार र बिहीबार टिपर र मालवाहक गाडी सञ्चालनमा रोक लगाएको हो । निर्माण व्यवसायीको लापरबाहीका कारण वर्षाको समयमा सडक जीर्ण भएर काठमाडौंबाट काभ्रेपलाञ्चोक, सिन्धुपाल्चोक, दोलखा, रामेछाप र चीन जोड्ने तातोपानी नाका आवतजावत गर्ने प्रमुख सडक जोखिमपूर्ण अवस्थामा रहेकाले निर्माण विस्तार गर्न दुई दिन मालवाहक गाडी सञ्चालनमा रहेका लगाएको कार्यालयले जनाएको छ ।

निर्माणाधीन धुलिखेल-खावा सडकखण्ड अत्यन्तै जीर्ण भएकाले सडक निर्माणमा सहयोग गर्न सबैसँग कार्यालयले अनुरोध गरेको हो । निर्माण सामग्रीको ढुवानी गर्ने टिपरका साथै चीनको खासा हुँदै नेपाल भित्रिने वस्तुको ढुवानी गर्ने कन्टेनर उक्त सडकमा सञ्चालन हुँदै आएका हुन् । सडक निर्माणार्थ दुई दिन पूर्ण रूपमा मालबहाक यातायातका साधान बन्द गर्न कार्यालयले बुधबार सार्वजनिक सूचनामार्फत अनुरोध गरेका हो । मङ्गलबार राजमार्गअन्तर्गत पर्ने धुलिखेल नगरपालिका-८ र पाँचखाल नपा- ५ का वडाध्यक्षद्वय विनोद गौतम र सीतारामा ढुङ्गाना सडक विस्तारको करिब पाँच महिना बितिसक्दा पनि निर्माण कम्पनीले लापर्वाही गरेका कारण मध्यपहाडी क्षेत्रका नागरिकले निकै सास्ती ब्यहोर्नु परेपछि मङ्गलबार सडक डिभिजन कार्यालय भक्तपुरको कार्यालयमा तालाबन्दी गर्न स्थानीयसहित पुगेका थिए ।

कार्यालयका प्रमुख मेघराज मरासिनीले बिहीबारदेखि निर्माणको कामलाई निरन्तरता दिने मौखिक सहमतिपछि बिहीबार र शुक्रबार निर्माणलाई निरन्तरता दिन मालवाहक यातायातका साधनलाई पूर्ण रूपमा बन्द गर्ने निर्णय भएको हो ।यसअघि पनि गत जेठमा उक्त सडकखण्ड विस्तार कार्यका लागि करिब एक हप्ता दैनिक चार घण्टा यातायात (दमकल, एम्बुलेन्स, शवबाहन र सुरक्षा निकायका सवारी साधनबाहेक) बन्द गरिएको थियो । यसका साथै दुई साता टिपरलगायत मालवाहक यातायातका साधनलाई पनि पूर्ण रूपमा निषेध गरिएको थियो ।

यसैबीच बनेपाको चार दोबाटो-रविओपी हुँदै पाँचखाल र बिपी राजमार्ग-तीनपिप्ले-पाँचखाल पुग्ने वैकल्पिक बाटो रहेकाले साना सवारीसाधनलाई सोही बाटो प्रयोग गर्न अनुरोध गरिएको छ । यसका अतिरिक्त साना सवारीसाधनले नगरकोट-कुन्ताबेंसी-जिरोकिलो सडक पनि प्रयोग गर्न सक्नेछन् भने दोलालघाट-पाँचखाल हुँदै काठमाडौंतर्फ आउने सबै प्रकारका सवारीसाधनले जिरोकिलोबाट कुन्ताबेंसी नगरकोट सडक प्रयोग गर्न सक्ने छन् । निर्माणाधीन सडकखण्डको समयसीमा गत चैत १९ गते सकिएको थियो ।

# रोकिएका आयोजनाको पीपीए खुलाउन इप्पानको माग

काठमाडौं(जस)-स्वतन्त्र ऊर्जा उत्पादकहरुको संस्था, नेपाल (इप्पान)ले चार वर्षदेखि रोकिएका जलविद्युत् आयोजनाहरूको विद्युत् खरिद सम्झौता (पीपीए) खुलाउन माग गरेको छ । ऊर्जा मन्त्रालयमा भएको छलफलमा इप्पान अध्यक्ष गणेश कार्कीले १३ हजार मेगावाट क्षमताका जलविद्युत् आयोजनाको पीपीए खुलाउन माग गरेका हुन् ।

अध्यक्ष कार्कीले जलवायु परिवर्तनका कारण हाइड्रोलोजीको समस्या बढ्दै गएकाले सबै आयोजनाको हाइड्रोलोजी पेनाल्टी खारेज गर्नुपर्ने, वन र भूमि सुधारका समस्या समाधान गर्नुपर्ने, २८ हजार ५०० मेगावाटको मार्गचित्र अघि बढाउनुपर्ने लगायतका माग राखेका छन् । उनले विद्युत् विधेयकमा निजी क्षेत्रले उठाइरहेका प्रश्नहरुको उत्तर नखोजी विधेयक ल्याउन नहुने भन्दै सरकारको ध्यानाकर्षण पनि गराएका छन् ।

कार्कीले जलविद्युत् आयोजनाले विगतमा पाइरहेको छुटलाई निरन्तरता दिन पनि माग गरेका छन् । उनले भने- ‘दुई वर्षअघिसम्म आयोजनाको मर्मत सम्भारमा भन्सार छुट पाउँथ्यौं । अहिले त्यो व्यवस्था अर्थ मन्त्रालयले हटाइदियो । यसले गर्दा धेरै आयोजना प्रभावित भएका छन् ।’ आयोजनाहरूले २८ प्रतिशत अतिरिक्त रकम स्पेयर पार्टसमा खर्च गर्दा लागत बढ्न गएको कार्कीले बताए । यसले गर्दा बाढी प्रभावित आयोजना धेरै नै प्रभावित भएको उनको भनाइ छ ।

प्राकृतिक प्रकोप, बिस्फोटक पदार्थको अभाव, वन तथा भूमिसँग सम्बन्धित समस्याका कारण तोकिएको समयमा कुनै पनि जलविद्युत आयोजना पुरा हुन नसकिरहेको उनको भनाइ छ । सबै आयोजनाको आरसीओडी (व्यापारिक विद्युत उत्पादन सुरु गर्नुपर्ने मिति) को म्याद २ वर्ष थप गर्न पटक पटक सबै निकायमा पहल गर्दा पनि काम नभएको कार्कीले बताए ।

‘एकातिर आरसीओडीको म्याद थप भएको छैन, अर्कोतर्फ २०८४/८५ सम्म विद्युत् उत्पादन गर्न सकेन भने उक्त आयोजनाको बिजुली नेपाल विद्युत प्राधिकरणले टेक एण्ड पे (लिएपछि मात्रै पैसा तिर्ने) व्यवस्था अन्तर्गत खरिद गर्ने उल्लेख गरिएको छ । यसले गर्दा बैंकले लगानीबाट हात झिक्दैछन् भने आयोजनामा अहिलसम्म गरिएको लगानी खेर गएर प्रवर्द्धकहरु टाट पल्टिने अवस्था आउँदैछ,’ कार्कीले भने । यस्तो प्रावधान खारेज गरेर आरसीओडी थप गरिदिन पनि कार्कीले माग गरेका छन् ।

# नेप्से परिसूचक ओरालो यात्रामा

काठमाडौं(जस)-धितेपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचक बिहीबार ओरालो लागेको छ । नेपाल स्टक एक्सचेञ्जका अनुसार नेप्से परिसूचक बिहीबार १२ दशमलव १० अङ्कले ओरालो लागेर दुई हजार सात सय २७ दशमलव ३६ मा सिमित भएको छ ।
ठूला कम्पनीको कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक दुई दशमलव ३५ अङ्कले ओरालो लागेर चार सय ८६ दशमलव ३६ मा सिमित भएको छ ।

कारोबार भएका कूल १३ उपसमूह मध्ये ११ उपसमूहको शेयर मूल्य ओरालो लाग्दा दुई उपसमूहको शेयर मूल्य भने उकालो लागेको छ । कूल दुई करोड एक लाख ५३ हजार नौ सय ९३ कित्ता शेयर रु नौ अर्ब ६५ करोड १५ लाख १३ हजार दुई सय ४६ मूल्यमा कारोबार भएको छ । नेप्सेका अनुसार आत्मनिर्भर लघुवित्तको शेयर मूल्यमा १० प्रतिशतले वृद्धि भई सकारात्मक सर्किट लागेको छ ।

यूनिक नेपाल लघुवित्त नौ दशमलव १४, नेष्डो समृद्धि लघुवित्त आठ दशमलव ४३, अप्प्र हेवाखोला हाइड्रोपावर सात दशमलव ९२ र गुडविल फाइनान्सका लगानीकर्ताले सात दशमलव ८३ प्रतिशतले कमाएका छन् । यस्तै, नेपाल फाइनान्स आठ दशमलव ९१, विन्दवासिनी हाइड्रोपावर पाँच दशमलव ७७, एनआरएन इन्फास्ट्रक्चर पाँच दशमलव शुन्य तीन, न्यादी हाइड्रोपावर चार दशमलव ८९ र मन्दाकिनी हाइड्रोपावरका लगानीकर्ताले चार दशमलव ८२ प्रतिशतले गुमाएका छन् ।

# हुप्सेकोटमा कृषि प्रणालीलाई विषादीरहित बनाउने अभियान

नवलपरासी(जस)-नवलपरासी (बर्दघाट सुस्तापूर्व) को हुप्सेकोट गाउँपालिकामा कृषि प्रणालीलाई विषादी रहित बनाउने अभियान सञ्चालन गरिने भएको छ। चालु आर्थिक वर्षदेखि विषादीको प्रयोगलाई शून्यमा झार्ने नीति लागु गरिएको हुप्सेकोट गाउँपालिका अध्यक्ष लक्ष्मीदेवी पाण्डेले बताइन् । ‘कृषि उत्पादनमा जैविक तथा वनस्पतिजन्य मल तथा औषधिको प्रयोगलाई बढावा दिँदै अर्गानिक खेती प्रणालीलाई प्रोत्साहन गर्दै आगामी तीन वर्षभित्र विषादीको प्रयोग पूर्ण रूपमा अन्त्य गर्ने अभियान यस वर्षदेखि सुरु गर्न लागेका छौँ’, उनले भनिन् ।

गाउँपालिकाभित्र व्यावसायिक कृषि गर्नेको संख्या बढ्दै गएकाले कृषि उत्पादनलाई विषादीरहित बनाउने अभियान सञ्चालन गर्न अध्यक्ष पाण्डेले बताइन् । कृषकलाई जैविक तथा वनस्पतिजन्य मल तथा औषधिको प्रयोगमा प्रोत्साहन गर्ने गरी कार्यक्रम सञ्चालन गरिएको उनको भनाइ छ । विषादीको प्रयोगले हुने असरलगायत विषयमा जनचेतना अभिवृद्धि गर्दै रोकथामको अभियान सञ्चालन गरिने पालिकाको योजना छ। ‘पालिकालाई तरकारीको पकेट क्षेत्रका रूपमा चिन्ने गरिन्छ, यहाँको तरकारी देशका प्रमुख सहरमा निर्यात हुन्छ’, उनले भनिन्, ‘त्यसैले यहाँको कृषि उत्पादनलाई पूर्ण रूपमा विषादीरहित रहेको प्रमाणित गरी देशभर चिनाउने लक्ष्य राखेका छौँ ।’

पालिकाका प्रमुख प्रशासकीय अधिकृत हरिप्रसाद पराजुलीले विषादीरहित उत्पादनका लागि सबै कृषकलाई तालिम सञ्चालन गरिने बताए । किसानलाई विभिन्न तालिम, अनुदान र लागत सहभागिताका आधारमा कार्यक्रम सञ्चालन गर्ने गरी कृषिमा बजेट व्यवस्था गरिएको उनले जानकारी दिए । ‘मानव स्वास्थ्यमा असर हुने गरी विषादीको प्रयोग भइरहेको छ, अब त्यसलाई पूर्ण रूपमा सुधार गर्नुपर्छ भनेर विषादीरहित अभियान सञ्चालन गर्न लागेका हौँ’, उनले भने, ‘विषादीको असरबारे किसान पनि सचेत हुनुभएको छ, यसमा पालिकाले थप प्रोत्साहन गर्छ ।’

यसैगरी गाउँपालिकाले ‘फर्क युवा गाउँमा, उद्यम गरौं यही ठाउँमा’ भन्ने नारासहित युवालाई स्वरोजगारमूलक कृषि व्यवसायमा लाग्न प्रोत्साहन गर्ने गरी कार्यक्रम सञ्चालन गर्ने अध्यक्ष पाण्डेले भनिन्, ‘युवालाई दिगोरूपमा कृषिमा आबद्ध गराउन कृषिमा यान्त्रीकरण, आधुनिकीकरण, विविधीकरण तथा बजारीकरण गरी कृषि पेसालाई सम्मानजनक र मर्यादित पेसा बनाउने नीति लिएका छौ ।’ कृषि क्षेत्रको प्रवर्द्धनका लागि मागमा आधारित फलफूल खेतीमा अनुदान, टनेल तरकारी र नर्सरी स्थापनाका लागि अनुदान र तालिमसमेत गर्ने गाउँपालिकाको योजना रहेको छ । गाउँपालिकाले यसै वर्षदेखि ‘हुप्सेकोट किसान कल सेन्टर’ स्थापना गरी सहज सेवा प्रदान गर्ने तयारीसमेत गरेको छ । ‘किसान कल सेन्टरमार्फत कृषकलाई सम्पूर्ण परामर्शका साथै बजारीकरणमा सहयोग गरिने उद्देश्य लिएको छ । कार्यविधि बनाएर किसानलाई निःशुल्क सेवा दिने गरी अगाडि बढ्ने छौं’, अध्यक्ष पाण्डेले भनिन् ।

गाउँपालिका उपाध्यक्ष पूर्णसिंह रानाले यसै वर्षदेखि गाउँपालिकाभित्र उत्पादन हुने रैथाने बालीको संरक्षण तथा प्रवर्द्धन गर्ने तयारी गरिएको जानकारी दिए । यहाँ उत्पादन हुने गहत, सिल्टुङ्ग, सामा काउनो, जुनेलो, थारु आलु, अनदि (जर्नेली), झिनुवा धानका रैथाने बालीको संरक्षण तथा प्रवर्दन गरिने उनले बताए । ‘आधुनिक कृषि प्रविधि अवलम्बन गरी उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्नुका साथै कृषिमा आधारित उद्योग सञ्चालन गर्ने वातावरण सिर्जनाका लागि हामीले आवश्यक सहयोग तथा सहजीकरण गर्छौं’, उपाध्यक्ष रानाले भने ।


## होस्टेल व्यवसायी संघ नेपालको तेस्रो वार्षिक साधारण सभाको सूचना

होस्टेल व्यवसायी संघ नेपाल केन्द्रीय कार्यसमितिको तेस्रो वार्षिक साधारण सभा निम्न मिति समय र स्थानमा गरिने हुँदा सम्बन्धित सम्पूर्ण सदस्यहरू एवं सरोकारवालाहरू सबैमा जानकारीसहित उपस्थितिको लागि हार्दिक अनुरोध गरिन्छ ।

**मिति: २०८१ असोज ५ गते शनिबार**
**समय: दिनको ११:१५ बजे**
**स्थान: इन्द्रेणी ब्याङ्क्वेट, बुद्धनगर**

**कार्यक्रम**
१. अध्यक्षबाट मन्तव्य ।
२. महासचिवबाट प्रतिवेदन प्रस्तुत छलफल तथा अनुमोदन ।
३. कोषाध्यक्षबाट आयव्यय प्रस्तुत छलफल तथा अनुमोदन ।
४. विविध ।

सम्पूर्ण सदस्यहरूले आफ्नो सदस्यता नवीकरण गरेर साधारण सभामा उपस्थित भइदिनुहुन अनुरोध गरिन्छ ।

**केन्द्रीय कार्यालय**
**होस्टेल व्यवसायी संघ नेपाल**
**Hostel Entrepreneur Association of Nepal**
बानेश्वर, काठमाडौं
सम्पर्क: ०१-५९२१६१५/९८६४१६४८०५
hostelsangh@gmail.com

## कम्पनी एकआपसमा गाभिएको सुचना

**प्रकाशित मिति: २०८१/०५/२१**

गाभ्ने र गाभिने कम्पनीहरुको मिति २०८१/०४/२७ गते सम्पन्न विशेष/बार्षिक सधारण सभाको निर्णय बमोजिम एक्सपर्ट भिलेज प्रा.लि. नं. ३३७३०७ मा जय भक्त कृषि फार्म पा.लि. नं. ३३८१४८ लाई भाभ्ने निर्णय गरेकोमा गाभिने कम्पनीको सम्पुर्ण सम्पत्ति र दायित्व हालको कम्पनीले व्यहोर्ने गरी जय भक्त कृषि फार्म पा.लि. नं. ३३८१४८ लाई एक्सपर्ट भिलेज प्रा.लि. नं. ३३७३०७ मा गाभ्न मिति २०८१/०५/१७ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ ।

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**तेस्रो पटक प्रकाशित मिति: २०८१/०५/२१**

यस आफ्नो ग्रुप नेपाल प्रा.लि.को मिति २०८१/०१/०२ गते सम्पन्न विशेष/बार्षिक सधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पुर्ण चल अचाल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी विश्वसनिय कनसलटिङ ग्रुप प्रा.लि. (प्रा.लि. नं. ३०५२८६) कायम गर्ने गरी मिति २०८१/०३/१४ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ ।

## साउदीमा रोजगारीको अवसर

**कम्पनी:** MOHSEN ALI SALBI AL-THABTI AL-SHAMMARI FOUNDATION FOR MAINTENANCE **शहर:** ABQAIQ

पूर्व स्वीकृति मिति :- २०७९-१२-२७ L.T. No. :- २८४३७८ च.नं. :- ६०१९९८११ पून:विज्ञापन

| क्र.सं. | कामदारको पद | माग संख्या | | न्यूनतम योग्यता | मासिक तलब | | ओभर टाइम सुविधा | प्रतिदिन कामगर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | | SR | N.R. | | | | | | | |
| १. | Building Labour | 39 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | 35,775 | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

| स्वदेशमा गरिने प्रि मेडिकल खर्च कस्ले गर्ने र कति लाग्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने विमा कसले व्यहोर्ने र कति लाग्ने | रोजगार विमा हुने/नहुने | हवाई टिकट कस्लने दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सेवा शुल्क |
|---|---|---|---|---|---|---|
| कम्पनीले | दिने | कम्पनीले | हुने/रोजगारादाता कम्पनीले | नि:शुल्क | नि:शुल्क | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराईएको जानकारी
१. आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भर्पाई अनिवार्य रुपमा लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कूटनैतिक नियोगको सम्पर्क्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस्। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखिकरण वा इण्डक्सन तालिम अनिवार्य लिनु होला। ५. विदेश जानु अघि आफू जाने मुलुक,काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य सर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला। सो को एक प्रति आफूसँग राख्नुहोला। ६. काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला। अन्यथा ठगिने सम्भावना हुन्छ। यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परे श्रम तथा रोजगार प्रबर्द्धन विभाग, नयाँ बानेश्वरमा सम्पर्क राख्नु होला।

अन्तर्वार्ता मिति : २०८१ भदौ ३० (September 15, 2024) मा मेनपावरको कार्यालयमा हुनेछ ।

श्रम इजाजत पत्र नं: ३१८/०५९/०६०
**अल-जाफर ईन्टरनेशनल प्रा. लि.**
सामाखुसी-२६, टाउनप्लानिङ, काठमाडौं, नेपाल, फोन: ४३९०२२२
Email : info.alzafarnepal@gmail.com, Web.: www.alzafarnepal.com


## Bhadrapur Municipality
## Office of Municipal Executive
**Bhadrapur-Jhapa**
**Koshi Province, Nepal**

### Invitation for Bids (IFB): BDP/MUN/SQ/2/081-82

**First date of publication: September 6, 2024 (2081/05/21)**

1. **Bhadrapur Municipality, Office of Municipal Executive, Bhadrapur-Jhapa** invites electronic bid from duly eligible and qualified registered bidders for the below mentioned work under Sealed Quotation procedure. Some of the qualification criteria are mentioned below, though the details are in the bidding document. Bidding is open to all eligible national bidders.

| Contract No | Description of Works | Estimated amount (Without VAT) | Bid Security Amount (NRs.) |
|---|---|---|---|
| BDP/MUN/SQ/ GOODS/ 02/081-82 | Procurement of different stationery items. | 16,06,750.00 | 45,400.00 |

Name of the Bank: **Rastriya Banijya Bank, Bhadrapur,Jhapa**
Name of Office: **Bhadrapur Municipality, Office of Municipal Executive, Bhadrapur-Jhapa**
Office Code no.: **80101112**
Office Account no.: **2210100301010003 (For Bid document Fee deposit)**
**(Bid document purchase fee Nrs. 1,000.00)**
Office Account no.: **2210100303000003 (For Security deposit)**

2. A complete set of Bidding documents may be downloaded from the PPMO E-Portal- **www.bolpatra.gov.np/egp (e-GP II)**
3. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.
4. After agreement, Bidder should supply items as per office need in different times upto the end of this fiscal year. The quantity of the items can vary accordingly.
5. General Information related to Electronic Bids are:

| Last Date of Bid Submission | Bid Opening Date | Bid Validity Period | Bid Security Validity period |
|---|---|---|---|
| 2081/06/06, 12:00 at BDP Mun Jhapa | 2081/06/06 1:00 PM at BDP Mun Jhapa | Minimum 45 days from the last date of bid submission. | Minimum 30 days beyond the bid validity period. |

**Bhadrapur Municipality**
**Office of Municipal Executive**

## Chishankhugadhi Rural Municipality
## Office of the Rural Municipal Executive
**Serna, Okhaldhunga**

### Invitation of Bids

**Date of Publication: 2081-05-21 (06th Sept., 2024)**

Chishankhugadhi Rural Municipality, Office of Municipal Executive invites only electronic bids from eligible bidders for the following Works. For the further information please visit e-GP portal of PPMO (www.bolpatra.gov.np/egp) or contact Chishankhugadhi Rural Municipality.

| S. N. | Bidding Method | Contract ID | Description of Work | Bid Security Amount (Nrs.) | Bid Document fee NRs. | Last Date of bid Submission |
|---|---|---|---|---|---|---|
| 1 | NCB (1S2E) | CRM/NCB/WORKS/ 01/081/82 | Construction of Birthing Center. | 4,75,000.00 | 5,000.00 | 2081/06/22 BS (8th Oct., 2024) 12:00 noon |
| 2 | NCB (1S2E) | CRM/NCB/WORKS/ 02/081/82 | Repair and maintenance of Serna-Chisapani road. | 6,60,000.00 | 5,000.00 | |

**Chief Administrative Officer**

## Ratnanagar Municipality
## Office of Municipal Executive
**Ratnanagar**
**Chitwan, Nepal**

### Notice for Invitation of Bid

**First Date of publication: 2081-05-21 (6th Sep, 2024)**

Ratnanagar Municipality, Chitwan invites electronic bids from Nepalese eligible bidders for the Constructions of following projects of Ratnanagar Municipality under National Competitive Bidding procedures.

| S.N. | Name of Project | IFB No: | AAT | Bid security amount in NRs. | Bid Document fee amount in NRs. | Remarks |
|---|---|---|---|---|---|---|
| 1 | Construction of asphalt road, culvert, moasic and other civil works at ward 7 & 9. | RAT/CHITWAN/works/NCB/ 11/2081-82 | 26954943.47 | 582141.00 | 5,000.00 | |

Eligible Bidders may obtain further information and inspect the Bidding Documents at **PPMO website http://www.bolpatra.gov.np/egp** or may visit website of **Ratnanagar official website ( http://www.Ratnanagarmun.gov.np ).** The Last date of submission of bid is 6th Oct 2024 (2081-06-20) till 12:00 noon time.

……………………………
**Chief Administrative Officer**

का.जि.प्र.का.द.नं. ३८०/०६४/०६५
म.क्षे.हु.नि.द.नं. ०३/०७०/७१
जन सवाल

# नेपाल लाइफको मोटिभेसनल तालिम तथा नेपाल लाइफ तारा सम्मान कार्यक्रम सम्पन्न



काठमाडौं(जस)-नेपालको सर्वाधिक विश्वासिलो जीवन बीमा कम्पनी नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडले नेपालको सातवटै प्रदेशमा मोटिभेसनल तालिम तथा नेपाल लाइफ तारा सम्मान कार्यक्रम भव्यतापूर्वक सम्पन्न गरेको छ । अन्तर्राष्ट्रिय प्रशिक्षक अमित शर्माद्वारा कोशी प्रदेशको इटहरी, मधेस प्रदेशको लालगढ, बागमती प्रदेशको काठमाडौं र नारायणघाट, गण्डकी प्रदेशको पोखरा, लुम्बिनी प्रदेशको बुटवल, कर्णाली प्रदेशको सुर्खेत र सुदूरपश्चिम प्रदेशको धनगढीमा आयोजित उक्त कार्यक्रममा करिव पाँच हजार भन्दा बढी एजेन्सी तथा एजेन्सी म्यानेजरहरूको उपस्थिति रहेको थियो ।

कार्यक्रमको शुभारम्भ कम्पनीका प्रमुख कार्यकारी अधिकृत प्रवीण रमण पराजुलीले पानसमा दीप प्रज्वलन गरेर गरेका थिए । कार्यक्रममा नेसनल सेल्स हेड उमापति पोखरेल, एजेन्सी तथा पोलिसी सर्भिसिङ्ग प्रमुख सुनिता पोखरेल, प्रदेशका प्रादेशिक प्रमुखहरु, शाखा तथा उपशाखाका प्रमुखहरू, पेशागत बीमा अभिकर्ता महासंघका महासचिव ओम केसी तथा पेशागत बीमा अभिकर्ता संघ नेपाल बीमक समिति नेपाल लाइफका अध्यक्ष गणेश अधिकारीको उपस्थिति रहेको थियो ।

असोज २०८० र वैशाख २०८१ को मासिक अभिकर्ता प्रोत्साहन योजना अन्तर्गत आयोजना गरिएको मोटिभेसनल तालिम कार्यक्रममा भारतको दिल्लीबाट आएका चिर परिचित अन्तर्राष्ट्रिय प्रशिक्षक अमित शर्माले जीवन बीमा बजारीकरणका लागि चाहिने आवश्यक सिपको बारेमा प्रकाश पारेका थिए । मानिसको जीवनमा जीवन बीमा एक आधारभूत आवश्यकता भएपनि मानिसले यसको महत्व नबुझ्केका कारण बीमालाई बजारीकरण गर्न गाह्रो भएको र यस अवस्थामा अभिकर्ताहरूले बीमाको महत्व माथि प्रकाश पार्न सके बीमा बजारमा धेरै नै सम्भावनाहरू रहेको हुँदा चुनौतीलाई अवसरमा परिणत गर्दै अगाडि बढ्नका लागि उत्प्रेरणा प्रदान गरे ।

कम्पनीका प्रमुख कार्यकारी अधिकृत पराजुलीले मासिक अभिकर्ता प्रोत्साहन योजनाबाट छनोट भएर कार्यक्रममा पाल्नुभएका बीमा अभिकर्ताहरुलाई स्वागत तथा बधाई ज्ञापन गरे । अभिकर्ताहरूको क्षमताको विकास कम्पनीको केन्द्रबिन्दुमा रहेको र यसैलाई मूर्तता प्रदान गर्ने हेतुले अन्तर्राष्ट्रिय प्रशिक्षकको उपस्थितिमा यस किसिमको भव्य र सभ्य कार्यक्रम आयोजना गरिएको कुरा बताए । यस किसिमको कार्यक्रमले क्षमता अभिवृद्धि गरी जीवन बीमाको बजारीकरणका निम्ति चाहिने सीप ज्ञान हासिल गर्न सहयोग पुग्ने बताए । यस कम्पनीले बीमा अभिकर्ताहरूलाई आफ्नो मेरुदण्ड मानेको र उहाँहरूको ज्ञान सीप लाई निखार्नका निम्ति यस किसिमको कार्यक्रम फलदायी हुने कुरामा आफू विश्वस्त रहेको र आगामी दिनमा पनि यस किसिमको उपलब्धिमूलक र लर्निङ कर्भलाई थप सबल सशक्त बनाउन कम्पनी आतुर रहेको समेत अभिव्यक्त गरे ।

कार्यक्रममा कम्पनीले निर्धारण गरेको लक्ष्यलाई प्राप्त गर्दै नेपाल लाइफ ताराका लागि योग्य भएका ३१४ जना एजेन्सी तथा एजेन्सी म्यानेजरहरूलाई सम्मान गरिएको थियो । यसका साथसाथै कम्पनीले हरेक प्रदेशमा प्रथम द्वितीय र तृतीय हुने एजेन्सी तथा एजेन्सी म्यानेजरहरूलाई प्रमाण पत्र सहित सम्मान गरिएको थियो । कार्यक्रममा कम्पनीका नेसनल सेल्स हेड उमापति पोखरेल, पेशागत बीमा अभिकर्ता महासंघका महासचिव ओम केसी, पेशागत बीमा अभिकर्ता संघ नेपाल बीमक समिति नेपाल लाइफका अध्यक्ष गणेश अधिकारीले कार्यक्रममा उपस्थित सबैलाई बधाई ज्ञापन गरेका थिए । उनीहरुले जीवन बीमाको महत्वलाई समाजको तल्लो तहसम्म सम्प्रेषण गरी जीवन बीमाको दायरामा नरहनु भएका आम नेपाली नागरिकलाई जीवन बीमाको दायरामा ल्याई जीवन बीमाको पहुँचलाई विस्तार गर्न सबैमा आग्रह गरे ।

# ग्लोबल आइएमई बैंकमा खाता खोल्दा ५ वटा फाइदा एकसाथ




काठमाडौं(जस)-ग्लोबल आइएमई बैंक लिमिटेडले बैंकमा नयाँ खाता खोल्दा नियमित सुविधाहरु सहित ५ वटा थप सुविधा उपलब्ध हुने विशेष योजना सार्वजनिक गरेको छ ।

यो योजनाअन्तर्गत बैंकमा खाता खोल्दा आकर्षक ब्याजदर तथा अन्य नियमित सुविधाहरु सँगसँगै डिम्याट खाता, मेरो शेयर, सि-आस्वा, तथा टिएमएस खाता खोल्न आवेदन दिन पाइने छ ।

ग्लोबल आइएमई क्यापिटलमा धितोपत्रको कारोबार (खरिद तथा विक्रि) का लागि आवश्यक पर्ने डिम्याट खाता र सोको संचालनको लागि मेरो सेयर, आइपिओ भर्न चाहिने सि-आस्वा रजिष्ट्रेशन नम्बर र जेबिएनएल सेक्यरिटिजमा शेयर बजारमा शेयर खरिद तथा विक्रिका लागि आवश्यक पर्ने टिएमएस खाता सुविधा ग्राहकले पाउने छन् ।

यो सुविधा बैंकले हालसालै सार्वजनिक गरेको डिजिटल युनिभर्समा पनि उपलब्ध छ । डिजिटल युनिभर्सको माध्यमबाट घरमै बसी आवश्यकता अनुसार यो सुविधा प्रयोग गर्न सकिनेछ । यी सेवाहरु बैंकको ३५४ वटा शाखा कार्यालयहरुबाट उपलब्ध हुनेछ । बैंकमा नयाँ खाता खोलेर वा आफ्नो भइरेको खातालाई यस योजनामा परिमार्जन गरेर र निष्क्रिय भएको खातालाई सक्रिय गराएर पनि यस योजनामा सामेल हुन सकिनेछ ।

# निसानको गाडी किन्दा ‘निसान फेस्टिभ डिल’ योजना

काठमाडौं(जस)-नेपालमा निसान गाडीको आधिकारिक वितरक पायोनियर मोटो कर्पले निसानका गाडीहरूमा ‘निसान फेस्टिभ डिल’ योजना ल्याएको छ । नजिकिँदै गरेको चाडपर्वको अवसरमा ल्याइएको यो योजना अनुसार निसानका सबै गाडीहरू– निसान म्यागनाइट, निसान किक्स, निसान नाभारा, निसान लिफ, र निसान एक्स-ट्रेल खरिदमा छुट हुनेछ । जसअन्तर्गत १ वर्ष निःशुल्क गाडी व्यापक बीमा (इन्स्योरेन्स), निःशुल्क ३ बर्षको सडक कर(रोड ट्याक्स), निःशुल्क ३ बर्षको सर्भिसिङ, ३ बर्षको वारेन्टी र रू. १५ लाखसम्मको छुटहरू पाउन सकिने कम्पनीले जनाएको छ ।




निसान म्याग्नाइटको खरिदमा फेस्टिभ डिल अन्तर्गतको सुविधाहरूका साथै ८०% सम्म सहज फाइनान्सिङ, र ६ वर्षसम्म ‘नो रनिङ कस्ट’ को मजा लिन सकिनेछ । त्यसैगरी, निसान एक्स-ट्रेल अझै बिगर र बोल्डर इलेक्ट्रिक एसयुभि हो जसले मस्कुलर स्टाइलिङ, शक्तिशाली पर्फमेन्स र, उच्चस्तरको प्रविधिको साथ पारिवारिङ एडभेन्चर र घुमघामका लागि आरामदायी र उपयुक्त सुविधा प्रदान गर्ने कम्पनीले जनाएको छ ।

यसैगरी निसान एक्स-ट्रेलको खरिद गर्दा ग्राहकहरूले फेस्टिभ डिल योजनाका सबै लाभहरू प्राप्त गर्दै १८ वर्षसम्म ‘नो रनिङ कस्ट’को मज्जा लिन सक्नेछन् । यो योजना अवधिभर विभिन्न मोडलका गाडीहरू उत्कृष्ट मूल्यमा सहज फाइनान्सिङ र विशेष छुटका साथ खरिद गर्न सकिने जनाइएको छ ।

# कुमारी बैंकद्वारा तीजलाई लक्षित क्यासब्याक योजना




काठमाडौं(जस)-कुमारी बैंक लिमिटेडले नारीहरुको महान चाड हरितालिका तीजलाई लक्षित गर्दै आफ्नो बैंकमा रेमिट्यान्स प्राप्त हुने गरि खोलिएका महिला खातावालालाई लक्षित गरी तीजको स्वरुप क्यास ब्याक योजना संचालन गरेको छ । निरन्तर रुपमा सरल, सहज तथा नविनतम सेवा सुविधा दिदै आएको कुमारी बैंकले विदेशबाट रेमिट्यान्स प्राप्त हुने गरि खोलिएका महिला लाभग्राहीहरुका खाताहरुबाट डेबिट/क्रेडिट कार्ड तथा मोबाइल बैंकिङमार्फत रकम भूक्तानी गर्दा तीजको शुभकामना स्वरुप यहि भाद्र २० देखि २६ गते सम्म प्रत्येक दिन २५ सेवाग्राहीहलाई १०० रूपैयाँको क्यास ब्याक योजना संचालनमा ल्याएको छ ।

यस योजनाबाट सेवाग्राहीरुको विद्यूतिय भूक्तानी प्रयोगमा टेवा पूग्ने विश्वास बैंकले लिएको छ । विगत २३ वर्ष देखि निरन्तर बितिय साक्षरता प्रर्वधन गर्दै बैंकिङ सेवा दिंदै आएको कुमारी बैंकले आफ्ना देशभर रहेका ३०२ शाखा सञ्जाल, ३१८ एटिएम, ५० एक्सटेन्सन काउन्टर तथा ५७ शाखा रहित बैंकिङ ईकाईहरु मार्फत आफ्ना ग्राहकवर्गलाई अत्याधुनिक तथा प्रभावकारी सेवाहरु प्रदान गर्दै आइरहेको छ र आगामी दिनहरुमा पनि अझ सरल, सुलभ तथा उत्कृष्ट सेवाका निमित्त सहकार्यहरु गर्दै जाने प्रतिबद्धता जनाएको छ ।

# राष्ट्रिय जीवन बीमा कम्पनीको नयाँ बोनसदर घोषणा

काठमाडौं(जस)-राष्ट्रिय जीवन बीमा कम्पनीले आर्थिक वर्ष २०८१/८२ का लागि नयाँ बोनसदर सार्वजनिक गरेको छ । कम्पनीको आर्थिक वर्ष २०७०/७१ देखि आव २०७२/७३ सम्मको इन फोर्स पोलिसी कायम रहेको जम्मा बीमालेख संख्या १ लाख ५२ हजार ८९० रहेको छ ।




सोही बीमालेखको आर्थिक स्थितिको लेखाजोखा र दायित्व मूल्यांकन सम्बन्धी बीमांकीय मूल्यांकन प्रतिवेदन नेपाल बीमा प्राधिकरणले भदौ १७ गते स्वीकृत गरेपछि कम्पनीले बोनसदर सार्वजनिक गरेको हो । नेपाल बीमा प्राधिकरणले बीमांकीय मूल्यांकन प्रतिवेदन स्वीकृत गरेपछि कम्पनीले आर्थिक वर्ष २०८१/८२ का लागि प्रतिवर्ष प्रतिहजार बीमांकमा ६० रुपैयाँ बोनसदर घोषणा गरेको हो । साथै, कम्पनीले बोनस दर बीमांकीय मूल्यांकनका आधारमा परिवर्तनशील रहने पनि बताएको छ ।

# ज्योति विकास बैंकका ग्राहकहरुलाई ‘जैस्मीन फिटनेस क्लब एण्ड स्पा’ मा छुट

काठमाडौं(जस)-ज्योति विकास बैंक लिमिटेडले काठमाडौंस्थित ‘जैस्मीन फिटनेस क्लब एण्ड स्पा’ मा बैंकका ग्राहकहरूलाई २० प्रतिशत सम्मको विशेष छुट प्रदान गर्ने सम्बन्धी सम्झौता गरेको छ । यस सम्झौतापश्चात्, ज्योति विकास बैंकका ग्राहकहरूले उक्त क्लब र स्पामा २० प्रतिशत सम्म आकर्षक छुट प्राप्त गर्न सक्नेछन् ।

हालै बैंकले ललितपुरस्थित ‘मेडेक्स मल्टिस्पेशलिटी क्लिनिक एण्ड डायग्नोस्टिक सेन्टर’ मा २० प्रतिशत सम्मको छुट प्रदान गर्ने सम्झौता गरेको छ। यसका साथै, बैंकले काठमाडौंस्थित प्रख्यात ‘ट्रेंक्विलिटी स्पा’ का देशभरका १७ वटै आउटलेटहरूमा हरेक सेवा तथा सुविधाहरूमा ग्राहकहरूलाई ३० प्रतिशत सम्मको विशेष छुट प्रदान गर्ने सम्झौता पनि गरेको छ। साथै, बैंकले टिष्टुङ मा १५ प्रतिशत सम्मको विशेष छुट प्रदान गर्ने सम्झौता पनि गरेको छ ।




ज्योति विकास बैंकले ग्राहकहरूको सुविधालाई प्राथमिकतामा राख्दै, देशका अन्य विभिन्न व्यवसायहरूसँग निरन्तर सहकार्य गर्दै, ग्राहकहरूलाई विशेष छुट र सुविधा प्रदान गर्दै आइरहेको छ । संस्थागत सुशासनलाई शिरोपर गर्दै, समाजप्रति उत्तरदायी यस विकास बैंकले नवीनतम चिन्तनका साथ समाजको अभ्युदय र दिगो परिवर्तनको संवाहक बन्दै समस्त नागरिकको जीवन जाज्वल्यमान बनाउने उद्देश्यलाई सदैव उच्च प्राथमिकतामा राख्ने कार्यलाई निरन्तरता प्रदान गर्ने र आगामी दिनहरू पनि परिवर्तनको ज्योति बन्ने अठोट प्रति प्रतिबद्ध रहेको छ ।

आफ्नो खुद मुनाफाबाट नेपालमा हाल सञ्चालनमा रहेका अन्य बैंक तथा वित्तीय संस्थाहरुले सामाजिक उत्तरदायित्व अन्तर्गत समाजिक कार्यमा गर्ने योगदान भन्दा ५० प्रतिशत बढी रकम छुट्याई समाजप्रति थप उत्तरदायी बनेको यस विकास बैंकले नागरिकको सर्वोत्तम हित सदा उच्च प्राथमिकतामा राखेको छ ।

स्वास्थ्यप्रद जनशक्ति नै राष्ट्र निर्माणको मेरुदण्ड हो भन्ने दृढ मान्यतालाई शिरोधार्य गर्दै, यस विकास बैंकले नवजात शिशुको अकाल मृत्यु रोकथाम र जीवन रक्षा गर्न चालेको स्पष्ट पहलकदमी तथा योगदानले हालसम्म करिब ९०० भन्दा बढी नेपाली शिशुहरुको अमूल्य जीवन रक्षा गर्न सफल भएको छ । यस्ता जिवन रक्षण गर्ने अतिप्रमुख क्षेत्रमा नेपालमा रहेका बैंक तथा वित्तीय संस्थाहरू मध्ये ज्योति विकास बैंकले अग्रस्थानमा रही काम गर्दै समाजमा एक सकारात्मक परिवर्तनको बीजारोपण गरेको छ । ज्योति विकास बैंकले उपत्यका र उपत्यकाबाहिर गरी हाल १२१ शाखा कार्यालय, ३ विस्तारित काउन्टर तथा ७५ वटा एटीएम मार्फत बैंकिङ सेवा उपलब्ध गराउँदै आइरहेको छ ।

# बजाजको ‘क्यास सफारी’ अफर, १ लाखसम्म क्यास जित्ने मौका




काठमाडौं(जस)-बजाज मोटरसाइकलको नेपालको लागि आधिकारिक विक्रेता कम्पनी हंशराज हुलासचन्द एण्ड कम्पनीले नेपालीहरुको महान चाड बडा दशैं, तिहार र छठको अवसरमा नयाँ स्किम ‘क्यास सफारी’ ल्याएको छ । ‘हात हातमा हात्ती, लकमा लखपति’ को सन्देश सहित यसपालीको चाडपर्व विशेष हुने कम्पनीले जनाएको छ ।

बजाजको यस योजना अन्तर्गत ग्राहकहरुले हरेक बजाजको खरिदमा स्योर सट रुपमा १ लाखसम्म क्यास जित्न सक्नेछन् भने साप्ताहिक-ड्र अन्तर्गत हरेक हप्ता एक जोडीले चितवनमा जंगल सफारीको अवसर पाउनेछन् । त्यसैगरी बम्परमा एक जोडीले केन्यामा जंगल सफारीको अवसर पाउनेछन् ।

कम्पनीका हेड अफ मार्केटिङ अमित राज चालिसेले भने, ‘हरेक वर्ष झैं यस वर्ष पनि हामीले ग्राहकमाझ चाडपर्वको अवसर पारेर आकर्षक स्किम लिएर आएका छौं । यस्ता स्किमहरु मार्फत ग्राहकहरुलाई फरक किसिमको अनुभव प्रदान गर्नु बजाजको प्रतिबद्धता रहँदै आएको छ । यस वर्ष पनि बजाजले ग्राहकहरुको चाड विशेष बनाउने हामी विश्वस्त रहेका छौं ।’ बजाजले ग्राहकहरुका लागि रोमाञ्चक योजना र अफरहरु ल्याउँदै आइरहेको छ । इजी फाइनान्स र ५०% डाउनपेमेन्टको अफर पनि यस चाडपर्वमा लागू हुनेछ ।

# आरबीबी म्युचुअल फन्डको लाभांश घोषणा

RBB MUTUAL FUND

काठमाडौं(जस)-आरबीबी मर्चेन्ट बैंकिङ लिमिटेडले म्युचुअल फन्डको लाभांश घोषणा गरेको छ । बिहीबार बसेको सञ्चालक समितिको बैठकले आरबीबी म्युचुअल फन्ड १ र २ को लाभांश घोषणा गरेको हो ।

बैठकले आरबीबी म्युचुअल फन्ड १ को करसहित ३.८१ प्रतिशत नगद लाभांश दिने निर्णय गरेको छ । आरबीबी म्युचुअल फन्ड-२ को करसहित ८.७४ प्रतिशत नगद लाभांशको निर्णय भएको जनाइएको छ । भदौ ३१ गते फन्डको बुक क्लोज मिति तय गरिएको छ । यसअनुसार भदौ ३० गतेसम्म कायम सेयरधनीले लाभांश पाउनेछन् ।

# पशुपती रिन्यूएबल्सको आईपीओ निष्काशन बिक्री प्रबन्धकमा एनएमबि क्यापिटल

काठमाडौं(जस)-पशुपती रिन्यूएबल्सले आईपीओ निष्काशन गर्ने भएको छ । कम्पनीले सो प्रयोजनको लागि धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकमा एनएमबि क्यापिटललाई नियुक्त गरेको छ । उक्त सम्झौतामा कम्पनीका तर्फबाट अध्यक्ष डा. सन्दिप शाह तथा एनएमबि क्यापिटलको तर्फबाट प्रमुख कार्यकारी अधिकृतदीपेश कुमार वैद्यले सम्झौतापत्रमा हस्ताक्षर गरेका छन् ।




नियामक निकायबाट तोकिएका सम्पूर्ण प्रक्रिया तथा आवश्यकताहरु पूरा गरी यथासम्भव छिटो निष्काशनको प्रक्रिया अगाडी बढाउने कम्पनीका अध्यक्ष शाहले बताए । वैकल्पिक ऊर्जामा लगानी गर्न स्थापना भएको उक्त कम्पनीले हाल १० मेगावाटको धरमनगर सोलार फार्म आयोजना पहिलो र १५ मेगावाटको धरमनगर सोलार फार्म दोस्रो आयोजना यथाशीघ्र सञ्चालनमा ल्याउने तयारी गरिरहेको छ ।

जनसवाल पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित, कार्यालयः दरबारमार्ग, काठमाडौं, फोन/फ्याक्सः ०१-५३६५६९७/५३२१८४९, मुद्रकः एक्सप्रेस कलर प्रेस प्रा.लि., E-mail janasawalnews@gmail.com, अध्यक्ष/सम्पादकः रामजी बगाले